# भूमि शब्दावली

# Land Terminology

सामाजिक सद्भाव तथा लोकतान्त्रिक सहभागिता कार्यक्रम
संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी)

UNDP
50 YEARS
Empowered lives. Resilient nations.

# भूमि शब्दावली
## (Land Terminology)

सामाजिक सद्भाव तथा लोकतान्त्रिक सहभागिता कार्यक्रम
संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी)

UNDP 50 YEARS
Empowered lives. Resilient nations.

**प्रतिलिपि अधिकार** ©: सामाजिक सद्भाव तथा लोकतान्त्रिक सहभागिता कार्यक्रम, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी)

**भदौ २०७३**

**साजसज्जा:** हिमाल श्रेष्ठ

**मुद्रण:** समा प्रिन्टर्स (प्रा.लि.)

**ISBN : 978 - 9937 - 0 - 1536 - 3**

---

**भूमिसम्बन्धी यो शब्दावली युएनडीपीको सामाजिक सद्भाव तथा प्रजातान्त्रिक सहभागिता कार्यक्रमका लागि डिलराज खनालले तयार पार्नुभएको हो । भूमिसँग सम्बन्धित संवादका लागि संग्रह गरिएको यो शब्दावलीले युएनडीपीको विचार वा धारणालाई प्रतिनिधित्व गर्दैन ।**

# प्राक्कथन

भूमिसम्बन्धी मुद्दा नेपालमा दश वर्षे सशस्त्र द्वन्द्वको प्रमुख उत्प्रेरकमध्येको एक थियो । सन् २००६ मा हस्ताक्षर भएको विस्तृत शान्ति सम्झौतामा भूमिसम्बन्धी सवालहरूलाई सम्बोधन गरी शान्ति प्रक्रियालाई अघि बढाउने प्रतिबद्धता जनाइएको थियो । यद्यपि ती प्रतिबद्धता पूर्णरूपमा लागू हुन सकेका छैनन् भने भूमिसम्बन्धी मुद्दा अझै जटिल र विवादास्पद रहेको छ ।

नेपालमा नयाँ संविधान जारी भइसकेपछिको परिप्रेक्ष्यमा र भूमिसँग सम्बन्धित विभिन्न नीति तथा कानुनहरूको निर्माण र संशोधनको क्रममा भएका संवादलाई रचनात्मक सहयोग पुऱ्याउने उद्देश्यले भूमिसम्बन्धी शब्दहरूको यो संग्रह संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सामाजिक सद्भाव तथा लोकतान्त्रिक सहभागिता कार्यक्रम (Social Cohesion and Democratic Participation Pogramme) ले प्रकाशित गरेको हो ।

राष्ट्रसंघीय शान्ति निर्माण कोषको आर्थिक सहयोगमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी), अन्तर्राष्ट्रिय आप्रवासन संगठन (IOM) र संयुक्त राष्ट्रसंघीय मानव बसोबास कार्यक्रम (UN-Habitat) ले कार्यान्वयन गर्ने गरी शान्ति तथा पुनःनिर्माण मन्त्रालय, भूमि सुधार तथा व्यवस्था मन्त्रालय र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयसँगको साझेदारीमा संचालित "महिलाहरूका लागि महिला सशक्तीकरणः नेपालमा दीगो शान्तिका लागि भूमिमा पहुँच" परियोजनाअन्तर्गत यो प्रकाशन तपाईंसमक्ष ल्याउन पाएकोमा हामी खुशी छौं ।

भूमिसम्बन्धी संवादहरूलाई थप रचनात्मक र परिणाममुखी बनाउनका लागि भूमिसम्बन्धी विषयवस्तुहरूमा साझा बुझाइको विकास गर्न सघाउने प्रयासस्वरूप यो शब्दावली संग्रह गरिएको हो । यो शब्दावलीको मस्यौदालाई विभिन्न समूहहरू विशेष गरी राजनीतिक दल, भूमि अधिकारकर्मीहरू, आदिवासी, दलित र मधेशी समुदाय, भूमिविद्हरू लगायतले विभिन्न चरणका संवादहरूमा दिनुभएको सुझावहरूलाई आधार बनाएर परिष्कृत गर्दै प्रकाशनयोग्य बनाइएको जानकारी गराउन चाहन्छु । यहाँ संग्रह गरिएका शब्दहरूको अर्थ र परिभाषाले नेपाल सरकार वा युएनडीपीको आधिकारिक धारणाको प्रतिनिधित्व गर्दैनन् । पाठकहरूलाई शब्दहरूको अर्थ र परिभाषाको स्रोतसम्म पुग्न सहयोग होस् भनेर सम्भव भएसम्म सन्दर्भ सामग्री उल्लेख गरिएको छ ।

यो शब्दावलीको प्रकाशनमा सहयोग पुऱ्याउनु हुने साझेदार मन्त्रालयका वरिष्ठ अधिकारीहरू तथा साझेदार निकायहरू IOM र UN-Habitat प्रति आभार प्रकट गर्न चाहन्छु । यो शब्दावली संकलन गर्नुहुने डिलराज खनाल र पुनरावलोकनमा सहयोग पुऱ्याउनु हुने महेन्द्र सापकोटा र भाषा सम्पादन गर्नुहुने इन्द्रध्वज क्षेत्री, शब्दावली निर्माणको सन्दर्भमा महत्त्वपूर्ण सुझाव दिनु हुने सामाजिक सद्भाव तथा लोकतान्त्रिक सहभागिता कार्यक्रमका निमित्त कार्यक्रम प्रबन्धक अजय दास र भूमि संवाद अधिकृत मनोरमा सुनुवारलाई पनि धन्यवाद दिन चाहन्छु ।

**रेनो मेयर**
राष्ट्रिय निर्देशक, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी)

# अनुक्रम


| अ | | पृष्ठ |
|---|---|---|
| अख्तियार | Jurisdiction, authority | १ |
| अग्राधिकार | Preferential rights | १ |
| अचल सम्पत्ति | Immovable property | १ |
| अतिक्रमण | Encroachment | २ |
| अर्धन्यायिक निकाय | Quasi judicial organs | २ |
| अधियाँ | Sharecropping | २ |
| अनुकूलन | Adaptation | ३ |
| अनुपस्थित जग्गाधनी | Absentee landlord | ३ |
| अनुपस्थित स्वामित्व | Absentee ownership | ३ |
| अन्तरप्रादेशिक स्रोत साधन | Inter-regional/inter-zonal/ inter-provincial resources | ४ |
| अन्तरपुस्ता समन्याय | Inter-generational equity | ४ |
| अपुताली | Heirless property | ४ |
| अब्बल जग्गा | First graded agricultural land | ४ |

| अ | | पृष्ठ |
|---|---|---|
| अव्यवस्थित बस्ती | Slum | ५ |
| अव्यवस्थित बसोबास | Unplanned settlement | ५ |
| अमिन | Land surveyer | ५ |
| अमूर्त सम्पत्ति | Intangible Property | ५ |
| अल्पसंख्यक | Minorities | ६ |
| अंश | Share, portion | ६ |
| अंशबण्डा | Partition | ६ |
| अंशियार | Shareholder, partner | ६ |
| असामी | Borrower, debtor | ७ |
| असुल उपर | Recover | ७ |
| असुरक्षित बसोबास | Insecure settlement | ७ |

## आ

| | | पृष्ठ |
|---|---|---|
| आकाशे कित्ता | Imaginary plot | ७ |
| आत्मनिर्भर | Self–reliance | ८ |
| आत्मनिर्णय | Self–determination | ८ |
| आदिवासी/जनजाति | Indigenous Peoples | ८ |
| आबादी | Cultivated land | ८ |
| आरक्ष | Wildlife reserve | ९ |
| आरक्षण | Special reservation | ९ |
| आरक्षित क्षेत्र | Reserved areas | १० |
| आवासको हक | Right to housing | १० |
| आवासीय क्षेत्र | Settlement areas | १० |

## उ

| | | पृष्ठ |
|---|---|---|
| उकास | An elevated land | ११ |
| उखडा जग्गा | Ukhada land – a kind of land ownership system | ११ |
| उधौली उभौली | Transhumance | १२ |
| उठीबास | Eviction | १२ |

## उ

| | | पृष्ठ |
|---|---|---|
| उब्जनी | Production, yield | १२ |
| उत्पादकत्व | Productivity | १२ |
| उर्वर | Fertile | १३ |
| उपभोक्ता | Consumer | १३ |
| उपभोक्ता समिति | User Group | १३ |

## ऋ

| | | पृष्ठ |
|---|---|---|
| ऋण | Loan | १४ |

## ए

| | | पृष्ठ |
|---|---|---|
| एकल महिला | Single woman | १४ |
| एकाघर | Joint family | १५ |
| एक गाउँ एक उत्पादन | One village – One product | १५ |

| ऐ | | पृष्ठ |
|---|---|---|
| ऐन | Act | १५ |
| ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक तथा पर्यटकीय क्षेत्र | Historical, cultural, religious, archaeological and tourist area | १६ |
| ऐलानी | Uncultivated government owned land | १६ |

| ओ | | पृष्ठ |
|---|---|---|
| ओइरान | Slopping | १७ |

| औ | | पृष्ठ |
|---|---|---|
| औद्योगिक क्षेत्र | Industrial area | १७ |
| औली | A kind of festival | १८ |

| औ | | पृष्ठ |
|---|---|---|
| औल क्षेत्र | Leveled land in Terai-Madesh, valley or inner valley | १८ |

| क | | पृष्ठ |
|---|---|---|
| कछाड | Undeveloped place | १८ |
| कपाली तमसुक | Unsecure pledge deed | १९ |
| कबुलियत | Agreement, bond, assurance, concession | १९ |
| कबुलियती वन | Leasehold forest | १९ |
| कब्जा | Control | १९ |
| कम्लह्री | Kamlahri - a kind of bondage labour system | २० |
| कमैया | Bonded Labourer | २० |
| कमैया श्रम | Labour work of bonded Labour | २० |
| कमैया श्रमिक | Bonded Labourers | २१ |

## क

| | | पृष्ठ |
|---|---|---|
| कमैया ऋण/सौंकी | Kamaiya loan/ Saunki – loan taken by Kamaiya labourer | २१ |
| कर | Tax | २१ |
| करार | Contract | २१ |
| करार खेती | Contract farming | २२ |
| कर्जा | Loan | २२ |
| कर्जा सुरक्षण | Guarantee of credit | २२ |
| कानुनी सहायता | Legal Assistance | २३ |
| कारोबार खर्च | Transaction costs | २३ |
| किल्ला | Border, compound | २३ |
| किस्ताबन्दी | Pay on installment, periodic payment | २३ |
| कित्ता | Plot, Parcel | २४ |
| कित्ता नम्बर | Plot number | २४ |
| कित्ताकाट | Division of land, plot subdivision | २४ |
| कित्तानापी | Cadastral survey | २४ |
| किसान, कृषक | Farmer, peasant | २४ |

## क

| | | पृष्ठ |
|---|---|---|
| किसान अधिकार | Farmer's rights | २५ |
| किपट | A system of communal land ownership | २५ |
| कुत | Tax to land owner | २५ |
| कृषि | Agriculture, farming | २६ |
| कृषि क्षेत्र | Agricultural land | २६ |
| कृषिजन्य उत्पादन | Agricultural production | २६ |
| कृषि तथा वनजन्य उद्योग | Agro and forest-based enterprise | २७ |
| कृषि-चरिचरन | Agro-pastoralism | २७ |
| कृषि वन | Agro-forestry | २७ |
| कृषि सुधार | Agrarian reform | २८ |
| कृषि श्रमिक/मजदुर | Farming labourer | २८ |

## ख

| | | पृष्ठ |
|---|---|---|
| खण्डीकरण | Fragmentation | २८ |
| खर्क जग्गा | Pasture land | २९ |

## ख

| | | पृष्ठ |
|---|---|---|
| खलो (खले गरो, खले पूजा, खलो प्रथा/खले भाग) | A terrace in the field prepared for harvesting | २९ |
| खलियान/खेन्हवा | A wide place to collect the harvest | २९ |
| खाद्य सम्प्रभुता | Food sovereignty | ३० |
| खाद्य सुरक्षा | Food security | ३० |
| खानी तथा खनिज क्षेत्र | Mining zone | ३० |
| खुल्ला स्रोत | Open access resources | ३१ |
| खेत (गल, गलखेत, डोलखेत, बैंसीखेत, धनहर) | Cultivated land, paddy | ३१ |
| खेतालो | Labourer, farm worker | ३२ |
| खेती | Cultivation, agricultural work, farming | ३२ |
| खेतीवाल | Farmer, peasant | ३२ |
| खोरिया खेती | Shifting cultivation | ३२ |
| खोरिया फँडानी | Slash and burn | ३२ |

## ग

| | | पृष्ठ |
|---|---|---|
| गरिब | Poor | ३३ |
| गरिबी | Poverty | ३३ |
| गाउँ | Village | ३३ |
| गाउँ ब्लक | Village block | ३३ |
| गुठी (राजगुठी, छुटगुठी, निजी गुठी, गुठी तैनाथी जग्गा, गुठी नम्बरी जग्गा, गुठी रैतान नम्बरी जग्गा, गुठी अधीनस्थ जग्गा, गुठी जिमीदारी) | Trust | ३४ |
| गुठी संस्थान | Trust corporation | ३६ |
| गैरकृषि जग्गावाला | Absent landowners | ३६ |

## ग

| | | पृष्ठ |
|---|---|---|
| ग्लोबल पोजिसनिङ प्रणाली (जिपिएस) | Global Positioning System-GPS | ३६ |

## घ

| | | पृष्ठ |
|---|---|---|
| घडेरी | Site of a house | ३७ |
| घर | House, home | ३७ |
| घर कर | House tax | ३७ |
| घरजग्गा | House and land | ३७ |
| घरजग्गा रोक्का | Restraint | ३७ |
| घरजग्गा फुकुवा | Release | ३८ |

## च

| | | पृष्ठ |
|---|---|---|
| चक्लाबन्दी | Consolidation of lands | ३८ |
| चरिचरन पद्धति | Pastoralism | ३८ |
| चल सम्पत्ति | Movable property | ३९ |
| चल–अचल सम्पत्ति | Transferable-non-transferable assets | ३९ |

## च

| | | पृष्ठ |
|---|---|---|
| चार किल्ला | Four boundary corners of a land | ३९ |
| चिडियाखाना | Zoo | ३९ |
| चुरे क्षेत्र | Chure areas | ४० |

## छ

| | | पृष्ठ |
|---|---|---|
| छुट जग्गा | Unregistered land | ४० |

## ज

| | | पृष्ठ |
|---|---|---|
| जग्गा | Land | ४१ |
| जग्गा आरक्षण | Land reserves | ४२ |
| जग्गा कमाउने व्यक्ति | Tenant | ४२ |
| जग्गा कारोबार | Land transaction | ४२ |
| जग्गा नापजाँच | Land Measurement | ४२ |
| जग्गा दर्ता | Land register) | ४३ |
| जग्गा धनी | Land owner | ४३ |

| ज | | पृष्ठ |
|---|---|---|
| जग्गा प्राप्तिको अधिकार | Eminent domain | ४३ |
| जग्गा व्यवस्थितीकरण | Land pooling | ४३ |
| जग्गा भोगचलन | Landholding | ४४ |
| जग्गा मिच्ने | Land encroachment | ४४ |
| जग्गा मूल्यांकन | Land valuation | ४४ |
| जग्गा विवाद | Land disputes | ४४ |
| जग्गाधनी प्रमाणपुर्जा/लालपुर्जा | Land registration certificate | ४५ |
| जग्गावाला | Landlord | ४५ |
| जग्गा अधिग्रहण | Expropriation | ४६ |
| जग्गा पुनः प्रप्ति | Restitution | ४७ |
| जग्गाको महत्त्व पूर्वानुमान | Land speculation | ४७ |

| ज | | पृष्ठ |
|---|---|---|
| जग्गाको स्वेच्छिक पुनर्वितरण | Voluntary redistribution of land | ४७ |
| जमिनदार | Landlord in Terai | ४८ |
| जलस्रोत | Water resources | ४८ |
| जिन्सी | Commodity | ४८ |
| जिम्मावाल | Landlord in hills | ४८ |
| जिमिदारी | Landlordship | ४८ |
| जीविकोपार्जन | Livelihood | ४८ |
| जैविक मार्ग | Corridor | ४९ |
| जोखिम एवं अतिसंवेदनशील समूहहरू | Vulnerable Groups | ४९ |
| जोताहा (जोताहा निस्सा, जोताहा हक, जोताहा पुर्जा) | Farmer | ४९ |

| झ | | पृष्ठ |
|---|---|---|
| झोरा क्षेत्र | Newly cultivated Land | ५० |

| ट | | पृष्ठ |
|---|---|---|
| ट्रष्ट | Trust | ५० |

| ठ | | पृष्ठ |
|---|---|---|
| ठेक्का | Lease, contract | ५१ |

| त | | पृष्ठ |
|---|---|---|
| तटीय अधिकार | Riparian Rights | ५१ |
| तमसुक | Bond | ५२ |
| तरल सम्पत्ति | Liquid assets | ५२ |
| तल्सिङ | Land owner | ५२ |
| तालुक | Higher authority | ५२ |
| तालुकदार | Revenue agent | ५२ |
| तालुकवाला | Authority | ५२ |

| थ | | पृष्ठ |
|---|---|---|
| थुम | Small division of land in high hills | ५३ |
| थातथलो | Homeland | ५३ |
| थैली | Price of land | ५३ |

| द | | पृष्ठ |
|---|---|---|
| दपोट | Using of government land without paying tax | ५४ |
| दर्तावाला | Land owner, holder | ५४ |
| दम्पति | Spouses | ५४ |
| दसगजा | Land used for border of countries | ५५ |
| दाइजो | Endowed property | ५५ |
| दोयम | Second class land | ५५ |
| दोहोरो वा द्वैध स्वामित्व | Dual ownership | ५५ |
| दैवी प्रकोप | Natural disasters | ५६ |

## ध

| | | पृष्ठ |
|---|---|---|
| धनीपुर्जा | Land certificate | ५६ |
| धितो वा धितो बन्धक | Mortgage or Security mortgage | ५६ |

## न

| | | पृष्ठ |
|---|---|---|
| नक्सा | Maps | ५७ |
| नक्सा पास | Design permit | ५७ |
| नक्सा फाँट | Survey section | ५७ |
| नगरउन्मुख क्षेत्र | Peri-urban area | ५७ |
| नदी उकास जमिन | Riverine land | ५८ |
| नदी कटान क्षेत्र | Sandy land left by the flowing river | ५८ |
| नम्बरी जग्गा | Registered land | ५८ |
| नाउँसारी | Ownership transfer | ५८ |
| नागरिक | Citizen | ५८ |
| नाबालक | Minor | ५९ |
| नालिस | Lawsuit | ५९ |

## न

| | | पृष्ठ |
|---|---|---|
| नापजाँच | Measurement and evaluation | ५९ |
| नापनक्सा | Drawing of land showing all round measurement | ५९ |
| नापी | Survey, land measurement | ६० |
| निजीकरण | Privatization | ६० |
| निजी क्षेत्र | Private sector | ६० |
| निजी वन | Private forest | ६० |
| निजी जल | Private water | ६१ |
| नियमित दर्ता | Systematic registration | ६१ |
| निवास | Residence | ६१ |

## प

| | | पृष्ठ |
|---|---|---|
| पर्ती | Barren, uncultivated land | ६२ |
| पर्ती दर्ता | Registration of uncultivated land to cultivate | ६२ |

| प | | पृष्ठ |
|---|---|---|
| प्रथाजनित भूमि अधिकार | Customary land rights | ६२ |
| परम्परागत सिंचाइ प्रणाली | Farmers-managed irrigation system -FMIS | ६३ |
| परम्परागत ज्ञान | Traditional knowledge | ६३ |
| परिवार | Family | ६३ |
| पशु | Livestock | ६४ |
| पुनर्वास | Rehabilitation, resettlement | ६५ |
| पुनर्निर्माण | Reconstruction | ६५ |
| पूर्वसावधानी | Precaution | ६५ |
| पूर्वाधार संरचना | Infrastructures | ६६ |
| पुर्जा | Receipt | ६६ |
| पूर्णाधिकार सुरक्षाका लागि गणना | Enumerations for tenure security | ६६ |
| पुरूष-प्रधान उत्तराधिकार | Patrilineal inheritance | ६७ |
| पैतृक सम्पत्ति | Inheritance property | ६७ |
| पोत | Land tax | ६७ |
| प्रतिकूल भोग | Adverse possession | ६७ |
| प्रदेश | Province | ६८ |
| प्राकृतिक सिमाना | Natural border | ६८ |

| फ | | पृष्ठ |
|---|---|---|
| फौजदारी-कानुन | Criminal law | ६८ |

| ब | | पृष्ठ |
|---|---|---|
| बस्ती | Settlement | ६९ |
| बन्धकी तमसुक | Mortgage deed | ६९ |
| बकस | Reward, prize, gift, present, tips | ६९ |
| बकसपत्र | Deed of legacy/gift | ६९ |
| बगर | Sandy land | ६९ |

| ब | | पृष्ठ |
|---|---|---|
| बजार | Market | ७० |
| बन्धक | Pledge | ७० |
| बन्धकी (दृष्टिबन्धकी, भोगबन्धकी, लखबन्धकी) | Mortgage | ७० |
| बादी समुदाय | Marginalized communities | ७१ |
| बारी (घरबारी, खरबारी खऱ्यान, खेतबारी) | Cultivated land without irrigation | ७१ |
| बाली | Harvest, crop | ७२ |
| बालीनाली | Harvested crops | ७२ |
| बासिन्दा | Inhabitant | ७२ |

| ब | | पृष्ठ |
|---|---|---|
| बिर्ता (अग्रहार, खुवा बिर्ता, गुठी बिर्ता, छाप बिर्ता, दाइजो बिर्ता, पाखा बिर्ता, पाटी बिर्ता, पोता बिर्ता, फिक बिर्ता, बितलब बिर्ता, बेख बिर्ता, माफी बिर्ता, सट्टा बिर्ता, सुन बिर्ता, सेवा बिर्ता, सोह्रानी, तिरूवा माफी बिर्ता, तिरूवा बिर्ता) | Granted land | ७२ |
| बिर्तावाल | Owner of granted land | ७५ |
| बेनिस्सा | Land without records | ७५ |

| भ | | पृष्ठ |
|---|---|---|
| भवन | Building | ७६ |
| भवन निर्माण | Construction of building | ७६ |
| भूकम्प प्रभावित क्षेत्र | Earthquake affected zone | ७६ |
| भू-उपयोग | Land use | ७६ |
| भूमि | land, field | ७७ |
| भूमि अतिक्रमण | Land grabbing | ७७ |
| भूमि अधिकारको स्रोत | Continuum of land rights | ७८ |
| भूमि आयोग | Land commission | ७८ |
| भूमि एकीकरण | Land consolidation | ७८ |
| भूमि प्रशासन | Land administration | ७९ |
| भूमि बैंक | Land bank | ७९ |
| भूमिमा आदिवासी पूर्णाधिकार | Indigenous tenure systems | ७९ |
| भूमिमा आधारित लगानी | Land-based financing | ८० |

| भ | | पृष्ठ |
|---|---|---|
| भूमिमा स्वतन्त्र अधिकार | Free hold | ८० |
| भूमि तथ्यांक | Land records | ८० |
| भूमि द्वन्द्व | Land conflict | ८० |
| भूमि बन्धक | Land mortgage | ८१ |
| भूमि बिक्री | Alienation of land | ८१ |
| भूमि व्यापार | Land market | ८१ |
| भूमि व्यवस्थापन | Land management | ८१ |
| भूमि वितरण | Land allocation/distribution | ८२ |
| भूमिको पुनर्वितरण | land redistribution | ८२ |
| भूमि वर्गीकरण | Land Classification/zoning | ८३ |
| भूमि विखण्डन | Plotting, land fragmentation | ८३ |
| भूमिहीन | Landlessness | ८४ |
| भूमिहीन किसान | Landless Peasants | ८४ |
| भूमिमा पहुँच | Access to land | ८४ |
| भूमि पुनर्स्थापना | Land reclamation | ८५ |

## भ

| | | पृष्ठ |
|---|---|---|
| भूमिमा पूर्णाधिकार | Land tenure | ८५ |
| भूमिमाथिको कानुनी अधिकार | Statutory land rights | ८५ |
| भूमिसम्बन्धी ऐन | Land Act | ८६ |
| भूमि सुधार (क्रान्तिकारी भुमिसुधार, वैज्ञानिक भुमिसुधार, सुधारमुखी भूमि सुधार, पूनर्वितरणमूखी भूमि सुधार, रूपान्तरणमुखी भूमि सुधार) | Land reform | ८६ |
| भूमि सुशासन | Land governance | ८७ |
| भूमि सुशासनसम्बन्धी स्वेच्छिक मार्गदर्शन | VGGT | ८८ |

## भ

| | | पृष्ठ |
|---|---|---|
| भूमि सूचना प्रणाली | Land information systems | ८८ |
| भू तथा जलाधार संरक्षण | Watershed conservation | ८८ |
| भू-सूचना प्रणाली | Geographical information systems - GIS | ८९ |
| भूस्वामित्व | Land ownership | ८९ |
| भेदभाव विरूद्धको हक | Right against discrimination | ८९ |
| भोगचलन | Usufruct | ९० |
| भोगाधिकार | Right of possession | ९० |

## म

| | | पृष्ठ |
|---|---|---|
| मनोरञ्जन क्षेत्र | Fun park | ९१ |
| मध्यवर्ती क्षेत्र | Buffer zone | ९१ |
| मध्यस्थकर्ता | Mediator, arbitrator | ९१ |
| महसुल | Fee, duty, tax, tariff, charge | ९१ |

| म | | पृष्ठ |
|---|---|---|
| मालपोत | Land tax | ९२ |
| मानव अधिकार | Human rights | ९२ |
| मिजार | A revenue agent | ९२ |
| मिझा | A revenue agent | ९२ |
| मिलापत्र | Bond of reconciliation | ९३ |
| मुआब्जा | Compensation | ९३ |
| मुखिया | Chief of village | ९३ |
| मुक्त कमैया | Freed bonded Labourer | ९३ |
| मुलतबी | Postponed, suspended, pending | ९३ |
| मुलुकी ऐन | Civil code | ९४ |
| मेलापात | Farming, husbandry | ९४ |
| मेलो | Work to be done by a labourer in a day | ९४ |
| मेलमिलाप | Mediation | ९४ |
| मोठ/मोठ श्रेस्ता | Record, evidence | ९४ |
| मोही | Tenant | ९५ |

| म | | पृष्ठ |
|---|---|---|
| मोहिया | Tenant | ९५ |
| मोहीयानी हक | Tenancy rights | ९५ |
| मोही निस्कासन | Termination of tenant | ९६ |
| मौजा | Union of village or land | ९६ |
| मौलिक हक | Fundamental rights | ९६ |

| र | | पृष्ठ |
|---|---|---|
| रकम जग्गा | Conditional land | ९७ |
| रजबन्धक | Mortgaged by a king | ९७ |
| रजिष्ट्रेसन | Registration | ९७ |
| राजस्व | Royalty | ९७ |
| राजीनामा | Deeds | ९८ |
| राज्यको नीति | State policy | ९८ |
| राष्ट्र | Nation | ९८ |
| राष्ट्रिय सम्पदा | National heritages | ९९ |

## र


| | | पृष्ठ |
|---|---|---|
| राष्ट्रिय वन | National forest | ९९ |
| राष्ट्रिय निकुञ्ज | National park | ९९ |
| रूक्का | Order, rule, command | ९९ |
| रूख अधिकार | Tree rights | १०० |
| रैकर | Demesne | १०० |
| रैतानी | Tenancy | १०० |
| रोक्का पुर्जी | Prevention | १०० |
| रोहबर | In front, acquaintance | १०० |


## ल


| | | पृष्ठ |
|---|---|---|
| लगत | Records | १०१ |
| लगतफाँट अड्डा | Land record office | १०१ |
| लालमोहर | Mitten | १०१ |
| लिखत | Official document | १०१ |


## व


| | | पृष्ठ |
|---|---|---|
| वन तथा संरक्षित क्षेत्र | Forest and protected areas | १०२ |
| वन पैदावार | Forest products | १०२ |
| वन्यजन्तु | Wildlife | १०३ |
| वंशज | Descent | १०३ |
| वसियतनामा | Bequest | १०३ |
| वातावरण | Environment | १०३ |
| वादी | Law suitor, plaintiff, applicant | १०४ |
| विकासको अधिकार | Rights to development | १०४ |
| विशेष आर्थिक क्षेत्र | Special Economic Zone-SEZ | १०४ |
| वैकल्पिक विवाद समाधान | Alternative dispute resolution | १०५ |
| व्यावसायिक क्षेत्र | Industrial areas | १०५ |

| श | | पृष्ठ |
|---|---|---|
| शहरी क्षेत्र | Urban area | १०६ |
| शेषपछिको बकसपत्र | Deed of legacy given after death | १०६ |
| श्रमिक | Labour | १०६ |
| श्रीसम्पत्ति | Entire Property | १०६ |

| स | | पृष्ठ |
|---|---|---|
| सकारनामा | A bond of promising paper | १०७ |
| संयुक्त मोही | Joint tenant | १०७ |
| संयुक्त आवास भवन | Joint apartment/complex | १०७ |
| सगोल | Common, joint | १०८ |
| संक्रमणकालीन क्षेत्र | Transitional zone | १०८ |

| स | | पृष्ठ |
|---|---|---|
| समतामूलक वितरण | Equitable Distribution | १०८ |
| समानताको हक | Right to equality | १०८ |
| सम्पत्ति | Property | १०९ |
| सम्पत्ति अधिकार | Property rights | १०९ |
| सम्पत्ति अधिकारको निर्धारण | Adjudication of property rights | ११० |
| संयुक्त लालपुर्जा | Joint land registration certificate | ११० |
| सरकारी जग्गा | Government land | १११ |
| संरक्षित वन | Protected forest | १११ |
| संरक्षण क्षेत्र | Conservation areas | १११ |
| संरक्षित क्षेत्र | Protected areas | १११ |
| सहरी योजना | Town planning | ११२ |

| स | | पृष्ठ |
|---|---|---|
| सर्वाधिकार | Bundle of rights | ११२ |
| सर्वेक्षण | Survey | ११३ |
| संवैधानिक निकाय | Constitutional body | ११३ |
| सहकारी संस्था | Cooperative | ११३ |
| सहभागिता अधिकार | Rights to participation | ११४ |
| साँध | Boundary | ११४ |
| साना किसान | Small farmers | ११४ |
| सामन्त | Feudal | ११५ |
| सामन्तवाद | Feudal system | ११५ |
| सामन्ती भूस्वामित्व | Feudal land ownership | ११५ |
| सामन्त जमिन्दार | Feudal landlord | ११५ |
| सामाजिक न्याय | Social justice | ११६ |
| सामुदायिक सम्पत्ति | Common property | ११६ |
| सामूहिक स्वामित्व | Communal ownership | ११६ |

| स | | पृष्ठ |
|---|---|---|
| सामुदायिक भूमि अधिकार | Community land rights | ११६ |
| सामुदायिक वन | Community Forest | ११७ |
| सार्वजनिक हित | Public interest | ११७ |
| सार्वजनिक जग्गा | Public land | ११७ |
| सार्वजनिक स्थान | Public place | ११७ |
| सांस्कृतिक भू-भाग/भू-क्षेत्र | Cultural Territory | ११८ |
| सिंचाइ | Irrigation | ११८ |
| सिमसार | Wetlands | ११८ |
| सीमान्तीकृत | Marginalized | ११९ |
| सुकुम्बासी | Landless | ११९ |
| सुक्खाजर्ती | Concession given at draught and loss of crops | ११९ |
| स्वच्छ वातावरणको हक | Right regarding clean environment | १२० |

## स

| | | पृष्ठ |
|---|---|---|
| स्थानीय तह | Local level | १२० |
| स्थानीय निकाय | Local bodies | १२० |
| स्वतन्त्रतापूर्वकको पूर्वसूचित सहमति | (Free prior informed consent-FPIC | १२० |
| स्वामित्व | Ownership | १२१ |

## ह

| | | पृष्ठ |
|---|---|---|
| हकवाला | Beneficiary | १२१ |
| हकदावी | Claim | १२१ |
| हदबन्दी | Land ceiling | १२२ |
| हदम्याद | Time limitation | १२२ |
| हली | Ploughman | १२२ |
| हलिया | Bonded labourer working as a ploughman | १२२ |
| हरूवाचरूवा | A kind of bonded Labour | १२३ |

## क्ष

| | | पृष्ठ |
|---|---|---|
| क्षतिपूर्ति/मुआब्जा | Compensation | १२३ |

# अ

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **अख्तियार** (Jurisdiction, authority) | प्रचलित कानुनअनुसार दिइएको वा पाएको हक अधिकार वा अधिकार क्षेत्रलाई अख्तियार भनिन्छ, जसका आधारमा अख्तियार पाएको व्यक्ति, समुदाय वा निकायलाई सोहीअनुसार काम गर्ने आधार र हक रहेको हुन्छ । |
| **अग्राधिकार** (Preferential rights) | कुनै विषयवस्तुमा कसैलाई पहिलो अधिकार दिनुलाई अग्राधिकार भनिन्छ । *नेपालको संविधान*मा राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकूल दीगोरूपमा उपयोग गर्ने र यसबाट प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्दा स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिने व्यवस्था गरिएको छ *(नेपालको संविधान, धारा ५१)* । |
| **अचल सम्पत्ति** (Immovable property) | अचल सम्पत्ति-भन्नाले जग्गा जमिन, त्यसबाट हुने लाभ, जमिनमा जडिएका चीजबस्तु समेत जनाउँछ (*नेपाल कानुन व्याख्या सम्बन्धी ऐन २०१०*) । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **अतिक्रमण** (Encroachment) | आफ्नो अधिकार नभएको क्षेत्रमा गैरकानुनीरूपमा अधिपत्य जमाउनुलाई अतिक्रमण भनिन्छ, जस्तै : राष्ट्रिय वनको अतिक्रमण, भूमि अतिक्रमण वा निजी जग्गाको अतिक्रमण यसका केही उदाहरण हुन् । |
| **अर्धन्यायिक निकाय** (Quasi judicial organs) | अर्धन्यायिक निकाय भन्नाले अदालतबाहेक मुद्दाको कारवाही र किनारा गर्न अधिकार पाएको अन्य निकायलाई जनाउँछ *(मेलमिलापसम्बन्धी ऐन २०६८)* । जस्तै : जिल्ला प्रशासन कार्यालय, जिल्ला भूमि सुधार कार्यालय, जिल्ला वन कार्यालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको कार्यालय, मेलमिलाप परिषद्, स्थानीय निकाय आदि अर्धन्यायिक निकाय हुन् । त्यस्तै आदिवासी जनजाति समुदायका परम्परागत न्यायिक पद्धतिसँग सम्बन्धित अनौपचारिक संरचनालाई पनि अर्धन्यायिक संरचनाको रूपमा मान्दै आएको पाइन्छ । यद्यपि, यस्ता संरचनाको निर्णयलाई औपचारिक कानुनले मान्यता दिएको हुँदैन । |
| **अधियाँ** (Sharecropping) | जग्गा-जमिनमा हुने उब्जा मोही र तल्सिङमा आधा-आधा गरी बाँड्ने शर्तमा खेती गर्ने चलन तथा प्रथालाई अधियाँ भनिन्छ र यसलाई बटैया पनि भन्ने गरिन्छ *(नेपाली बृहत् शब्दकोश २०६७)* । सामान्यतया कृषि कार्य गर्ने सदस्य कम भएका परिवारले कृषि कार्य गर्न सक्ने परिवार बढी भएका किसान परिवारलाई आफ्नो जमिनमा अधियाँ खेती गर्न दिने प्रचलन रहेको हुन्छ । जग्गा अधियाँ गरेबापत जग्गामा स्वामित्व सिर्जना नहुने मान्यता रहँदै आएको छ (FAO, 2003) । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **अनुकूलन** (Adaptation) | जलवायु परिवर्तनका कारणबाट सिर्जित परिस्थितिमा विभिन्न उपायहरू अवलम्बन गरी जीवनयापन गर्ने क्षमतामा अभिवृद्धि गर्नु नै अनुकूलन हो । अनुकूलनका उपायहरूको माध्यमबाट वास्तविक र सम्भावित जलवायु परिवर्तनका कारण सिर्जित चुनौती वा जोखिम मोलेर मानव निर्मित वा प्राकृतिक वातावरणमा समाहित हुने अवसरहरूको खोजी गरिन्छ । अन्य वैकल्पिक उपायहरूका अतिरिक्त भूमि तथा वन व्यवस्थापनका माध्यमबाट पनि अनुकूलन क्षमतामा अभिवृद्धि गर्न सकिन्छ । |
| **अनुपस्थित जग्गाधनी** (Absentee landlord) | आफ्नो जग्गा र खेतीपाती भए पनि उक्त जग्गामा आफैँ खेती नगरी अरू कसैलाई कमाउन दिने जग्गाधनीलाई अनुपस्थित जग्गाधनी भनिन्छ । अनुपस्थित जग्गाधनीको रूपमा जग्गा राख्न पाइने वा नपाइने भन्ने बारेमा विभिन्न मत रहेका छन् । नेपालको भू-उपयोग नीतिको मस्यौदामा जग्गाधनीले अनुपस्थित जग्गा राख्न नपाइने व्यवस्था प्रस्ताव गरिएको छ । |
| **अनुपस्थित स्वामित्व** (Absentee ownership) | जग्गा आफ्नो नाममा दर्ता गरी स्वामित्व सिर्जना गरी खेतिपाती नगरी जग्गा ओगटेर राख्ने कार्यलाई अनुपस्थित स्वामित्व भनिन्छ । विगतमा खेती गरिँदै आए पनि लामो समयदेखि बाँझो राखिएका वा घडेरीको रूपमा जग्गा खरिद गरी लामो समय अनुत्पादकरूपमा जग्गा ओगट्नुलाई पनि अनुपस्थित स्वामित्वको रूपमा लिइन्छ । नेपालको संविधानको धारा ५१ ले अनुपस्थित भू-स्वामित्वलाई निरूत्साहित गर्ने नीति लिएको छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **अन्तरप्रादेशिक स्रोत साधन** (Inter-regional/ Inter-provincial resources) | दुई वा दुईभन्दा बढी प्रदेश वा क्षेत्रसँग सम्बन्धित तथा दुई वा दुईभन्दा बढी प्रदेशबीचको समान अधिकार रहेको स्रोत साधनलाई अन्तरप्रादेशिक स्रोत साधन भनिन्छ । जस्तै : दुई वा सोभन्दा बढी प्रदेशहरूको बीच वा सीमामा पर्ने नदी, वनजंगल, हिमाल आदि । |
| **अन्तरपुस्ता समन्याय** (Inter-generational equity) | वर्तमान पुस्ताले आफूले उपयोग गर्दै आएका भूमि लगायतका प्राकृतिक स्रोतको हैसियत र गुणस्तरमा ह्रास नल्याई दीगोरूपमा व्यवस्थापन गरी यस्ता स्रोतहरू भावी पुस्तालाई हस्तान्तरण गर्नुलाई अन्तरपुस्ता समन्याय भन्ने गरिन्छ । यसलाई अर्को अर्थमा विद्यमान प्राकृतिक स्रोतमा अहिलेको पुस्ताको मात्र हक नभई भावी पुस्ताको पनि हक रहेको हुन्छ भनिन्छ । यो अवधारणा दीगो विकासको एक महत्त्वपूर्ण अवधारणा हो । |
| **अपुताली** (Heirless property) | सन्तान नभएका व्यक्तिको जायजेथा वा सम्पत्तिको उपभोग गर्ने निकटतम उत्तराधिकारी नहुने व्यक्तिको धनमाललाई अपुताली भनिन्छ *(नेपाली बृहत् शब्दकोश २०६७)* । अपुतालीमा प्रचलित कानुनबमोजिम नजिकका हकवालाको हक रहन्छ । |
| **अब्बल जग्गा** (First graded agricultural land) | खाद्यान्न उत्पादनको दृष्टिले असल, उत्तम, श्रेष्ठ तथा प्रथम दर्जाको वा एक नम्बरको उब्जाउ जग्गालाई अब्बल जग्गा भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **अव्यवस्थित बस्ती** (Slum) | सहरी क्षेत्र आसपास वा सहरी क्षेत्र हुँदै बगेर जाने नदी क्षेत्रको आसपासमा रहेको प्रायः अव्यस्थितरूपमा रहेको सुकुम्बासी बस्तीलाई अव्यवस्थित बस्ती भन्ने गरिन्छ । |
| **अव्यवस्थित बसोबास** (Unplanned settlement) | सरकारले तोकेको निश्चित अवधिभन्दा अगाडिदेखि सरकारी जग्गामा अव्यस्थित वा अधिकारविहीन अवस्थामा बसोबास गरी आएका नागरिक वा निजप्रति आश्रित परिवारलाई अव्यवस्थित बसोबास भनिन्छ । यस्ता बस्तीहरू प्रायजसो नगरउन्मुख क्षेत्रमा बढी रहेका हुन्छन् भने अन्य क्षेत्रमा पनि कम मात्रामा हुन्छन् । |
| **अमिन** (Land surveyer) | जग्गाजमिन नापजाँच गर्ने काममा खटिएको कर्मचारीलाई अमिन भनिन्छ । विगतमा अमिन सरकारी कार्मचारीको रूपमा मात्र रहने भए पनि हाल निजीरूपमा पनि अमिनको रूपमा काम गर्ने प्राविधिकहरू रहेका छन् । |
| **अमूर्त सम्पत्ति** (Intangible Property) | अमूर्त सम्पत्ति भन्नाले कानुनी हक सृजना गर्ने मालसामान, बहीखाता, सुरक्षित बिक्री करार, लिखत, अधिकारपत्र र मुद्राबाहेकका अन्य चल सम्पत्तिलाई जनाउँछ *(सुरक्षित कारोबार ऐन २०६३)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **अल्पसंख्यक** (Minorities) | अल्पसंख्यक भन्नाले संघीय कानुनबमोजिम निर्धारित प्रतिशतभन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूहलाई जनाउँछ र यो शब्दले आफ्नै जातीय धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ *(नेपालको संविधान, धारा ३०६)* । |
| **अंश** (Share, portion) | अंशको सामान्य अर्थ भाग वा हिस्सा हो । व्यावहारिक अर्थमा अंशले परिवारका सदस्य वा अन्य अंशियारबीच हुने जायजेथाको भागबन्डा र सो भागबन्डाअन्तर्गतको एक खण्डलाई जनाउँछ । |
| **अंशबण्डा** (Partition) | सगोलमा रहेको सबै सम्पत्तिको प्रचलित कानुनबमोजिम अंशियारबीच बाँडफाँड गर्ने कार्यलाई अंशबण्डा भनिन्छ । संविधानमा पैतृक सम्पत्तिमा लैंगिक भेदभाव बिना सबै सन्तानको समान हक हुनेछ भन्ने व्यवस्था गरिएको छ *(नेपालको संविधान, धारा १८)*, जसअनुसार अंशबण्डा गर्दा पनि यो व्यवस्थालाई मान्यता दिनुपर्ने हुन्छ । |
| **अंशियार** (Shareholder, partner) | पुर्ख्यौली सम्पत्ति वा सगोलको सम्पत्तिमा अंश पाउने अधिकार भएको व्यक्ति, अंशको हकदार, अंशको अधिकारी, अंशभागी वा कानुनीरूपमा अंश पाउने वंशहरूको समूह (जस्तै : अंशियार, वंशियार) लाई अंशियार भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **असामी** (Borrower, debtor) | साहुको ऋण तिर्नुपर्ने दायित्व भएको व्यक्ति र सो व्यक्तिले तिर्नु-बुझाउनुपर्ने दायित्वसमेतलाई असामी भनिन्छ । कतिपय ठाउँहरूमा जोताहालाई पनि असामी भन्ने गरिएको पाइन्छ । |
| **असुल उपर** (Recover) | मोहीबाट बालीनाली र असामीबाट रकम उठाउने कामलाई असुल उपर भनिन्छ । बैंक तथा वित्तीय संस्थाले आफ्नो ऋण उठाउने कामलाई पनि असुल उपर भन्ने गर्दछन् । |
| **असुरक्षित बसोबास** (Insecure settlement) | घर बनाएको जग्गाको कानुनी हक नभएको, प्रकोप जोखिम बढी भएको ठाउँमा बसोबास गर्ने, घरको आकार र गुणस्तर असाध्यै कमजोर भएको र जीवन निर्वाहका लागि मात्र बास बसी रहन बाध्य भएको परिवारलाई असुरक्षित बसोबास भनिन्छ । |

# आ

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **आकाशे कित्ता** (Imaginary plot) | लगत तथा अभिलेखमा कित्ता कायम हुन आएको तर वास्तविकरूपमा हुँदै नभएको जग्गाको कित्तालाई आकाशे कित्ता भनिन्छ । यस्ता कित्तालाई कृते कित्ता पनि भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **आत्मनिर्भर** (Self-reliance) | आफ्नै स्रोत साधनमा निर्भर रहन सक्ने क्षमता र गुणस्तरमा रहनुलाई आत्मनिर्भर भनिन्छ र आत्मनिर्भर रहेको अवस्थामा सामाजिक, आर्थिक र वातावरणीय जोखिम तथा परिवर्तनको अवस्थामा पनि त्यस्तो जोखिम बहन गर्न सकिने अवस्था रहेको मानिन्छ *(कृषि विकास रणनीति २०७२)* । |
| **आत्मनिर्णय** (Self-determination) | आधुनिक अन्तर्राष्ट्रिय कानुनमा आत्मनिर्णयको अधिकारलाई समुदाय विशेषको स्वशासनको अवधारणाका रूपमा व्याख्या गर्ने गरिन्छ । यस अवधारणाको अर्थ छुट्टै राष्ट्रको हैसियत भन्ने नभए तापनि कम्तीमा समुदायको भावना र संस्कृतिको संरक्षण भने सुनिश्चित गरिएको हुन्छ (IIDEA, 2014) । खासगरी आदिवासी समुदायले उपभोग गर्ने भूमि, क्षेत्र र प्राकृतिक स्रोतको सन्दर्भमा यो शब्दको सन्दर्भ आउँछ । |
| **आदिवासी/जनजाति** (Indigenous Peoples) | प्रचलित नेपाल कानुनअनुसार आदिवासी/जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूचीमा निर्धारित भएबमोजिमको जाति वा समुदायलाई जनाउँदछ *(आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८)* । |
| **आबादी** (Cultivated land) | खनजोत गरी खेती गरिएको जमिनलाई आबादी भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **आरक्ष** (Wildlife reserve) | आरक्ष भन्नाले संनियमित प्राकृतिक आरक्ष, वन्यजन्तु आरक्ष र शिकार आरक्षलाई जनाउँछ :<br>✦ *संनियमित प्राकृतिक आरक्ष* भन्नाले वैज्ञानिक अध्ययनको निमित्त छुटयाइएको, पारिस्थिकी महत्त्वको वा अन्यथा महत्त्व राख्ने क्षेत्रलाई जनाउँछ ।<br>✦ *वन्यजन्तु आरक्ष* भन्नाले वन्यजन्तु सम्पदा र तिनीहरूको वासस्थानको संरक्षण तथा व्यवस्था गर्न छुट्याइएको क्षेत्रलाई जनाउँछ ।<br>✦ *शिकार आरक्ष* भन्नाले शिकारीहरूलाई शिकार गर्न दिनका निमित्त वन्यजस्तु सम्पदाको व्यवस्थापनका लागि छुट्याइएको क्षेत्रलाई जनाउँछ । |
| **आरक्षण** (Reservation) | संविधानबमोजिम सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिकरूपले विपन्न खस आर्यलगायतका नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम गरिने विशेष व्यवस्थालाई आरक्षण भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **आरक्षित क्षेत्र** (Reserved areas) | कुनै स्थान विशेषमा बसोबास गर्दै आएका लोपोन्मुख समूह वा सीमान्तीकृत जातीय समूहको संरक्षणका लागि विशेषरूपमा तोकिएको क्षेत्र-भौगोलिक एकाइलाई संरक्षित क्षेत्र भनिन्छ । उक्त भूमिमाथिको ती समुदायको अधिकार संरक्षित गर्न तथा बाह्य प्रभाव र बहुमत सङ्ख्यामा रहेका अन्य समुदायको प्रभुत्वबाट जोगाउन विशेष कानुन लागू गरिएका हुन्छन् (IIDEA, 2014) । |
| **आवासको हक** (Right to housing) | नेपालको संविधानले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने व्यवस्था गरेको छ । जसअनुसार कानुनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाउन वा अतिक्रमण गर्न पाइँदैन । नेपालको संविधानको धारा ३७ मा यस विषयमा व्यवस्था गरिएको छ । |
| **आवासीय क्षेत्र** (Settlement areas) | आवासीय क्षेत्र भन्नाले मानिसले वासस्थानका लागि प्रयोग गरेका घरहरू रहेको जग्गालाई जनाउँछ र सो शब्दले घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तबेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरू कुनै काममा प्रयोग गरिएको जग्गा समेतलाई जनाउँछ । यो शब्दले कुनै निश्चित क्षेत्रलाई सरकारले बसोबासका लागि घोषणा गरी तोकेको क्षेत्रलाई समेत जनाउँछ *(भू-उपयोग नीति २०७२)* । |

# उ

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **उकास**<br>(An elevated land) | पुरानो जमिनदारी प्रथाअनुसार दुई नम्बरको सिर जग्गालाई उकास भन्ने गरिन्थ्यो । त्यस्तै कसैको हकभोग बाँकी नभई सरकारको हक भएको र चाहिए जति प्रयोग गरेर बाँकी रहेको कुनै ठाउँको जग्गालाई पनि उकास भनिन्छ । |
| **उखडा जग्गा**<br>(Ukhada land - a kind of land ownership system) | उखडा जग्गा भन्नाले जग्गा धनीसँग भएको बोलकबोलबमोजिम जग्गा कमाउने किसानले जग्गाधनीलाई नगदी पोत बुझाउने गरी कमाई आएको जग्गालाई जनाउँछ *(उखडा सम्बन्धी ऐन २०२१)* । जग्गामा कमाउनेको स्वामित्व नभएको यस्तो जग्गाको प्रचलन रूपन्देही, कपिलवस्तु र नवलपरासी जिल्ला (साविक पाल्ही माझखण्ड, शिवराज र तौलीहवा) मा रहेको थियो । १९८१ सालमा 'क' नं. को फारम खडा गरी जमिनदारले 'उखडा' का नाउँमा दर्ता गरेको यस्तो जग्गा भूमि सुधार ऐन २०२१ लागू भएपछि जमिनदारलाई केही मुआब्जा दिएर कमाउनेका नाउँमा दर्ता गरिएको थियो र सोही समयदेखि उखडा उन्मूलन भइसकेको छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **उधौली उभौली** (Transhumance) | मौसमअनुसार वस्तुभाउ, गाईवस्तु तथा भेडाबाख्रा आदिलाई एक क्षेत्रबाट अर्को क्षेत्रमा चरिचरणका लागि लैजाने प्रथालाई उधौली उभौली भनिन्छ । यो शब्दको बढी प्रचलन पूर्वी नेपालका आदिवासी जनजातिहरूमा रहेको छ भने यस्तै किसिमको प्रचलन पशुपालनमा जीवन निर्भर रहेका संसारभरीका आदिवासी समुदायमा रहेको हुन्छ, जसलाई अन्तर्राष्ट्रिय कानुन र कतिपय राष्ट्रिय कानुनले पनि संरक्षण गरेको हुन्छ । यो प्रथा भूमिमाथिको आदिवासी अधिकारको एउटा महत्त्वपूर्ण आधार हो (FAO, 2003, IIED, 2000) । |
| **उठीबास** (Eviction) | सामान्यरूपमा बसेको ठाउँ वा घरबाट ऋण नतिरेको कारणले साहु वा बैंक तथा वित्तीय संस्था आदिले जबर्जस्ती हटाउने वा बेदखल गर्ने कामलाई उठीबास भनिन्छ । त्यस्तै सरकारले कुनै ठूला विकास परियोजना वा निजी कम्पनीहरूका लागि जग्गा कब्जा गर्ने क्रममा सम्बन्धित जग्गाधनीको मञ्जुरी बेगर बसोबासको क्षेत्रबाट जबरजस्ती उठाउनुलाई पनि उठीबास भनिन्छ । |
| **उब्जनी** (Production, yield) | कुनै पनि ठाउँमा हुने खाद्य तथा उपभोग्य वस्तुको उब्जा, उत्पादन वा बालीलाई उब्जनी भनिन्छ । उब्जनीलाई जग्गाको मूल्यांकनका लागि महत्त्वपूर्ण आधार मानिन्छ । |
| **उत्पादकत्व** (Productivity) | कुनै पनि जमिनले उत्पादन दिनसक्ने हैसियतलाई उत्पादकत्व भनिन्छ र यस्तो उत्पादकत्वलाई दीगोपना दिनका लागि जमिनलाई मलखाद, पानी आदि आपूर्ति गरी माटोको उर्वराशक्तिलाई जोगाई राख्नुपर्ने हुन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **उर्वर** (Fertile) | धेरै उब्जनी हुने जमिनलाई उर्वर भनिन्छ । यस्तो जग्गाको मूल्य र महत्त्व बढी हुने भएकोले उर्वर भूमिमा स्वामित्व बढाउनका लागि प्रतिस्पर्धा हुने गर्दछ । |
| **उपभोक्ता** (Consumer) | उपभोक्ता भन्नाले कुनै उपभोग्य वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्थालाई जनाउँछ *(उपभोक्ता संरक्षण ऐन २०५४)* । |
| **उपभोक्ता समिति** (Users' Group) | उपभोक्ता समिति भन्नाले सामान्यतया निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, मर्मतसम्भार गर्नका लागि आफूहरू मध्येबाट गठन गरेको समितिलाई जनाउँछ *(सार्वजनिक खरिद नियमावली २०६४)* । त्यस्तै *स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४* बमोजिम **उपभोक्ता समिति** भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नका लागि आफूहरू मध्येबाट निश्चित प्रक्रियाबमोजिम गठन गरेको समितिलाई जनाउँछ र यो शब्दले लाभग्राही समूहलाई समेत जनाउँछ । |

# ऋ

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **ऋण**<br>(Loan) | ऋण भन्नाले कुनै चल, अचल सम्पत्ति व्यक्तिगत वा सामुहिकरूपमा धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई व्यक्तिगत वा सामुहिकरूपमा ऋण दिने निकायले निर्धारण गरेको शर्तमा दिने कर्जालाई जनाउँछ । ऋणलाई कर्जा पनि भनिन्छ । *(हेर्नुहोस् - कर्जा)* । |

# ए

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **एकल महिला**<br>(Single woman) | एकल महिला भन्नाले "(१) सम्बन्धविच्छेद गरेकी महिला, (२) विधवा, (३) पैंतीस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला, (४) पाँच वर्षभन्दा बढी समयदेखि पति हराई वा बेपत्ता भएकी महिला, (५) अंशवण्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिला *(एकल महिला सुरक्षा कोष" (सञ्चालन) नियमावली २०७०)* बुझाउँछ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **एकाघर** (Joint family) | अंशबन्डा नभएको, मानो नछुट्टिएको वा भिन्न नभएको र सगोलमा बसेको परिवारलाई एकाघर भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)*। |
| **एक गाउँ एक उत्पादन** (One village, one product) | गाउँलाई स्वाबलम्बी बनाउन र आर्थिक आर्जनका लागि पकेट कार्यक्रमअन्तर्गत एउटा गाउँ वा इलाकामा एक खालको उत्पादन वा उद्यम प्रवर्धन गर्ने कार्यलाई एक गाउँ एक उत्पादन भन्ने गरिन्छ । यो कार्यक्रम नेपाल सरकारद्वारा निजी क्षेत्रको सहभागितामा लागू गरिएको हो । |

# ऐ

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **ऐन** (Act) | देशको मूल कानुन र राष्ट्रले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयनका लागि कुनै विषय वा कार्यलाई व्यवस्थितरूपमा गर्न/गराउन संसदले तर्जुमा गरेको कानुनलाई ऐन भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक तथा पर्यटकीय क्षेत्र** (Historical, cultural, religious, archaeological and tourist area) | ऐतिहासिक महत्त्वको किल्ला, दरबार, भवन, मठ, मन्दिर, मस्जिद, गुम्बा, मानेलगायत अन्य धार्मिक स्थल, देवालय तथा पर्यटकीय दृष्टिकोणबाट महत्त्वपूर्ण स्थलहरूलाई ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक तथा पर्यटकीय क्षेत्र भनिन्छ । यो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक तथा पर्यटन क्षेत्र भनी सरकारले घोषणा गरी तोकेको क्षेत्रलाई समेत जनाउँछ *(भू-उपयोग नीति, २०७२-मस्यौदा)* । भूमिको यो वर्गीकरण भू-उपयोग प्रयोजनका लागि गरिएको हो र अन्य प्रयोजनका लागि यी शब्दहरूको परिभाषा सोही प्रसंगअनुसार फरक हुनसक्छ । |
| **ऐलानी** (Uncultivated government owned land) | कानुनीरूपमा कसैको नाममा दर्ता नभएको खेतीयोग्य पर्ती जग्गालाई ऐलानी भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । यस्तो जग्गा आवादी गर्नका लागि छुट दिइएको वा नदिइएको गरी दुवै अवस्थाको हुन्छ । जग्गा नापी हुँदाका बखत विभिन्न नम्बरका फारम भरी यस्ता जग्गाहरू आफ्नो नाममा नापी गराउने गरिएको थियो । |

# ओ

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **ओइरान** (Slopping) | सतहसम्म नभई भिरालो परेको पाखो जग्गा र बेलाबेलामा भत्किरहने फस्को पाखो जग्गालाई ओइरान भनिन्छ । |

# औ

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **औद्योगिक क्षेत्र** (Industrial area/ zone) | औद्योगिक क्षेत्र भन्नाले कुनै पनि कार्यस्थल (वर्कसप) वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो संचालन गर्ने प्रयोजनका लागि रहेका घर, टहराहरूले चर्चेका जग्गालगायत सो प्रयोजनका लागि छुट्याइएका जग्गालाई जनाउँछ । यो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रबर्द्धन गर्ने उद्देश्यले सरकारले घोषणा गरी तोकेको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँछ *(भू-उपयोग नीति २०७२-मस्यौदा)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **औली** (Auli, a festival) | धान काटिसकेपछि थारु समुदायद्वारा मनाइने एक उत्सवलाई औली भनिन्छ । |
| **औल क्षेत्र** (Leveled land in Terai-Madesh, valley or inner valley) | बेंसी, भावर, दुन तथा मधेशमा रहेको गर्मी हुने समथर भू-भागलाई औल तथा औल क्षेत्र भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |

# क

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **कछाड** (Uundeveloped place) | सहर, बजार क्षेत्रभन्दा बाहिरको छेउछाउमा रहेको जमिनलाई कछाड भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । त्यस्तै नदी किनारको जमिन, तट, बगर, काठ, खौँच आदिलाई पनि कछाड भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **कपाली तमसुक** (Unsecure pledgedeed) | कुनै चल वा अचल सम्पत्ति धितो नराखी असामीको विश्वासमा ब्याज उल्लेख गरी वा नगरी निश्चित अवधिभित्र साँवा वा ब्याज वा साँवा ब्याज बुझाउने सर्त राखी साहुले असामीबाट लेखाइलिएको कागजलाई कपाली तमसुक भनिन्छ । ग्रामीण क्षेत्रमा कपाली तमसुक अर्धसामन्ती आर्थिक व्यवहारको एउटा महत्त्वपूर्ण आधारको रूपमा रहेको थियो र कतिपय अवस्थामा विपन्न वर्गको शोषणका लागि यो एउटा आधार पनि बनेको पाइन्छ । |
| **कबुलियत** (Agreement, bond, assurance, concession) | आफूले कुनै काम वा प्रयोजनका लागि कबुल गरेको कुरा लेखिएको कागज, प्रतिज्ञापत्र, मन्जुरीनामा, भाकापत्र आदिलाई कबुलियत भनिन्छ । |
| **कबुलियती वन** (Leasehold forest) | कबुलियती वन भन्नाले वनसम्बन्धी कानुनमा उल्लेखित उद्देश्यहरूका लागि प्रचलित कानुनबमोजिम स्थापित कुनै संस्था, वन पैदावारमा आधारित उद्योग वा समुदायलाई वन ऐनबमोजिम कबुलियती वनका रूपमा प्रदान गरिएको राष्ट्रिय वनलाई जनाउँछ *(वन ऐन २०४९)* । |
| **कब्जा** (Control) | कुनै व्यक्ति, वस्तु वा ठाउँ उपर जमाइने अनधिकृत नियन्त्रण वा आधिपत्यलाई कब्जा भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **कम्लह्री** (Kamlahri – a kind of bondage labour system) | अर्काको घरमा बालिका तथा किशोरीलाई काम गर्न राख्ने चलनलाई कम्लह्री प्रथा भनिन्छ । पश्चिम नेपालमा थारू परिवारले अरूका घरमा काम गर्नका लागि बाध्यात्मकरूपमा पठाएका छोरीलाई कम्लह्री भनिन्छ । थारू जोताहा किसानले लिएको ऋणको ब्याजवापत वा जमिन अधियाँमा खेती गर्न दिएबापत आफ्ना छोरीचेलीलाई साहु वा जमिन्दारको घरमा घरायसी कामका लागि कम्लह्री पठाउने प्रचलन रहेको देखिन्छ । एक किसिमको दास प्रथाको रूपमा रहको यो प्रचलन लामो समयसम्म चले पनि हाल यस्तो प्रचलन गैरकानुनी मानिन्छ । |
| **कमैया** (Kamaiya - Bonded labour) | नेपालको सुदूर तथा मध्यपश्चिम क्षेत्रका दाङ, बाँके, बर्दिया कैलाली र कञ्चनपुर जिल्लामा जमिन्दारकै घर वा घर नजिक बसी जमिन्दारको कृषि कार्य र घरायसी कामकाज समेत गर्ने कामदारलाई कमैया भनिन्थ्यो । कमैया प्रथामा आफूले लिएको ऋणको ब्याजवापत ऋणदाताको खेतीपातीलगायत घरमा परिआउने सबै काम कमैयाका परिवारले गर्नुपर्ने चलन थियो । *कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८* लागू भएपछि कमैया प्रथा गैरकानुनी मानिएको हो । |
| **कमैया श्रम** (Labour work of Kamaiya) | कमैया श्रम भन्नाले देहायका कारणबाट बिना ज्याला वा न्यून ज्यालामा ऋणदाताका लागि गर्नुपर्ने श्रम वा सेवालाई जनाउँछ *(कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८)*:<br>(१) आफू वा आफ्नो परिवारले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्नका लागि,<br>(२) पुर्खाले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्नका लागि,<br>(३) ऋणदाता समक्ष कुनै कमैया श्रमिकको जमानी बसेकोमा त्यस्तो कमैया श्रमिकको कमैया ऋण चुक्ता गर्नका लागि । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **कमैया श्रमिक** (Bonded Labourers) | कमैया श्रमिक भन्नाले भैंसवार, गैवार, वर्दिकार, छेकरवार, हरूवा, चरूवा, हली, गोठालो, कमलरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्तिलाई जनाउँछ *(कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८)* । |
| **कमैया ऋण/सौंकी** (Kamaiya loan/ Saunki – loan taken by Kamaiya labourer) | कमैया ऋण भन्नाले ऋणदाताबाट कमैया श्रमिकले लिएको नगदी, जिन्सी वा वस्तुलाई जनाउँछ र सो शब्दले सौकी वा अन्य ऋणसमेतलाई जनाउँछ *(कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८)* । |
| **कर** (Tax) | कानुनबमोजिम राजस्वमा दाखिला हुने गरी नागरिकले अनिवार्यरूपमा सम्बन्धित सरकारी कार्यालयमा दाखिला गर्नुपर्ने विभिन्न प्रकारको रकम (आयकर, मूल्य अभिवृद्धि कर, बिक्री कर, अन्तःशुल्क, आयात कर, निर्यात कर, बाटो कर, मालपोत आदि) लाई कर भनिन्छ र कानुनबमोजिम बाहेक कर लगाउन पाइँदैन *(नेपालको संविधान, धारा ११५)* । |
| **करार** (Contract) | करार भन्नाले दुई वा दुईभन्दा बढी पक्षबीच कुनै काम गर्न वा नगर्नका लागि भएको कानुनबमोजिम कार्यान्वयन गर्न सकिने सम्झौतालाई जनाउँछ *(करार ऐन २०५६)* । करारलाई अर्को शब्दमा सम्झौता पनि भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **करार खेती** (Contract farming) | कृषि उपज उत्पादन गर्ने किसान र खरिदकर्ता व्यक्ति वा कम्पनीबीच कृषि उपज खरिद बिक्री गर्ने सम्झौता गरी कृषि कार्य गर्नुलाई करार खेती भनिन्छ । यस्तो सम्झौतामा किसानले गुणस्तरयुक्त कृषि उपज उत्पादन गर्ने शर्त स्वीकार गरेका हुन्छन् भने खरिदकर्ताले किसानले उत्पादन गरेको कृषि उपज खरिद गर्ने प्रतिबद्धता जनाउनुका साथै यसका लागि आवश्यक पर्ने अन्य सहयोग उपलब्ध गराउने शर्त पनि स्वीकारेको हुन्छ । करार खेती गर्नुभन्दा पहिला लिखित करार (सम्झौता) गरिएको हुन्छ (FAO, 2013) । |
| **कर्जा** (Loan) | कर्जा भन्नाले रकम प्रवाह गर्ने, प्रत्यक्ष वा अप्रत्यक्ष प्रत्याभूति र त्यसको बदलामा लगानी गरेको रकम असुली गर्ने अधिकार तथा त्यस्ता कर्जाको ब्याज वा अन्य दस्तुरको चुक्ता, कर्जा वा लगानीको धितोमा दिइएको पुनर्कर्जा, कर्जाको पुनर्संरचना र नवीकरण, कर्जा चुक्ताका लागि जारी गरिएको जमानी तथा कर्जा चुक्ताका लागि गरिएको अन्य वचनबद्धतालाई जनाउँछ र यो शब्दले कुनै पनि किसिमको ऋणसमेतलाई जनाउँछ *(बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३)* । |
| **कर्जा सुरक्षण** (Guarantee of credit) | कसैलाई दिइएको ऋण वा सापटी नडुबोस् भनी मिलाइने चाँजो वा ऋणका रूपमा प्राप्त चल-अचल सम्पत्ति हिनामिना हुन नदिने प्रबन्धलाई कर्जा सुरक्षण भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **कानुनी सहायता** (Legal Assistance) | कानुनी सहायतासम्बन्धी ऐन, २०५४ बमोजिम असमर्थ व्यक्तिलाई दिइने कानुनी राय सल्लाहलाई कानुनी सहायता भनिन्छ र सो शब्दले त्यस्तो असमर्थ व्यक्तिको तर्फबाट अड्डा अदालतहरूमा गरिने बहस पैरवी, लेखापढी तथा कानुनी कारबाहीका सम्बन्धमा गरिने अन्य सेवा समेतलाई जनाउनेछ *(कानुनी सहायता सम्बन्धी ऐन २०५४)* । |
| **कारोबार खर्च** (Transaction cost) | जग्गामा स्वामित्व सिर्जना गर्ने प्रक्रियामा लाग्ने खर्चलाई कारोबार खर्च भनिन्छ । कारोबार खर्च तथा लागतहरू मौद्रिक लागत र अदृष्य लागत गरी दुई किसिमका हुन्छन् । मौद्रिक लागतअन्तर्गत जग्गाको मूल्य, सरकारी दस्तुर, मालपोत, लेखापढी खर्च आदि पर्दछन् भने अदृष्य लागत अन्तर्गत जग्गाको स्वामित्वको विषयमा कारोबार गर्नका लागि सरकारी कार्यालयसम्म आउँदा लाग्ने यातायात खर्च, बसोबास खर्च आदि पर्दछन् । यी सबै लागतले जग्गाको कारोबार खर्च बढाएको हुन्छ (USAID, 2013) । |
| **किल्ला** (Border, compound) | सामरिक प्रतिरक्षाका निमित्त चारैतिरबाट घेरी सुरक्षित तुल्याइएको ठाउँ वा घर, गढी, गढ, दुर्ग, खावा, कोट आदिलाई किल्ला भनिन्छ । |
| **किस्ताबन्दी** (Pay on installment, periodic payment) | ऋण रकम वा अन्य कुनै कबुल गरिएको रकमलाई विभिन्न किस्तामा बुझाउने काम वा व्यवस्था वा पटक-पटक गरी तोकिएको रकम वा वस्तु बुझाउने कामलाई किस्ताबन्दी भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **कित्ता**<br>(Plot, Parcel) | कित्ता भन्नाले चारैतिर साँधले घेरिएको र प्रत्येक स्थानमा हकभोग र किसिममा समानता भएको जमिनको टुक्रा सम्झनुपर्छ *(जग्गा नाप जाँच ऐन २०१९)* । सोही कित्ताका आधारमा जग्गाको लगत तयार हुन्छ । कित्ता कायम गर्दा त्रुटी हुन गएमा लगतमा कित्ता कायम हुने तर त्यस्तो जग्गा नै नहुने गर्दछ, जसलाई आकासे कित्ता भन्ने गरिन्छ *(हेर्नुस् आकासे कित्ता)* । |
| **कित्ता नम्बर**<br>(Plot number) | कित्तानापी नक्सामा प्रत्येक कित्तालाई छुट्टाछुट्टै परिचय हुने गरी दिइने अङ्कलाई कित्ता नम्बर भनिन्छ । |
| **कित्ताकाट**<br>(Division of land, plot subdivision) | कुनै पनि कित्तालाई दुई वा सोभन्दा बढी भागमा टुक्रा गर्ने कार्यलाई कित्ताकाट भनिन्छ । कुनै जग्गाधनीले आफूसँग भएको जग्गाको अंश बेचेमा वा सम्पत्तिको अंशवन्डा भएमा कित्ताकाट गरिन्छ । |
| **कित्तानापी**<br>(Cadastral survey) | जमिनको नापनक्सा गर्ने कार्यलाई कित्तानापी भनिन्छ । यसको मुख्य उद्देश्य जग्गाको आकार, क्षेत्रफल आउने गरी नक्सा तयार गर्नु हो । कित्तानापीबाट बनाएको नक्सामा हरेक कित्ताको सिमानाको साथै वडा, गाउँ, सहर, जिल्ला, अञ्चल आदि सबै सिमाना देखाएको हुन्छ । |
| **किसान, कृषक**<br>(Peasant) | सामान्यतया खेतीपातीको काम गरेर जीविका चलाउने व्यक्तिलाई किसान भनिन्छ *(नेपाली बृहत् शब्दकोश २०६७)* । भूमि सम्बन्धी ऐन २०२१ अनुसार कृषक भन्नाले खेतीमा लागेको व्यक्तिलाई जनाउँछ र सो शब्दले आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने व्यक्तिलाई समेत जनाउँछ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **किसान अधिकार** (Farmers' rights) | प्रत्येक किसानलाई कानुनबमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागतरूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउबिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनुलाई किसान अधिकार भनिन्छ *(नेपालको संविधान, धारा ४२(४))* । |
| **कीपट** (Keepat: a system of communal land ownership) | पूर्वी नेपालका माझ किरिँत तथा पल्लो किरिँतमा प्रचलित राई-लिम्बूहरूलाई लालमोहर गरेर दिइएको कहिल्यै राजीनामा हुन नसक्ने अथवा जसका नाममा सो जग्गा लेखिएको छ, उसैका सन्तान-दरसन्तानले भोगचलन गर्नुपर्ने जग्गालाई किपट भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । त्यस्तै पहाडी क्षेत्रमा लिम्बु समुदाय र अन्य मंगोलीयन समुदायहरूसँग सम्बन्धित जग्गाको आदिवासीजन्य सामूहिक स्वामित्वसम्बन्धी प्रणालीलाई किपट भनिन्छ (Regmi, 1976) । भूमिसम्बन्धी ऐन २०२१ मा किपट जग्गालाई पनि रैकरसरह नै मान्ने व्यवस्था गरिएपछि किपट प्रथाको अन्त्य भएको थियो । |
| **कुत** (Tax to land owner) | कबुलअनुसार खेत वा बारी कमाउँदा मोहीले जग्गाधनीलाई बुझाउनुपर्ने निश्चित अन्नबालीको ठेक्का, मोहीबाट तल्सिङले पाउने अन्नबाली, तिरो आदिलाई कुत भनिन्थ्यो । त्यस्तै कुत भन्नाले जग्गावालाको जग्गा कमाउन लिएबापत मोहीले जग्गावालालाई बुझाउने नगदी वा जिन्सी वा दुवैलाई जनाउँछ *(भूमिसम्बन्धी ऐन २०२१)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **कृषि** (Agriculture, farming) | खनजोत गर्नुपर्ने तथा बालीनाली लगाउनुपर्ने र तत्सम्बन्धी सबै काम, खेती, किसानी आदिलाई कृषि भनिन्छ । कृषि कार्य भन्नाले खाद्यान्न, फलफूल, दलहन, तेलहन, तरकारी, नगदेबाली तथा घाँस उत्पादन गर्ने कार्यलाई जनाउँछ *(बीउ बिजन ऐन २०४५)* । |
| **कृषि क्षेत्र** (Agricultural land) | कृषि क्षेत्र भन्नाले कृषि उत्पादन (अन्न बाली, नगदे बाली, बागवानी आदि), पशुपालन, मत्स्यपालन, निजी जग्गामा भएका वृक्षारोपण वा वनबाटिका समेत भएका वा हुनसक्ने जग्गालाई जनाउँछ *(भू-उपयोग नीति, २०७२-मस्यौदा)* । |
| **कृषिजन्य उत्पादन** (Agricultural production) | कृषिजन्य उत्पादन भन्नाले कृषि व्यवसायमा संलग्न धितो दिने व्यक्तिको कटान नगरिएका रूखबाहेकका देहायका मालसामान सम्झनुपर्छ :<br>(१) हुर्केको, हुर्कंदै गरेको वा पछि हुर्कने बालीनाली,<br>(२) पानीमा उत्पादित जलचर,<br>(३) घरपालुवा पशुपक्षी (भविष्यमा जन्मनेसमेत),<br>(४) खेतीपातीको सिलसिलामा प्रयोग भएको वा सोबाट उत्पादन भएका मालसामानहरू,<br>(५) बालीनाली वा घरपालुवा पशुबाट उत्पादित तयारी अवस्थामा नपुगेका उत्पादनहरू *(सुरक्षित कारोबार ऐन २०६३)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **कृषि तथा वनजन्य उद्योग** (Agro and forest-based enterprise) | कृषि तथा वनजन्य उद्योग भन्नाले मूलतः कृषि वा वन पैदावारमा आधारित एकीकृत किसिमको रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरापालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडीबुटी खेती तथा प्रशोधन, तरकारीका बीउ बीजन उत्पादन, च्याउ, तरकारी खेती वा तरकारी प्रशोधन, नयाँ प्रविधिद्वारा विरुवा उत्पादन गर्ने उद्योग (टिस्युकल्चर), ग्रिन हाउस, मौरीपालन, मह उत्पादन, रबर खेती, फूल खेती तथा उत्पादन, कबुलियती वन, एग्रोफरेष्ट्री आदि व्यावसायिक वनसम्बन्धी व्यवसायहरूलाई जनाउँछ *(औद्योगिक व्यवसाय ऐन २०४९, दफा ३)*। |
| **कृषि–चरिचरन** (Agro-pastoralism) | कृषि–चरिचरण यस्तो प्रणाली हो, जहाँ कृषि भूमि र चरिचरण क्षेत्रहरू एकापसमा जोडिएका हुन्छन् वा एउटै भूमिलाई कुनै समय कृषि कार्य र कुनै समय चरिचरनका लागि प्रयोग गरिन्छ । यस्तो अभ्यास साना किसानहरूले नेपालका प्रायः सबै कृषि तथा चरन भूमिमा गर्दै आएका छन् (FAO, 2003) । |
| **कृषि वन** (Agro-forestry) | एउटै भूमिमा रूखलगायतका वन पैदावारको उत्पादन गर्ने र कृषि उत्पादनका साथै पशुपालन समेतका कार्यहरू सँगसँगै गरिने कार्यलाई कृषि वन भनिन्छ, जहाँ पर्यावरणीय पक्ष र आर्थिक उपार्जनका कार्यहरूबीच निकटतम अन्तरसम्बन्ध र अन्तरक्रिया भइरहेको हुन्छ (FAO, 2003) । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **कृषि सुधार** (Agrarian reform) | देशको कृषि उत्पादन वृद्धि गर्न र ग्रामीण क्षेत्रमा बस्ने किसानहरूको जीवनस्तर सुधारका लागि देशका कृषि संरचनाहरूमा फेरबदल ल्याउने गरी तर्जुमा गरिएको कार्यक्रमलाई कृषि सुधार भनिन्छ । यस्तो कृषि सुधार कार्यक्रमअन्तर्गत भूमि सुधार कार्यक्रम र भूमिको पूर्णाधिकार (Tenure rights) सुधार कार्यक्रम पनि सञ्चालन गरिएको हुन्छ । कृषि क्षेत्र र भूमिलाई अन्तरसम्बन्धित गरेर धेरै देशहरूमा कृषि सुधारका कार्यक्रम सञ्चालन हुँदै आएका छन् (FAO, 2003)। |
| **कृषि श्रमिक/मजदुर** (Farming labourer) | कृषि उत्पादनका लागि श्रम गर्ने व्यक्तिहरू कृषि श्रमिकअन्तर्गत पर्दछन् । उनीहरूलाई कृषि मजदुर पनि भनिन्छ र कृषि मजदुरहरू कृषि उत्पादनका साथै कृषिजन्य उत्पादनको मूल्य अभिवृद्धि गर्ने श्रममा पनि संलग्न हुन्छन् । |

# ख

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **खण्डीकरण** (Fragmentation) | खण्डीकरण भन्नाले मौजुदा जग्गालाई स-साना कित्तामा विभाजन गर्ने कार्यलाई जनाउँछ *(भूमिसम्बन्धी नियमहरू, २०२१)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **खर्क जग्गा** (Pasture land) | खर्क जग्गा भन्नाले सरकारी निकायमा दर्ता गराइ वा नगराई खर्क, खर्कचोक आदि कुनै नामले पशुचरनलाई मात्र प्रयोग गरी आएको जग्गालाई जनाउँछ *(खर्क जग्गा राष्ट्रियकरण ऐन २०३१)* । खर्क जग्गालाई मौवा तथा पाटन पनि भन्ने गरिन्छ । |
| **खलो** (A terrace in the field prepared for harvesting) | काटेर, टिपेर वा उखेलेर ल्याइएका डाँठसहितका अन्न थुपार्न, माड्न, चुट्न वा दाइँ गर्न खेतबारीको कुनै भागलाई ताछतुछ पारेर, लिपेर सफा बनाइएको ठाउँलाई खलो भनिन्छ । खलोसँग निम्न प्रथाहरू जोडिएका पाइन्छन् :<br>✦ **खले गरो** : खेतको धान थुपार्न, चुट्न र दाइँ गर्न खेतको जमिन खुर्की, ताछी खलो बनाइने खेतका गराहरूमध्येको ठूलो, बाटुलो र मुख्य गरोलाई खले गरो भनिन्छ ।<br>✦ **खले पूजा** : खलाको पूजा, भूमेपूजा, भूमिपूजा आदिलाई खलेपुजा भनिन्छ ।<br>✦ **खलो प्रथा/खले भाग** : शोषणमा आधारित समाजिक परम्परा भएको समाजमा खासगरी बालीघरे प्रथाका रूपमा कपडा सिलाउने सूचिकार, फलामका कृषि औजार बनाउने विश्वकर्मा, खेतबारी जोत्ने हली आदिलाई खेतको खलाबाट नै भरिने वर्षे बालीलाई खले भाग र यस्तो प्रथालाई खले प्रथा भनिन्छ । यो प्रथा धेरै ठाउँबाट हराइसकेको छ । |
| **खलियान/खेन्हवा** (A wide terrace to collect the harvest) | खाद्यान्न भित्र्याउनुभन्दा पहिला पराल, नल, डाँठ, खोया आदिबाट बालीलाई निकाल्न र सरसफाइ गरी एकत्रित गर्नका लागि व्यक्तिगत वा सामूहिकरूपमा प्रयोग हुँदै आएको जमिनलाई खलियान भन्ने गरिन्छ । यो स-सना खलोहरूको सामूहिक रूप पनि हो । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **खाद्य सम्प्रभुता** (Food sovereignty) | पर्यावरणीयरूपमा दीगो र उपयुक्त तरिकाबाट स्वस्थ र साँस्कृतिकरूपमा उपयुक्त किसिमले खाद्य उत्पादन गर्ने किसानको अधिकारलाई खाद्य सम्प्रभुता भनिन्छ, जसले किसानलाई आफ्नो खाद्य उत्पादन र कृषि प्रणाली आफैँ निर्धारित गर्ने अधिकार पनि दिएको हुन्छ (Declaration of Nyéléni, 2007) । |
| **खाद्य सुरक्षा** (Food security) | खाद्य सुरक्षा हुनका लागि खाद्य उपलब्धता, खाद्यमा पहुँच र खाद्यको उपयोग भएको हुनुपर्दछ । नेपालको संविधानबमोजिम प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुने, प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुने र प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य सम्प्रभुताको हक हुने व्यवस्था गरिएको छ *(नेपालको संविधान, धारा ३६)* । |
| **खानी तथा खनिज क्षेत्र** (Mining zone) | खानी तथा खनिज क्षेत्र भन्नाले कुनै पनि खानी पत्ता लागेको क्षेत्र वा खानी सञ्चालन भएको क्षेत्र, खनिज पदार्थ उत्पादन, प्रशोधन गर्ने उद्योग रहेको क्षेत्र, सोही प्रयोजनमा प्रयोग भएको घर, टहरा तथा उद्योग सञ्चालनका लागि प्रयोगमा आएको जग्गा, नियमानुसार ढुंगा, गिट्टी, बालुवा उत्खनन, उत्पादन वा प्रशोधन गरेको वा कुनै निश्चित भौगोलिक क्षेत्रमा खानी तथा खनिज क्षेत्र भनी सरकारले घोषणा गरी तोकेको क्षेत्रलाई समेत जनाउँछ *(भू-उपयोग नीति, २०७२-मस्यौदा)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **खुल्ला स्रोत** (Open access resources) | कसैको पनि सम्पत्तिको हकअन्तर्गत नपर्ने र सबैका लागि कुनै रोकावट नभई समान पहुँचमा रहेको जमिनलगायतका स्रोतलाई खुल्ला स्रोत भनिन्छ । यस्तो स्रोतमा सबैको समन्यायिक पहुँच हुन्छ भन्ने कुराको कुनै निश्चितता हुँदैन र शक्तिशालीले बढी स्रोत ओगट्न सक्छन् । खुल्ला स्रोतका रूपमा रहेका जमिन र स्रोतहरूको संरक्षण तथा व्यवस्थापन नहुने भएकोले यस्ता स्रोतहरू छिटो क्षयीकरण हुन्छन् (USAID, 2013) । |
| **खेत** (Cultivated land, paddy field) | सामान्य अर्थमा सिंचाइ पुग्ने पहाडी क्षेत्रमा आली लगाई पानी जमाएर गरागरामा बाँडिएको धान खेती गरिने जमिन वा धान रोप्ने जग्गालाई खेत भनिन्छ (Regmi, 1976) । तथापि, खेतमा गहुँ, मकै, दलहन, तेलहन र अन्य नगदेबालीको पनि खेती गरिन्छ । त्यस्तै सिंचाइ पुगेको खेतमा धानबाहेक अन्य खाद्यान्न बाली पनि रोप्ने गरिन्छ । नेपालमा विभिन्न किसिमका खेतलाई विभिन्न नामले चिनिने गरेको छ, जस्तै :<br>✦ **गल** (Fertile land): डोल वा गहिरो परेको र कुलो पानी लाग्ने अब्बल खेतलाई गल भनिन्छ ।<br>✦ **गलखेत** (Low field): डोलखेत, गल, पानीखेत, बैंसीखेत आदिलाई गलखेत भनिन्छ ।<br>✦ **डोलखेत** (Low paddy land between two high lands): दुई डाँडाका बीचमा रहेको खेती गर्न हुने कालो कमलो माटो भएको लामो, सोतो जमिनलाई डोलखेत भनिन्छ ।<br>✦ **बैंसीखेत** (Irrigated field): खोला छेउको पानी लाग्ने जग्गा, डोलखेत, गलखेत आदिलाई बैंसीखेत भनिन्छ ।<br>✦ **धनहर** (Paddy field): तराईमा रहेका सिंचाइ हुने धान खेतलाई धनहर भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **खेतालो** (Labourer, farm worker) | ज्याला लिएर खेत, बारीमा काम गर्ने व्यक्ति वा पारिश्रमिक लिएर अर्काको काम सघाउने व्यक्ति तथा ज्यालादारलाई खेतालो भनिन्छ । |
| **खेती** (Cultivation, agricultural work, farming) | खेतबारीमा अन्न तथा खाद्यपदार्थ आदि उत्पादन गर्ने काम, खनजोतदेखि बाली नभित्र्याएसम्म गरिने जमिनको सबै काम, कृषि, किसानी आदि कामलाई खेती भनिन्छ । |
| **खेतीवाल** (Farmer, peasant) | खेतीको पेसा भएको व्यक्ति, कृषक, किसान आदिलाई खेतीवाल भनिन्छ । |
| **खोरिया खेती** (Shifting cultivation) | घुम्ती बाली लगाउनका लागि झाडी बुटा आदि काटी, फाँडी प्रायः डढेलोसमेत लगाएर बिराएको जमिन, पाखाभित्ताको बाँझो जग्गा, भस्मे, लोहोसे आदिलाई खोरी भनिन्छ *(भूमि शब्दावली, २०७०)* । खोरिया खेती आदिवासीहरूको जीविकोपार्जनको एउटा महत्त्वपूर्ण आधार मानिँदै आए पनि खोरिया खेती गर्नेहरूका नाममा जग्गाको स्वामित्वको विषय पनि महत्त्वपूर्ण हुन्छ । |
| **खोरिया फँडानी** (Slash and burn) | खोरिया खेती गर्नका लागि बुट्यान तथा झाडी क्षेत्र फँडानी गरी त्यस्तो क्षेत्रमा आगो लगाई खेती गर्ने प्रक्रियालाई खोरिया फँडानी भनिन्छ । यस्तो प्रक्रिया खासगरी सीमान्तकृत र अल्पसंख्यक आदिवासी क्षेत्रमा सदीयौंदेखि चल्दै आएको छ । |

# ग

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **गरिब** (Poor) | गरिब भन्नाले नेपाल सरकारले निश्चित मापदण्डअन्तर्गत समय-समयमा तोकेको राष्ट्रिय वा क्षेत्रगत गरिबीको रेखामुनि रहेको, शिक्षा, स्वास्थ्यजस्ता मानव विकासका सूचकहरूका आधारमा पिछडिएको र निश्चित लिङ्गत तथा सामाजिक समूहका आधारमा राष्ट्रिय विकास प्रक्रियामा समावेश हुन नसकेको व्यक्ति वा समूहलाई जनाउँछ *(गरिबी निवारण कोष ऐन २०६३)* । |
| **गरिबी** (Poverty) | जीवन निर्वाहका लागि आवश्यक पर्ने आधारभूत आवश्यकताका वस्तुहरू प्राप्त हुनसक्ने अवस्थामा रहनुलाई गरिबी भनिन्छ । सामान्यतया गरिबी निरपेक्ष र सापेक्ष गरी दुई किसिमको हुन्छ । निरपेक्ष गरिबी भन्नाले गरिबीको रेखामुनी रहनु हो भने सापेक्ष गरिबी भन्नाले राज्यद्वारा निर्धारित गरिबीको परिभाषाअन्तर्गत पर्नु तर निरपेक्ष गरिबीको रेखाभन्दा माथिको हैसियतमा रहनु हो । |
| **गाउँ** (Village) | नगरबाहिर रहेको स-सानो बस्ती वा प्राय: कृषकहरूको बसोबास भएको ठाउँलाई गाउँ भनिन्छ । |
| **गाउँ ब्लक** (Village block) | ग्रामीण क्षेत्रमा धरै वर्ष पहिलादेखि जग्गा नापनक्शा नगरी अनौपचारिकरूपमा बाक्लो बसोबास गरी आएको बस्ती क्षेत्रलाई गाउँ ब्लक भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| गुठी (Trust) | गुठी भन्नाले कुनै मठ वा कुनै देवी-देवताको पर्व, पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामका लागि कुनै मन्दिर, देवस्थल, धर्मशाला, पाटी-पौवा, इनार, पोखरी, तलाउ, धारा, पियाउ, बाटो, घाट, पुल, चौतारा, गौचरन, बाग, बगैचा, जङ्गल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय घर, इमारत वा संस्था बनाउने, चलाउन वा त्यसको संरक्षण गर्न कुनै दाताले आफ्नो चल अचल सम्पत्ति वा आयस्ता आउने अरू कुनै सम्पत्ति वा रकममा आफ्नो हक छाडी राखेको गुठीसमेतलाई जनाउँछ *(गुठी संस्थान ऐन २०३३)* । गुठी संस्थान ऐन २०३३ मा निम्न गुठीहरूको व्यवस्था गरिएको छ :<br>✦ **राजगुठी** : राजगुठी भन्नाले गुठी संस्थान ऐन २०३३ प्रारम्भ हुँदाको अवस्थामा गुठी संस्थानको हक दायित्व भई गुठी संस्थानले बन्दोवस्त र सञ्चालन गरी आएको राजगुठीलाई जनाउँछ *(गुठी संस्थान ऐन, २०३३)* ।<br>✦ **छुटगुठी** : छुटगुठी भन्नाले आयस्ताबाट गुठीको पूजा, पर्व इत्यादि दानपत्र लिखतबमोजिमको काम चलाई बाँकी रहेको गुठीको शेष कसर वा सलामीसम्म राजगुठीमा बुझाउने गरी वा गुठी चलाउनेले नै शेष खाने गरी गुठी संस्थान ऐन, २०२१ प्रारम्भ हुनु अगावै सरकारी गुठी लगतमा गुठी दर्ता गराई वा दर्ता गराउनुपर्ने गरी त्यस्तो गुठीको जग्गाको नेपाल सरकारमा बुझाउनु पर्ने मालपोत वा तिरो बुझाउनु नपर्ने गराई र गुठीको दर्ता गुठीयारले नै गुठी चलाउन पाउने गरी छुट पाएको गुठीलाई जनाउँछ *(गुठी संस्थान ऐन २०३३)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| गुठी (Trust) | ✦ **निजी गुठी** : निजी गुठी भन्नाले राजगुठी र छुट गुठीबाहेकको दुनियाँको निजी गुठीलाई जनाउँछ *(गुठी संस्थान ऐन २०३३)* ।<br>✦ **गुठीयार**: गुठीयार भन्नाले छुट गुठी वा निजी गुठीका दाता वा दाताका हकवाला गुठी चलाउन वा गुठीको शेष कसर खान पाउने हक भएका व्यक्ति र त्यस्ता गुठीको सालबसाली दरबन्दीको महन्त र पूजारीलाई जनाउँछ *(गुठी संस्थान ऐन २०३३)* ।<br>✦ **गठी तैनाथी जग्गा**: गुठी तैनाथी जग्गा भन्नाले कसैको नाममा दर्ता नभएको गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको जग्गालाई जनाउँछ *(गुठी संस्थान ऐन २०३३)* ।<br>✦ **गुठी नम्बरी जग्गा**: गुठी नम्बरी जग्गा भन्नाले संस्थानले जग्गावालाको हैसियतले नेपाल सरकारलाई मालपोत बुझाउनुपर्ने जग्गालाई जनाउँछ *(गुठी संस्थान ऐन २०३३)* ।<br>✦ **गुठी रैतान नम्बरी जग्गा**: गुठी रैतान नम्बरी जग्गा भन्नाले दर्तावालाले गुठी संस्थानलाई मालपोत बुझाउनुपर्ने जग्गालाई जनाउँछ *(गुठी संस्थान ऐन २०३३)* ।<br>✦ **गुठी अधीनस्थ जग्गा**: गुठी अधीनस्थ जग्गा भन्नाले दर्तावालाले संस्थानलाई जिन्सी बुझाई आएको जग्गालाई जनाउँछ *(गुठी संस्थान ऐन २०३३)* ।<br>✦ **गुठी जिमीदारी**: गुठी जिमीदारी भन्नाले कुनै जिमीदारी मौजामा गुठीको हक भई गुठीमा मालपोत दाखिल हुने जिमीदारीलाई जनाउँछ *(गुठी संस्थान ऐन २०३३)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **गुठी संस्थान** (Trust corporation) | सरकारी गुठीका रूपमा स्थापना भएका र नेपाल राज्यका विभिन्न स्थानमा रहेका देवल, पाटीपौवा, पुल, साँघु, जग्गा आदिको हेरचाह र त्यसबाट आएको आम्दानीले तिनै वस्तुको संरक्षण, दैनिक पूजा, सिधा आदि कार्य र अन्य जीर्णोद्धार, निर्माण आदि कार्य सञ्चालनका लागि स्थापित संस्थानलाई गुठी संस्थान भनिन्छ । |
| **गैरकृषि जग्गावाला** (Absent landowners) | मुख्य पेशा खेती नभएको, आफै कृषि कर्म नगर्ने तर कृषि जमिन ओगटेर बसेका परिवारलाई गैरकृषि जग्गावाला भनिन्छ । |
| **ग्लोबल पोजिसनिङ प्रणाली (जिपिएस)** (Global Positioning System-GPS) | अन्तरिक्षमा घुमिरहेका भू-उपग्रहको सहायतामा निश्चित ठाउँको अवस्थिति निकाल्ने विधिलाई ग्लोबल पोजिसनिङ प्रणाली भनिन्छ । |

# घ

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **घडेरी** (Site of a house) | घर बनाएको जग्गा, घरले चर्चेको जमिन, घर बनाउन लिएको जग्गा वा घर बनाउने ठाउँलाई घडेरी भनिन्छ । |
| **घर** (House, home) | गारो लगाई छानो हालेर बनाइएको मानिस बस्ने ठाउँ, गृह, भवन, निकेतन, निवासस्थान, आवास आदिलाई घर भन्ने गरिन्छ । |
| **घर कर** (House tax) | घर र जग्गामा लाग्ने नियम-कानुनबमोजिमको निर्धारित करलाई घर कर भनिन्छ । |
| **घरजग्गा** (House and land) | कुनै घर र सो घरले चर्चेको जमिन वा त्यसको कुनै भागमा लगाइएको कुनै बगैंचा, खेतिपातीको जमिन र टहरो भए त्यस्ता बगैंचा, जमिन, टहरा समेतलाई घरजग्गा भनिन्छ । |
| **घरजग्गा रोक्का** (Restraint) | कुनै घरजग्गामा कुनै विवाद परी वा अरू कुनै कारणले रोक्का राख्न आवश्यक देखिएमा मालपोत कार्यालयले त्यस्तो घरजग्गा रोक्का राख्ने गरी गरेको निर्णयलाई घरजग्गा रोक्का भनिन्छ *(मालपोत ऐन २०३४)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **घरजग्गा फुकुवा** (Release) | प्रचलित कानुनबमोजिम कुनै अड्डा, अदालत वा सरकारी कार्यालयबाट कुनै घर जग्गा रोक्का राखिएकोमा त्यस्तो रोक्का राखिएको घरजग्गा फुकुवा गर्न सोही कार्यालयहरूबाट हुने निर्णयलाई घरजग्गा फुकुवा भनिन्छ *(मालपोत ऐन २०३४)* । |

# च

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **चक्लाबन्दी** (Consolidation of lands) | चक्लाबन्दी भन्नाले कृषियोग्य जग्गामा उत्पादन र उत्पादकत्व बढाउन स-साना कित्तामा छरिएर रहेका जग्गालाई एकीकरण गर्ने प्रक्रियालाई जनाउँछ *(भूमि सम्बन्धी नियमहरू २०२१)* । |
| **चरिचरन पद्धति** (Pastoralism) | चरिचरन र यसलाई सघाउ पुऱ्याउनका लागि आवश्यक पर्ने घाँसे मैदान तथा पानीका स्रोतहरूमा आधारित आर्थिक र सामाजिक प्रणालीलाई चरिचरन पद्धति भनिन्छ । यस्तो प्रणालीमा खेतिपाती भित्र्याइसकेपछि त्यस्तो कृषि भूमि वा प्राकृतिकरूपमा घाँस उत्पादन हुने क्षेत्र गरी दुवै क्षेत्रमा चरिचरन गराइन्छ (USAID, 2013) । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **चल सम्पत्ति** (Movable property) | अचल सम्पत्तिबाहेक सजिलैसँग एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्न सकिने सम्पत्तिलाई चल सम्पत्ति भनिन्छ । |
| **चल-अचल सम्पत्ति** (Transferable-nontransferable assets) | चल अचल सबै किसिमको सम्पत्तिलाई चल-अचल सम्पत्ति भनिन्छ । |
| **चार किल्ला** (Four boundary corners of a land) | जग्गाको साँध-सिमाना, चौहद्दी, चौकिल्ला, चारैपट्टिको जग्गाको परिधि आदिलाई चार किल्ला भनिन्छ । |
| **चिडियाखाना** (Zoo) | चिडियाखाना भन्नाले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु श्रोतको संरक्षण, अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुहरू परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थान वा अन्तर्राष्ट्रिय प्रचलनअनुसार स्थापना गरिने प्राणी उद्यान (जुलोजिकल गार्डेन) लाई समेत जनाउँछ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **चुरे क्षेत्र** (Chure areas) | महाभारत पर्वत शृङ्खला र भित्री मधेसभन्दा दक्षिणतिर र तराईको उत्तरतिर फैलिएको बालुवामय माटो भएको होचा-होचा पहाडको एक पर्वत शृङ्खला, शिवालिक, चुलाचुली आदिलाई चुरे क्षेत्र भनिन्छ । कानुनी दृष्टिमा भने चुरे क्षेत्र भन्नाले चुरे पहाडी श्रृंखला, सो क्षेत्र भएर बग्ने तराई मधेशसम्मको नदी प्रणाली र सोको जलाधार क्षेत्रसमेतलाई जनाउँछ *(राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन) आदेश २०७१)* । |

# छ

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **छुट जग्गा** (Unregistered land) | जग्गा नापजाँच हुँदा कुनै जग्गा छुट भएको वा नापजाँच भए पनि दर्ता हुन छुट भएको जग्गालाई छुट जग्गा भनिन्छ *(जग्गा (नापजाँच) ऐन २०१९)* । यस्तो जग्गा नापजाँचका लागि सम्बन्धित व्यक्तिले आवश्यक कागजातसहित जग्गा नापजाँच गर्ने निकायसमक्ष निवेदन दिनसक्छ । |

# ज

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **जग्गा** (Land) | विभिन्न कानुनहरूमा सो कानुन तर्जुमाको उद्देश्यअनुसार जग्गाको निम्नानुसार परिभाषा गरिएको भए पनि जग्गालाई हकभोग गर्ने अचल सम्पत्तिका रूपमा लिइएको छ :<br>✦ ***जग्गा नापजाँच ऐन २०१९*** : जग्गा भन्नाले घर, वाग, बगैँचा, रूख, कारखाना, ताल, पोखरी, इत्यादि भएकोसमेत सबै किसिमको जग्गा भन्ने बुझिन्छ ।<br>✦ ***जग्गा प्राप्ति ऐन २०३४*** : जग्गा भन्नाले कसैको हकभोगमा रहेको जुनसुकै जग्गा र त्यसमा स्थायीरूपले रहेको पर्खाल, घर, रूखसमेतलाई जनाउँछ र सो शब्दले त्यस्तो जग्गामा स्थायीरूपले जडान भएको जुनसुकै वस्तुलाई समेत जनाउँछ ।<br>✦ ***नगर विकास ऐन २०४५*** : जग्गा भन्नाले जुनसुकै जग्गा र त्यसमा स्थायीरूपले रहेको घर, बनोट, ताल, पोखरी, रूख आदि र सो घर, बनोट, ताल, पोखरी, रूख आदिसँग स्थायीरूपले जोडिएको कुराहरूलाई समेत जनाउँछ ।<br>✦ ***सार्वजनिक सडक ऐन २०३१*** : जग्गा भन्नाले जुनसुकै जग्गालाई जनाउँछ र यो शब्दले त्यस्तो जग्गामा रहेको टहरा, घर, ईमारत, रूख, इत्यादि र सोसँग स्थायीरूपले जोडिएको चीज वस्तुलाई समेत जनाउँछ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **जग्गा आरक्षण** (Land reservation) | भविष्यमा कुनै महत्त्वपूर्ण जैविक विविधता वा पर्यावरणीय प्रणालीको संरक्षण गर्न, कुनै खास किसिमका आदिवासीहरूले मात्र उपयोग गर्न पाउने गरी क्षेत्र निर्धारण गर्न वा सर्वसाधारणको हितका लागि भविष्यमा उपयोग गर्नका लागि राज्यले जग्गा छुट्याएर राख्ने कामलाई जग्गा आरक्षण भनिन्छ (FAO, 2003)। |
| **जग्गा कमाउने व्यक्ति** (Tenant) | यो शब्दावली बिर्ता जग्गा कमाउने व्यक्तिका सन्दर्भमा प्रयोग हुन्छ, जसअनुसार जोताहा निस्सा प्राप्त गरेको वा क्षेत्रीय किताबमा जोताहा लेखिएको व्यक्ति वा त्यस्तो व्यक्तिको मृत्यु भइसकेको भए प्रचलित नेपाल कानुनबमोजिम निजको नजिकको हकवालाले वा जोताहा निस्सा प्राप्त गर्ने व्यक्तिले जग्गा कमाउन छोडी निजको लिखित मञ्जुरीले हाल जग्गा कमाइ आएको व्यक्तिलाई जग्गा कमाउने व्यक्ति भनिन्छ *(बिर्ता उन्मूलन नियमावली २०१७)* । |
| **जग्गा कारोबार** (Land transaction) | जग्गा खरिद बिक्री वा अंशवण्डा गरेर स्थायीरूपमा जग्गाको आदानप्रदान गर्नु वा कबुलियती, अधियाँ, बन्धकी, धरौटी आदि जस्ता जग्गाको अस्थायी आदान-प्रदान गर्नुलाई जग्गाको कारोबार भनिन्छ (USAID, 2013) । |
| **जग्गा नापजाँच** (Land Measurement) | जग्गा नापजाँच भन्नाले जग्गाको नापजाँच वा पुनः नापजाँच गरी जग्गावाला र मोहीसँग सम्बन्धित तथ्याङ्क संकलन गर्ने, जग्गाको नक्सा तयार गर्ने, क्षेत्रफल यकिन गर्ने, किसिम वर्गीकरण गर्ने वा नक्सा वा श्रेस्ताको आधारमा क्षेत्रीय किताबमा जग्गा दर्ता गर्ने कामलाई जनाउँछ र यो शब्दले नापीका लागि हवाई सर्वेक्षण, नियन्त्रण बिन्दु स्थान खडा गर्ने तथा विभिन्न मानमा स्थल रूप नापी गरी नक्सा प्रकाशन गर्ने गराउने कार्यलाई समेत जनाउँछ *(जग्गा नापजाँच ऐन २०१९)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **जग्गा दर्ता** (Land register) | प्रचलित कानुनबमोजिम जग्गामा स्वामित्व हुने गरी सम्बन्धित सरकारी निकायमा अभिलेख राखी विभिन्न किसिमले आफ्नो नाममा जग्गा लिनु वा पाउनुलाई जग्गा दर्ता भनिन्छ । रजिष्ट्रेशन, नामसारी, दाखिल खारेज आदिका माध्यमबाट जग्गा दर्ता हुन्छ । जग्गा दर्ता गर्ने काम मालपोत कार्यालयले गर्दछ *(मालपोत ऐन २०३४, दफा ६)* । |
| **जग्गा धनी** (land owner) | आफ्नो नाममा जग्गा दर्ता भएका नाताले वा सो जग्गामा आफ्नो हक पुग्ने नाताले सरकारलाई मालपोत बुझाई जग्गा भोगचलन गर्ने व्यक्ति वा मालपोत बुझाउनुपर्ने व्यक्ति नै जग्गा धनी हो । |
| **जग्गा प्राप्तिको अधिकार** (Eminent domain) | जग्गा प्राप्तिको अधिकार भन्नाले राज्यले सार्वजनिक हितका लागि कुनै पनि निजी जग्गा कुनै पनि समयमा प्राप्ति वा अधिग्रहण गर्न सक्ने सार्वभौम अधिकार आफूमा राखेको हुन्छ भन्ने कुरालाई जनाउँछ । राज्यले यसरी जग्गा प्राप्त गर्दा प्रचलित कानुनबमोजिम जग्गा अधिग्रहणको प्रक्रिया वा बाध्यात्मकरूपमा जग्गा प्राप्ति गर्ने प्रक्रियाको विधि अवलम्बन गर्दछ । |
| **जग्गा व्यवस्थितीकरण** (Land pooling) | योजनाबद्ध, न्यायोचित र स्वच्छरूपमा जग्गा व्यवस्थित गरी कृषि उत्पादन बढाउने वा सहरीकरण गर्ने प्रयोजनका लागि जग्गालाई एकीकृत गरी व्यस्थित गर्ने कार्यलाई जग्गा व्यवस्थितीकरण भनिन्छ । प्राकृतिक प्रकोपपछि जग्गालाई व्यस्थित गरी पुनर्निर्माण गर्नका लागि पनि यस्तो प्रक्रिया अपनाइन्छ । यो एउटा यस्तो विधि तथा प्रक्रिया हो, जहाँ सबै जग्गावालाहरू यस कार्यका लागि सहमत हुनु आवश्यक हुन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **जग्गा भोगचलन** (Landholding) | जग्गाको कुनै भागमा स्वामित्व ग्रहण गरी जग्गाधनीको रूपमा वा स्वामित्व ग्रहण नगरी मोही वा जोताहा किसान वा अँधिया किसानको रूपमा जग्गा कमाउनुलाई पनि जग्गा भोगचलन मानिन्छ । जग्गासम्बन्धी तथ्यांक संकलनका लागि जग्गा भोगचलनलाई एउटा मुख्य आधार मानिन्छ । |
| **जग्गा मिच्ने** (Land encroachment) | कसैको हकको जग्गा अर्को कुनै व्यक्तिले अतिक्रमण गर्ने, घुसाउने, हस्तक्षेप गर्ने कार्यलाई जग्गा मिच्ने भनिन्छ । |
| **जग्गा मूल्यांकन** (Land valuation) | जग्गालाई सम्पत्तिको रूपमा लिई मूल्य कायम गर्ने प्रक्रियालाई जग्गा मूल्यांकन भनिन्छ । जग्गाको मूल्यांकन सम्बन्धित जग्गाको उपयोग र सन्दर्भअनुसार फरक फरक हुन सक्छ । जग्गाको विवरण, उपयोग, मूल्य, छिमेकी जग्गाहरूसँगको तुलना र जग्गाको आम्दानी आदिलाई आधार मानेर जग्गाको मूल्यांकन गरिन्छ । खासगरी जग्गाको मूल्यांकन ऋण लिनका लागि जग्गा बन्धकी तथा धरौटी राख्ने क्रममा वा कानुनी सजाय भुक्तानीका लागि धरौटी राख्ने क्रममा गर्ने गरिन्छ (LAG, 1996) । |
| **जग्गा विवाद** (Land disputes) | जग्गाको स्वामित्व, साँध सिमाना लगायतका विभिन्न विषयलाई लिएर हुने दुई वा सोभन्दा बढी व्यक्ति वा समुदायबीचको विवादलाई जग्गा विवाद भनिन्छ । यस्तो विवाद विभिन्न तहमा विभिन्न पक्षका बीच हुने गर्दछ र विवाद समाधानका वैकल्पिक उपाय अपनाउँदा वा अदालती प्रक्रिया अपनाउँदा पनि लामो समयसम्म विवाद समाधान नभई रहेको अवस्था पनि रहन्छ । सामान्य किसिमका जग्गा विवाद पनि लामो समयसम्म समाधान हुन नसक्दा ठूलो द्वन्द्वको रूप लिन सक्ने भएकोले जग्गा विवाद समाधानका लागि समयमा नै पहल गर्नुपर्ने मान्यता राखिएको हुन्छ (FAO, 2003) । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **जग्गाधनी प्रमाणपुर्जा/लालपुर्जा** (Land registration certificate) | जग्गाको नापजाँच र कित्ता कायम गरी क्षेत्रीय कितावमा राखिएको अभिलेखका आधारमा वा रजिष्ट्रेशन, नामसारी वा दाखिल खारेजका आधारमा मालपोत कार्यालयबाट जग्गाधनीका नाममा जग्गाको स्वामित्वको प्रमाणस्वरूप दिइने प्रमाणलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वा धनीपुर्जा वा लालपुर्जा भनिन्छ । जग्गाधनीलाई प्रमाणका निम्ति दिइने यस्तो प्रमाणमा मोठ, कित्ता, जग्गाको परिमाण आदि लेखिएको र सरकारी छापचिह्न लागेको हुन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |
| **जग्गावाला** (Landlord) | सरकारलाई मालपोत तिर्नुपर्ने गरी आफ्नो नाममा जग्गा दर्ता गरी सो दर्ताको नाताले जग्गामा हक हुने व्यक्तिलाई जग्गावाला भनिन्छ । विभिन्न कानुनहरूमा सो कानुनको पृष्ठभूमि र उद्देश्यअनुसार जग्गावालाको परिभाषा फरक–फरक किसिमले गरिएको छ,:<br>✦ ***जग्गा नाप जाँच ऐन २०१९ :*** जग्गावाला भन्नाले प्रचलित नेपाल कानुनबमोजिम जग्गामा हक हुने व्यक्तिलाई जनाउँछ ।<br>✦ ***झोरा क्षेत्रको जग्गासम्बन्धी ऐन २०२८ :*** जग्गावाला भन्नाले प्रचलित नेपाल कानुनबमोजिम आफ्नो नाममा जग्गा दर्ता भएको वा त्यस्तो दर्ता गर्ने अधिकार भएको व्यक्तिलाई जनाउँछ ।<br>✦ ***भूमिसम्बन्धी ऐन २०२१ :*** जग्गावाला भन्नाले प्रचलित नेपाल कानुनबमोजिम नेपाल सरकारमा मालपोत तिर्नुपर्ने गरी आफ्नो नाममा जग्गा दर्ता गरी सो दर्ताको नाताले जग्गामा हक हुने व्यक्तिलाई जनाउँछ र सो शब्दले देहायको जग्गाको सम्बन्धमा देहायको व्यक्तिलाई समेत जनाउँछ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **जग्गावाला** (Landlord) | (१) बिर्ता उन्मूलन ऐन २०१६ बमोजिम उन्मूलन भएको बिर्ता जग्गाको सम्बन्धमा जग्गावालाको हैसियतले दर्ता गरिने व्यक्ति,<br>(२) जिमिदार साथको जग्गाको सम्बन्धमा जिमिदार,<br>(३) किपटको हकमा रीतिथिति चलनअनुसार सरकारी तिरो तिरी त्यस्तो जग्गा भोग गर्ने व्यक्ति वा त्यस्तो व्यक्तिलाई तिरो तिरी त्यस्तो जग्गा भोग गर्ने व्यक्ति,<br>(४) त्यस्तो जग्गावालाको हकवाला वा अंशियार भएको नाताले वा त्यस्तो जग्गावालाले कानुनबमोजिम आफ्नो हक छोडी दिएकोले सो जग्गा आफ्नो नाममा दर्ता गराउने हक पुगेको व्यक्ति,<br>(५) त्यस्तो जग्गावालाको हकको जग्गा अरू कसैले भोग वा दृष्टि बन्धकीमा लिई कानुनबमोजिम भोगचलन गरी आएको भए त्यसरी भोगचलन गरून्जेल सो व्यक्ति । |
| **जग्गा अधिग्रहण** (Expropriation) | जग्गा अधिग्रहण भन्नाले सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको जग्गा अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो जग्गा उपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने कार्य (Eminent domain) लाई जनाउँछ । यसरी जग्गा अधिग्रहण गर्दा प्रचलित कानुनबमोजिम क्षतिपूर्ति उपलब्ध गराउनुपर्दछ *(नेपालको संविधान, धारा २५)* । यसका साथै जग्गा अधिग्रहण गर्दा र क्षतिपूर्ति उपलब्ध गराउँदा अपनाइने विधि र प्रक्रियाहरूका विषयमा विशेष कानुनी व्यवस्था गरिएको हुनुपर्छ (FAO, 2003) । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **जग्गा पुनः प्राप्ति** (Restitution) | प्राकृतिक प्रकोप, आन्तरिक द्वन्द्व, सशस्त्र युद्ध, बाह्य आक्रमण वा अन्य कुनै बाध्यात्मक कारणले आफ्नो स्वामित्वमा रहेको जग्गा गुमाएका परिवारले त्यस्तो अवस्थाको अन्त्य भएपछि पुनः आफ्नो साविकको भूमि वा पैत्रिक थलोमा फर्किएपछि आफ्नो साविकको जग्गाको स्वामित्व पाउनुलाई जग्गा पुनः प्राप्ति भनिन्छ । नेपालमा सशस्त्र द्वन्द्वको अन्त्यपछि सम्पन्न भएको शान्ति सम्झौतामा यस विषयमा स्पष्ट व्यवस्था गरिएको थियो (USAID, 2013) । |
| **जग्गाको महत्त्व पूर्वानुमान** (Land speculation) | जग्गामा तत्काल उत्पादन बढाउने उद्देश्यले नभई कुनै जग्गाको भविष्यमा आर्थिक महत्त्व बढ्न सक्छ भन्ने अनुमान गरेर जग्गा खरिद गरी ओगटेर राख्ने कामलाई जग्गाको महत्त्व पूर्वानुमान भनिन्छ । सडकको विकास, तीव्र सहरीकरण तथा परिवर्तित आर्थिक गतिविधिका कारण जग्गाको मूल्य एक्कासी वृद्धि हुने अनुमान गरेर जग्गा ओगट्ने कार्यहरू गरिएको हुन्छ र यस्तो प्रक्रियाले जग्गामाथिको किसान तथा भूमिमा आश्रित विपन्न वर्गको भूमिमाथिको पहुँच हराउँदै जाने अवस्था सिर्जना हुन्छ (USAID, 2013) । |
| **जग्गाको स्वेच्छिक पुनर्वितरण** (Voluntary redistribution of land) | राज्यले कुनै निश्चित क्षेत्रका जग्गाको अधिकतम मूल्य तोकी सोही मूल्य वा सोभन्दा कम मूल्यमा जग्गाधनी र जग्गा खरिद गर्न चाहने व्यक्तिहरूबीच स्वेच्छिकरूपमा जग्गाको कारोबार गरी जग्गाको पुनर्वितरण हुने अवस्थाको सिर्जना गर्नुलाई जग्गाको स्वेच्छिक पुनर्वितरण भनिन्छ । यो प्रक्रिया जग्गाको बजारमुखी प्रणाली भएकोले यसलाई जग्गाको पुनर्वितरण भन्नु हुँदैन भन्ने मान्यता पनि रहेको छ । यस किसिमको पुनर्वितरण प्रणाली जग्गाको असमान वितरण भएको क्षेत्रमा अव्यावहारिक हुने भए पनि कतिपय विकसित मुलुकहरूमा प्रचलनमा रहेको हुन्छ (USAID, 2013) । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **जमिनदार** (Landlord in Terai) | २०२१ सालमा भूमिसुधार लागू हुनुपूर्व तराई-मधेश क्षेत्रमा आफ्ना मातहतका जग्गाजमिनको मालपोत उठाएर बुझाई मालअड्डा र मोहीहरूका बीच मध्यस्थता गर्ने व्यक्ति र प्रशस्त जग्गाजमिन भएको व्यक्ति वा ठूलो भूमिपतिलाई जमिनदार भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७; Regmi, 1976)* । |
| **जलस्रोत** (Water resources) | जलस्रोत भन्नाले नेपाल राष्ट्रभित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ *(जलस्रोत ऐन २०४९)* । |
| **जिन्सी** (Commodity) | नगदबाहेकका अरू सरसामान, मालताल, मालसामान, जिनिस र जिनिससँग सम्बन्धित, जिनिसका रूपमा भएको धनमाल आदिलाई जिन्सी भनिन्छ । |
| **जिम्मावाल** (Landlord in hills) | २०२१ सालमा भूमि प्रशासन लागू हुनुभन्दा पहिला पहाडी भेगका जमिनको मालपोत असुल गरी सरकारमा बुझाउने प्रमुख ठेकेदारलाई जिम्मावाल भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |
| **जिमिदारी** (Land lordship) | जिमिदारी भन्नाले जिमिदार, पटवारी, तालुकदार, जिम्मावाल, मुखिया, थरी, द्वारे वा अरू कुनै नामबाट एजेण्ट खडा गरी निजद्वारा कानुनबमोजिम मालपोत असुल तहसील गरी नेपाल सरकारमा दाखिल गर्ने गराउने तथा किपट व्यवस्थासमेतलाई जनाउँछ *(भूमिसम्बन्धी ऐन २०२१)* । जिमिदारी प्रथा तराईमा रहेको थियो, जसको प्रत्यक्ष सम्बन्ध जग्गा र यसको कर संकलनसँग जोडिएको थियो *(Regmi, 1976; Caplan, 1970)*। |
| **जीविकोपार्जन** (Livelihood) | जीवन निर्वाहका लागि आवश्यक पर्ने वस्तु, स्रोत, साधन तथा माध्यमहरूको सुनिश्चितता हुनुलाई जीविकोपार्जन भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **जैविक मार्ग** (Eco Corridor) | जैविक मार्ग भन्नाले वन्यजन्तुहरू एक बासस्थानबाट अर्को बासस्थानमा आवतजावत गर्ने बाटोलाई जनाउँछ । |
| **जोखिम एवं अति संवेदनशील समूहहरू** (Vulnerable Groups) | जोखिममा परेका एवं अति संवेदनशील समूहहरू भन्नाले सुरक्षित जीविकोपार्जनका निम्ति निर्भर रहेका स्रोत र साधनहरू (जस्तैः सामाजिक, सांस्कृतिक, मानवीय, वित्तीय, प्राकृतिक, भौतिक एवं राजनीतिक आदि) माथिको सुरक्षित पहुँच कम भएका जनता एवं समुदायलाई जनाउँदछ । यस्ता जनता एवं समुदाय र उनीहरूका पूँजीमा जलवायु परिवर्तनलगायतका बाह्य दबाब र खतराको उच्च सम्भावना हुन्छ जसले त्यस्ता पूँजीहरू र सोको उपयोग गर्ने जनताको क्षमतामा प्रभाव पारेको हुन्छ । यस्ता समूहमा त्यस्ता मानिसहरू पर्दछन् जुन मानिसहरू खास गरी लैङ्गिक, जातिगत एवं सामाजिक-आर्थिक हिसाबले पछाडि पारिएका हुन्छन् । |
| **जोताहा** (Farmer) | हलो जोत्ने व्यक्ति, हली तथा खास किसान र मोहीका साथै निजको परिवारलाई जोताहा भनिन्छ । जोताहासँग निम्न विषयहरू पनि सम्बन्धित रहेका छन् :<br>✦ **जोताहा निस्सा** (Tilling certificate): कसैको जग्गा जोती कमाई आएको हो भनी मोहीको नाममा बन्ने प्रमाणपत्रलाई जोताहा निस्सा भनिन्छ ।<br>✦ **जोताहा हक** (Tenancy right): मोहियानी हकलाई जोताहा हक भनिन्छ ।<br>✦ **जोताहा पुर्जा** (Tenancy certificate): मोही हो भन्ने प्रमाणपत्र वा मोहियानी-प्रमाणपत्रलाई जोताहा पुर्जा भनिन्छ । |

## झ

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **झोरा क्षेत्र** (Newly cultivated Land) | सामान्य बोलिचालीको भाषामा जंगल फाँडेर आवाद गरिएका तराईका सबै जग्गाहरूलाई झोरा जग्गा भन्ने गरिन्छ । कानुनीरूपमा भने झोरा क्षेत्र भन्नाले झापा, मोरङ र सुनसरी जिल्लामा कानुनीरूपबाट अधिकार पाई जंगल फडानी गरी आवाद र बसोवास गरेको क्षेत्रलाई जनाउँछ *(झोरा क्षेत्रको जग्गासम्बन्धी ऐन २०२८)* । |

## ट

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **ट्रष्ट** (Trust) | व्यक्ति, समाज वा राज्यले कुनै खास लक्ष्यलाई ध्यानमा राखी सो लक्ष्यपूर्तिका निम्ति संस्था आदि स्थापना गरी उक्त संस्थाको दैनिक क्रियाकलापका लागि मूल धन नमासिने गरी अचल खातासमेत खोल्ने व्यवस्था र उक्त व्यवस्थाका निम्ति खोलिएको अचल खाता, गुठी, धन आदिलाई ट्रष्ट भनिन्छ । |

# ठ

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **ठेक्का** (Lease, contract) | ठेक्का भन्नाले सामान्यतया निम्न कार्यहरूलाई जनाउँछ *(नेपाली बृहत् शब्दकोश, २०६७)* :<br>१. जग्गा कमाएबापत बर्सेनि मोहीले तल्सिङलाई बभ्फाउनुपर्ने अन्नबाली वा कुत ।<br>२. कुनै अड्डाखाना वा सस्थालाई नियमित समयमा निश्चित परिमाणमा दिइरहनु पर्ने कबलुअनुसारको खाद्य वस्तु वा चीजबीज ।<br>३. निश्चित दर वा रकममा निर्धारित समयभित्र पूरा गर्नुपर्ने कुनै निर्माणसम्बन्धी कामको कबुल ।<br>४. बोलकबोलअनुसार गरिने कुनै पनि कामको जिम्मा । |

# त

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **तटीय अधिकार** (Riparian Rights) | नदी किनारमा जग्गा भएका व्यक्तिको उक्त नदीतटसम्म भोगाधिकार रहन्छ भन्ने मान्यता रहेको हुन्छ, जसलाई तटीय अधिकार भनिन्छ । साथै कुनै नदीमा विद्युत्, सिँचाई, बाँध आदि विकास कार्य गर्दा उक्त कार्य हुने स्थानबाट माथि तथा तल बस्ने समुदायहरूको हित प्रतिकुल हुनुहुँदैन र यस्तो अवस्था आएमा उचित क्षतिपूर्ति दिएर अनुकूलनका लागि वातावरण सिर्जना गर्नुपर्छ भन्ने मान्यता रहेको छ । यसरी उक्त निर्माण कार्यस्थलभन्दा माथिल्लो भागमा रहेका जनताको अधिकारलाई माथिल्लो तटीय अधिकार र तल्लो तटमा रहेका जनताको अधिकारलाई तल्लो तटीय अधिकार भन्ने गरिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **तमसुक** (bond) | कुनै ऋणी (ऋण लिने व्यक्ति-असामी) ले साहु (ऋण दिने व्यक्ति) लाई आफूले ऋण लिएको प्रमाणस्वरूप लेखी सहिछाप गरी दिएको कागजलाई तमसुक भनिन्छ, जसले ऋणी र साहूबीचको लेनदेन भएको लिखत प्रमाणको रूपमा काम गर्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |
| **तरल सम्पत्ति** (Liquid assets) | बैंक वा वित्तीय संस्थाको नगद मौज्दात, चल्ती खातामा राखेको मौज्दात, राष्ट्र बैंकमा राखेको मौज्दात र राष्ट्र बैंकले समय समयमा तरल सम्पत्ति भनी निर्धारण गरिदिएको बैंक वा वित्तीय संस्थाको सम्पत्तिलाई तरल सम्पत्ति भनिन्छ । |
| **तल्सिङ** (Land owner) | शर्तबमोजिम मोहीबाट बाली लिने गरी मोहीलाई जग्गा कमाउन दिने जग्गाधनीलाई तल्सिङ भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |
| **तालुक** (Higher authority) | कसैको मातहतमा रहेको क्षेत्र वा इलाका तथा कुनै जवाफदेही रहेका कुराको वास्ता, सरोकार आदि राख्ने कार्यलाई तालुक भनिन्छ । |
| **तालुकदार** (Revenue agent) | रैतीबाट मालपोत असुलउपर गरी मालमा दाखिल गर्ने र तालुकदारी कानुनबमोजिम काम गर्ने व्यक्ति, गाउँको मुखिया, जिम्मावाल आदिलाई तालुकदार भनिन्छ । |
| **तालुकवाला** (Authority) | जिल्ला वा गौँडाभरको मुख्य निकासा दिने हाकिम तथा पहिलेको जिल्ला वा गौँडाको बडाहाकिमलाई तालुकवाला भनिन्थ्यो । हाल यस्तो कार्य प्रमुख जिल्ला अधिकारीले गर्दछन् । |

# थ

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **थुम** (Small division of land in high hills) | सामान्य अर्थमा पहाडको टाकुरालाई थुम भनिन्छ । नेपाल एकीकरणपूर्व सुरक्षाको दृष्टिकोणले थुममा दरबार बनाउने चलन थियो । सोही पुरानो व्यवस्थामा खासगरी किराँत खण्डमा तिरोको आधारमा भिन्नाभिन्नै एकाइमा तोकिएका स-साना हाता वा इलाकालाई थुम भन्ने गरिन्थ्यो *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |
| **थातथलो** (Homeland) | थातथलोले कुनै विशेष जातीय समूहको पहिचानसँग नजिकको सम्बन्ध भएको भू-भागलाई जनाउँछ । यो देशभित्रको कुनै जातीय समूहको गहिरो ऐतिहासिक र सांस्कृतिक सम्बन्ध जोडिएको भ-ूभागको अवधारणा हो । थातथलो शब्दले प्राकृतिक स्रोतहरूको उपयोगको अग्राधिकारलाई जनाउँछ (IIDEA, 2014) । |
| **थैली** (Price of land) | साहुलाई तिर्नुपर्ने एकमुष्ट ऋण रकमलाई थैली भन्ने चलन छ । त्यस्तै जग्गा जमिन किनबेच गर्दा तय गरिएको जग्गाको मोललाई पनि थैली भन्ने गरिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |

# द

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **दपोट** (Using of government land without paying tax) | सरकारी जमिनको कर मालपोत, तिरो आदि नतिरी लुकाइ-छिपाइ जग्गा मात्र भोगचलन गरी खाने र अर्काको धनमाल जानाजानी दबाएर पचाउने वा आफ्नो अधीनमा पार्ने कामलाई दपोट भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |
| **दर्तावाला** (Land owner, holder) | प्रचलित नेपाल कानुनबमोजिम नेपाल सरकारमा मालपोत वा तिरो तिर्नुपर्ने गरी आफ्नो नाममा वा सामूहिकरूपले जग्गा दर्ता गरी सो दर्ताको नाताले जग्गामा हक हुने व्यक्ति वा व्यक्तिहरूलाई दर्तावाला भनिन्छ । |
| **दम्पति** (Spouse) | श्रीमान् र श्रीमतीको संयुक्त अधिकार जनाउनका लागि दम्पति शब्दको प्रयोग गरिन्छ । नेपालको संविधान अनुसार सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुन्छ *(नेपालको संविधान, धारा ३८)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **दसगजा** (Land used for border of countries) | दुई देशका बीचको सिमाना छुट्याउनका लागि दुबै देशका बीचमा दसगजा बराबर लम्बिएको सीमा क्षेत्र कायम गरिएको हुन्छ र यस्तो क्षेत्र वा भूमिलाई दसगजा भनिन्छ । दुबै देशका बीचमा रहेको यस्तो दसगजा बराबरको जग्गा दुबै देशको अधिकार क्षेत्रभित्र पर्दैन *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |
| **दाइजो** (Endowed property, dowry) | विवाहमा दुलहीका बाबु, आमाले दुलहीलाई दिएर पठाइने धनमाल (लुगा, गहना, सरसामान आदि) लाई दाइजो भनिन्छ । परापूर्व कालमा राजा रजौटाले आफ्ना छोरीबेटीलाई दाइजोका रूपमा बिर्ता दिने चलन थियो *(नेपाली बृहत् शब्दकोश, २०६७)* । नेपालको सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ ले दुलाहा दुलहीका तर्फबाट दाइजो तिलक लिन-दिनमा प्रतिबन्ध लगाएको छ, त्यसैले दाइजो तिलक लिन-दिन बाध्य पार्ने कार्यलाई गैरकानुनी मानिन्छ । |
| **दोयम** (Second class land) | दोस्रो कोटीको, मझौला खालको, अब्बलभन्दा मुनिको र सीमभन्दा माथिको जग्गालाई दोयम भनिन्छ । |
| **दोहोरो वा द्वैध स्वामित्व** (Dual ownership) | भूमिमा दुई वा सोभन्दा बढी व्यक्ति वा परिवारको स्वामित्व हुनुलाई दोहोरो स्वामित्व वा द्वैध स्वामित्व भनिन्छ । जस्तै : मोही जग्गामा मोही र जग्गावाला गरी दुई व्यक्ति वा परिवारको दोहोरो स्वामित्व रहेको हुन्छ । भूमिसम्बन्धी ऐन २०२१ मा दोहोरो स्वामित्व अन्त्यका लागि कानुनी प्रक्रियाहरू तय गरिएको छ भने नेपालको संविधानले भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि सुधार गर्ने नीति लिएको छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **दैवी प्रकोप** (Natural disasters) | दैवी प्रकोप भन्नाले भूकम्प, आगलागी, आँधीबेहरी, बाढीपहिरो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, महामारी तथा यस्तै अन्य प्राकृतिक प्रकोपलाई जनाउँछ र सो शब्दले औद्योगिक दुर्घटना वा विष्फोटक वा विषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै अन्य कुनै पनि प्रकारको प्रकोपलाई समेत जनाउँछ *(दैवी प्रकोप (उद्धार) ऐन २०३९)* । |

# ध

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **धनीपुर्जा** (Land certificate) | सम्बन्धित मालपोत कार्यालयबाट जग्गाधनीको प्रमाणस्वरूप दिइने जग्गाधनी प्रमाणपुर्जालाई धनीपुर्जा भनिन्छ । |
| **धितो वा धितोबन्धक** (Mortgage or Security mortgage) | आसामीले लिएको ऋणबापत साहु वा धनीलाई तमसुकमा लेखिदिएको घर, जग्गा आदि तथा सापटीका रूपमा रकम लिएबापत समयमा बुझाउन नसके साहु स्वयंले भोगचलन गर्ने र समयमा बुझाउन सके ऋणीले फिर्ता पाउने कबुल गरी राखिएको घरजग्गा, गरगहना आदिलाई धितो बन्धक भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |

# न

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **नक्सा** (Maps) | रेखाद्वारा तयार गरिएको कुनै चित्र, रेखाचित्र वा देश, सहर, नदी, पहाड, समुद्र आदिको सङ्केतसहित लेखिएको पृथ्वी वा खगोलको चित्र, मानचित्र, भूचित्र वा घर, मन्दिर, पुल आदि बनाउन तयार पारिने, नाप-नमुनासहितको चित्रलाई नक्सा भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । त्यस्तै नक्सा भन्नाले भवन निर्माणसम्बन्धी सम्पूर्ण रेखाचित्र, विवरण र अन्य कागजपत्रलाई जनाउँछ *(भवन ऐन, २०५५)* । |
| **नक्सा पास** (Design permit) | नियमानुसार नक्सा पास गर्ने कामलाई नक्सा पास भनिन्छ । |
| **नक्सा फाँट** (Survey section) | घर, पर्खाल आदिको नक्सा दर्ता गर्ने वा तत्सम्बन्धी काम गर्ने शाखालाई नक्सा फाँट भनिन्छ । |
| **नगरउन्मुख क्षेत्र** (Peri-urban area) | नगरउन्मुख क्षेत्र भन्नाले सहरसँग सिमाना जोडिएका वा गाउँ भइकन पनि नगर क्षेत्रमा जस्तै भौतिक पूर्वाधारको विकास गरिएका क्षेत्रहरूलाई नगरउन्मुख क्षेत्र भनिन्छ, जहाँको जमिनको मूल्य र महत्त्व ग्रामीण क्षेत्रको भन्दा बढी रहेको हुन्छ (IIED, 2000) । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **नदीउकास जमिन** (Riverine land) | नदीले आफ्नो साविक वा नियमित धार तथा बाटो परिवर्तन गरी अन्यत्रबाट बग्न सुरू गरेका कारण नदीले ठाउँ छोडी कायम हुन आएको जमिनलाई नदी उकास जमिन भनिन्छ । नदी उकास जमिन प्रायः खेती गर्न लायक रहेको हुन्छ र यस्तो नदी उकास जमिनमा साविकका जग्गावालाको हक रहन्छ । |
| **नदी कटान क्षेत्र** (Sandy land left by the flowing river) | अतिवृष्टि भई खोलो बगेको ठाउँबाट ढिस्को खसी माटोले पुरेको, नदीले काटेको र बालुवाले पुरेको जग्गालाई नदीकटान क्षेत्र भनिन्छ । |
| **नम्बरी जग्गा** (Registered land) | सरकारलाई मालपोत बुझाउने गरी दर्ता भएको जग्गालाई नम्बरी जग्गा भनिन्छ । |
| **नाउँसारी** (Ownership transfer) | कुनै एक वा एकथरी व्यक्तिका नाममा भएको कागजपत्र अर्को वा अर्कोथरी व्यक्तिका नाममा सार्ने वा लेख्ने काम वा नामसारीलाई नाउँसारी भनिन्छ । |
| **नागरिक** (Citizen) | नागरिक भन्नाले नेपालको नागरिकलाई जनाउँछ *(नेपालको संविधान, धारा ३०६)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **नाबालक** (Minor) | नेपाल नागरिकता ऐन २०६३ बमोजिम नाबालक भन्नाले सोह्र वर्ष उमेर पूरा नभएको व्यक्तिलाई जनाउँछ *(नेपाल नागरिकता ऐन २०६३)* । तर प्रस्तावित देवानी संहिता, २०७१ मा नाबालक भन्नाले अठार वर्ष उमेर पूरा नगरेको बालबालिकालाई जनाउँछ भन्ने व्यवस्था प्रस्ताव गरिएको छ *(प्रस्तावित देवानी संहिता २०७१)* । |
| **नालिस** (Lawsuit) | नालिस भन्नाले फिरादपत्रलाई जनाउँछ र सो शब्दले अन्य कुनै किसिमको उजुरी, दाबी वा प्रतिदाबी समेतलाई जनाउँछ *(प्रस्तावित देवानी संहिता २०७१)* । |
| **नापजाँच** (Measurement and evaluation) | जग्गाको नापजाँच वा पुनः नापजाँच गरी जग्गावाला र मोहीसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने, जग्गाको नक्सा तयार गर्ने, क्षेत्रफल यकिन गर्ने, किसिम वर्गीकरण गर्ने वा नक्सा वा स्रेस्ताको आधारमा क्षेत्रीय किताबमा जग्गा दर्ता गर्ने कार्यलाई नापजाँच भनिन्छ । नापीका लागि हवाई सर्वेक्षण, नियन्त्रण बिन्दु स्थान खडा गर्ने तथा विभिन्न मानमा स्थलरूप नापी गरी नक्सा प्रकाशन गर्ने/गराउने कार्यसमेत गरिन्छ । |
| **नापनक्सा** (Drawing of land showing all round measurement) | जग्गाको लम्बाइ, चौडाइको परिमाण र त्यसको रेखाचित्र बनाउने र जग्गा नाप्ने तथा त्यसको नक्सा खिच्ने कामलाई नापनक्सा भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **नापी** (Survey, land measurement) | जमिन आदिको लम्बाइ-चौडाइको परिमाण लिने, जमिन आदि नाप्ने, सर्वेक्षण, क्षेत्र मापन, भूमापन गर्ने कामलाई नापी भनिन्छ । |
| **निजीकरण** (Privatization) | निजीकरण भन्नाले सार्वजनिक संस्थानहरूको व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागिता गराउने, बिक्री गर्ने, भाडामा दिने, सरकारी स्वामित्वलाई जनसाधारणमा लैजाने वा अन्य कुनै माध्यमबाट निजी क्षेत्र वा त्यस्ता संस्थानका कर्मचारी, कामदार वा इच्छुक सबै समूहको आंशिक वा पूर्ण सहभागिता गर्ने, गराउने कार्यलाई जनाउँछ *(निजीकरण ऐन २०५०)* । निजीकरण गर्दा सरकारी कृषि भूमि, सार्वजनिक संस्थान रहेका र धेरै जमिन ओगटेका संस्थानहरू पनि निजीकरण हुने भएको हुँदा यसबाट त्यस्ता जमिनमा सर्वसाधारण किसान र भूमिहीनहरूको पहुँच कम हुने अवस्था सिर्जना हुन जान्छ । |
| **निजी क्षेत्र** (Private sector) | निजी क्षेत्र भन्नाले सरकारी क्षेत्र बाहेकका अन्य क्षेत्र र स्वतन्त्र अर्थतन्त्रलाई जनाउन निजी क्षेत्र भन्ने शब्दावलीको प्रयोग गरिन्छ *(निजीकरण ऐन २०५०)* । |
| **निजी वन** (Private forest) | निजी वन भन्नाले प्रचलित कानुनबमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वनलाई जनाउँछ *(वन ऐन २०४९)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **निजी जल** (Private water) | निजी जल भन्नाले व्यक्ति विशेषले नेपाल सरकारलाई मालपोत वा भूमिकर तिरिराखेको जमिनमा भएको निजको हक र उपभोगको ताल, दह, पोखरी, तलाउ वा जलाशयलाई जनाउँछ *(जलचर संरक्षण ऐन २०१७)* । |
| **नियमित दर्ता** (Systematic registration) | राज्यद्वारा कुनै निश्चित क्षेत्रमा रहेका सबै जग्गाहरूलाई नियमितरूपमा नापजाँच गरी अभिलेख राखी सबै जग्गाहरूको एकै पटक लगत तथा विवरण तयार गरी जग्गाधनी प्रमाणपुर्जा वितरण गरी जग्गाको स्वामित्व सिर्जना गरिनुलाई जग्गाको नियमित दर्ता भनिन्छ । यस्तो प्रक्रिया लामो र खर्चिलो भए पनि व्यवस्थित र कम विवाद हुने प्रकृतिको हुन्छ (USAID, 2013) । |
| **निवास** (Residence) | घर, गृह, घरबास भएको क्षेत्र वा ठाउँ, गाउँ वा टोललाई निवास भनिन्छ । |

# प

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **पर्ति** (Barren, uncultivated land) | आवादी वा खनजोत नभएको, बाँझो, हाल आवादी नगरेको, खनजोत नभएको वा नगरिएको, बालीनाली नलगाएको वा बाँझो जग्गालाई पर्ति भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |
| **पर्ति दर्ता** (Registration of uncultivated land to cultivate) | पर्तिमा रहेको ठाउँलाई व्यक्तिको नाउँमा आवादी वा कमोत भनी गराइने दर्ता र आवादीमा परिणत गर्ने कामलाई पर्ति दर्ता भनिन्छ । |
| **प्रथाजनित भूमि अधिकार** (Customary land rights) | प्रथाअनुसार भूमिको उपयोग गर्ने अधिकारलाई प्रथाजनित भूमि अधिकार भनिन्छ । यस्तो अधिकार लिखित कानुनको आधारमा नभई प्रथा तथा आदिवासी समुदायको स्थानीय चलनअनुसार स्थापित भएको हुन्छ । जस्तो वन, चरिचरन, पानी आदि रहेका भूमिको उपयोगका लागि विभिन्न स्थानीय प्रथाहरूको विकास गरिएको हुन्छ (FAO, 2003) । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **परम्परागत सिंचाइ प्रणाली** (Farmers-managed irrigation system) | परम्परागत सिंचाइ प्रणाली भन्नाले किसानद्वारा निर्मित एवं सञ्चालित प्रणालीका साथै नदी, खोला तथा पानीका स्रोतमा किसान आफैँले बाँध बनाई कुलो/नहरद्वारा सिंचाइ गर्ने वा ट्युबवेलको माध्यमद्वारा भूमिगत पानी प्रयोग गरी सिंचाइ गर्ने प्रणालीलाई जनाउँछ *(सिंचाइ नीति २०७०)* । |
| **परम्परागत ज्ञान** (Traditional knowledge) | परम्परागत ज्ञान भन्नाले भूमि, प्राकृतिक एवं जैविक स्रोतको संरक्षण एवं उपयोगको बारेमा आदिवासी, स्थानीय व्यक्ति वा समुदायमा निहित रहेका ज्ञान, सीप, खोज, प्रविधि र अभ्यास सम्झनुपर्छ *(कृषि जैविक विविधता नीति २०६३)* । |
| **परिवार** (Family) | परिवारको परिभाषा विभिन्न कानुनमा सो कानुनको उद्देश्यअनुसार विभिन्न किसिमले गरिएको छ । भूमिसँग सम्बन्धित रहेका कानुनहरूमा परिवारको परिभाषा निम्न किसिमले गरिएको छः<br>✦ ***कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८ :*** परिवार भन्नाले बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा वा अविवाहिता छोरी सम्झनुपर्छ र सो शब्दले घरको मुख्य भई काम गर्ने व्यक्ति नै कमैया श्रमिक भएकोमा निजका एकासगोलका अंशियारसमेतलाई जनाउँछ ।<br>✦ ***भूमिसम्बन्धी ऐन २०२१ :*** कुनै व्यक्तिका सम्बन्धमा "परिवार" भन्नाले सो व्यक्ति र निजको देहायको अवस्थाका नातेदारसम्मलाई सम्झनुपर्छ : |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **परिवार**<br>(Family) | (१) अंश छुट्टिएको वा नछुट्टिएको जे भए तापनि पति वा पत्नी,<br>(२) बाबु वा आमा जीवित छउन्जेल अंश छुट्टिएको वा नछुट्टिएको जे भए तापनि १६ वर्ष उमेर नपुगेका छोरा, छोरी ।<br>✦ ***सुकुम्बासी समस्या समाधान आयोग गठन आदेश २०७१ :*** परिवार भन्नाले एकासगोलका बाजे, बज्यै, बाबु, आमा, पति, पत्नी, छोरा, छोरी, छोराबुहारी, धर्मपुत्र र धर्मपुत्रीलाई जनाउँछ । |
| **पशु**<br>(Livestock) | पशु शब्दको परिभाषा पनि प्रसङ्गअनुसार फरक फरक रहेको देखिन्छ :<br>✦ ***पशु वधशाला र मासु जाँच ऐन २०५५ :*** पशु भन्नाले गाई, गोरू, साँढे बाहेक भाले जातको खसी तुल्याइएको वा नतुल्याइएको बोका, भेडा, च्याङ्ग्रा, सुंगुर, बंगुर, बँदेल, राँगो, खरायो वा मासुका लागि योग्य देखिएको भैंसी, बाख्रा, पोथी जातको भेंडा, च्याङ्ग्रा, सुंगुर, बंगुर, बँदेल वा खरायोलाई जनाउँछ र सो शब्दले भाले वा पोथी जातको कुखुरा, हाँस, परेवा वा मासुको प्रयोजनका लागि पालिएको अन्य पशुपंक्षीसमेतलाई जनाउँछ ।<br>✦ ***पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ :*** पशु भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावरलाई जनाउँछ र सो शब्दले पंक्षी र माछालाई समेत जनाउँछ ।<br>✦ ***वन ऐन २०४९ :*** चौपाया भन्नाले जुनसुकै जातको पाल्तु चारखुट्टे जनावरलाई जनाउँछ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **पुनर्वास** (Rehabilitation, resettlement) | एक ठाउँको घरबास क्षति भएपछि अर्को ठाउँमा नयाँ गरिने बसोबास, बसाइँ, विस्थापित अवस्थाका परिवारलाई अन्यत्र स्थापित तुल्याउने कामलाई पुनर्वास भनिन्छ । सरकारको पूनर्वास योजना कार्यान्वयन गर्न, कुनै प्राकृतिक प्रकोपबाट कसैको घरबास स्थायीरूपमा क्षति भएर विस्थापितलाई पुनर्स्थापना गर्न, ठूला विकास परियोजना स्थापनाको क्रममा विस्थापित गराइएका परिवारलाई पुनर्स्थापना गर्न र अन्य कुनै सरकारी योजना कार्यान्वयनका क्रममा पनि पुनर्वास कार्यक्रम सञ्चालन गरिन्छ । बसोबासविहीन परिवारलाई बसोवास प्रयोजनका लागि पनि पुनर्वास कार्यक्रम सञ्चालन गरिएको हुन्छ । पूनर्वास स्वेच्छिक र बाध्यात्मक गरी दुई किसिमको हुन्छ । स्वेच्छिक पुनर्वासमा स्थानान्तरण हुन चाहने परिवारले स्वेच्छिकरूपमा नै पुनर्स्थापनामा जान चाहन्छन् तर बाध्यात्मक पुनर्वासमा विस्थापन गराइने परिवारको पूर्व सहमति नलिई बाध्यात्मकरूपमा पुनर्वास गराइन्छ । |
| **पुनर्निर्माण** (Reconstruction) | पुनर्निर्माण भन्नाले भूकम्पबाट भएको क्षतिको दीगो, दरिलो र योजनाबद्धरूपमा गरिने आर्थिक, सामाजिक वा भौतिक विकास तथा पुनर्स्थापनासम्बन्धी कार्यलाई जनाउँछ *(भुकम्प प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी अध्यादेश २०७२)* । |
| **पूर्वसावधानी** (Precaution) | कुनै घटना हुनुभन्दा पहिला नै उक्त घटना हुन नदिन वा त्यस्तो घटना भएमा कसरी सुरक्षित रहने भन्नेबारेमा अवलम्बन गरिने पूर्व सचेतना वा प्रबन्धलाई पूर्वसावधानी भनिन्छ । खास गरी प्राकृतिक प्रकोपका सन्दर्भमा यस्तो प्रबन्ध गरिन्छ भने भूमिमा गरिएका कृषिजन्य कार्यहरूको सुरक्षा र भूमिको उत्पादकत्व सुरक्षाका लागि पनि पूर्वसावधानी अपनाउनुपर्ने हुन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **पूर्वाधार संरचना** (Infrastructures) | पूर्वाधार संरचना भन्नाले सडक, सुरूङ मार्ग, पुल, अस्पताल, नहर, विद्युत उत्पादन गृह, विद्युत् प्रसारण लाइन, केबुलकार लाइन, रेल्वे लाइन, ट्रलीबस संरचना, ट्रामवे, सुख्खा बन्दरगाह, जलमार्ग, परिवहन बिसौनीस्थल, विमानस्थल, प्रदर्शनीस्थल, पार्क, जलाशय, बाँध, ढल निकास, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, ऊर्जा उत्पादन तथा वितरण, रङ्गशाला, सार्वजनिक सभागृह, बहुआवासीय भवन वा सार्वजनिक गोदामघर सम्झनुपर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचनासमेतलाई जनाउँछ *(पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन २०६३)* । |
| **पुर्जा** (Receipt) | सानातिना कुराको टिपोट भएको कागत, सानातिना कुरा छोटकरीमा टिपिएको कागत, सानोतिनो चिठी वा पत्र, पुर्जी आदिलाई पुर्जा भनिन्छ । |
| **पूर्णाधिकार सुरक्षाका लागि गणना** (Enumerations for tenure security) | स्वास्थ्य, सुरक्षा र भूस्वामित्वको दृष्टिकोणले अव्यस्थित बस्ती वा सुकुम्बासी बस्तीहरूलाई व्यवस्थित गर्दै त्यस्तो बस्तीमा बासोबास गरेका बासिन्दाहरूको घरजग्गा माथिको अधिकारलाई सुरक्षित गर्नका लागि त्यस्तो बस्तीको सम्पूर्ण विवरण तयारी र अद्यावधिक हुनु आवश्यक हुन्छ । यसका लागि अव्यवस्थित बस्तीमा बसेका परिवारहरूलाई नै सहभागी गराई त्यस्तो विवरण तयारी गरिनुलाई पूर्णाधिकार सुरक्षाका लागि गणना भनिन्छ । यस्तो गणनामा खास गरी त्यस्ता परिवारले बसोबास गरेको जग्गाको स्वामत्विको स्वरूप र उनीहरूको घर छाप्रोको अवस्थालाई ध्यान दिइन्छ । यसरी तयार भएको विवरणलाई त्यस्ता अव्यस्थित बसोबासीहरूको अधिकार सुनिश्चिततासहित कसरी बसोबास व्यस्थित गर्ने भन्नेबारेमा नयाँ योजना बनाउने प्रचलन रहेको हुन्छ (UN-Habitat and GLTN, 2015) । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **पुरूष-प्रधान उत्तराधिकार** (Patrilineal inheritance) | प्रथा परम्परा वा कानुनअनुसार कुनै परिवारको स्वामित्वमा रहेको भूमिलगायतका सम्पत्ति सो परिवारका पुरूषतर्फका सन्तानमा स्वामित्व सर्दै जाने पद्धतिलाई पुरूष प्रधान उत्तराधिकार भनिन्छ (USAID, 2013) । |
| **पैतृक सम्पत्ति** (Inheritance property) | समाजिक प्रथा वा राज्यको कानुनबमोजिम एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने सम्पत्तिलाई पैतृक सम्पत्ति भनिन्छ । नेपालको संविधानको धारा १८ बमोजिम पैतृक सम्पत्तिमा लैंगिक भेदभाव बिना सबै सन्तानको समान हक हुने व्यवस्था गरिएको छ । नेपालमा पैतृक सम्पत्तिलाई सम्पत्ति प्राप्तिको एउटा प्रमुख आधार मानिन्छ । |
| **पोत** (Land tax) | पोत भन्नाले उखडा जग्गा कमाउन दिएबापत किसानले जग्गाधनीलाई बुझाउनुपर्ने स्नैयाँलाई जनाउँछ *(उखडासम्बन्धी ऐन २०२१)* । |
| **प्रतिकूल भोग** (Adverse possession) | कुनै भूमिमा अरूको स्वामित्वलाई अस्वीकार गर्दै कानुनद्वारा निर्धारित समयसम्म र निर्धारित प्रक्रियाबमोजिम भूमिको कुनै निश्चित क्षेत्र भोग गर्ने गरी जमिनको स्वामीसरह नै जमिनको भोग गर्नुलाई प्रतिकूल भोग भनिन्छ । प्रतिकूल भोगमा एउटा विशेषता के हुन्छ भने कुनै व्यक्तिले त्यस्तो जग्गा भोग गर्नुपूर्व उक्त जग्गा कुनै अर्को व्यक्तिको स्वामित्वमा रहेको हुन्छ । त्यसैले प्रतिकूल भोग एक किसिमको कब्जा जस्तै हो । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **प्रदेश** (Province) | प्रदेश भन्नाले संविधानबमोजिम संघीय इकाइमा विभाजन गरिएको नेपालको संघीय इकाइको क्षेत्र र स्वरूपलाई जनाउँछ *(नेपालको संविधान, धारा ३०६)* । |
| **प्राकृतिक सिमाना** (Natural border) | पहाडको शृङ्खला, चुचुरो, भन्ज्याङ, नदी, ताल र समुद्रका किनारा जस्ता प्रकृतिले नै अङ्कन गरेको रेखालाई प्राकृतिक सिमाना भनिन्छ । |

# फ

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **फौजदारी कानुन** (Criminal law) | चोरी-डकैती आदि सरकारवादी ठहरिने मुद्दामा प्रयोग गरिने र सजाय व्यवस्था भएको कानुनलाई फौजदारी कानुन भनिन्छ । |

# ब

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **बस्ती**<br>(Settlement) | मानिसको घरबार भएको क्षेत्र वा थलोलाई बस्ती भनिन्छ । |
| **बन्धकी तमसुक**<br>(Mortgage deed) | बन्धक राखिएको लिखतलाई बन्धकी तमसुक भनिन्छ । |
| **बकस**<br>(Reward, prize, gift, present, tips) | आफ्नो सम्पत्तिको हक छाडी हकवालालाई दिइएको सम्पत्ति बकस हो । |
| **बकसपत्र**<br>(Deed of legacy/gift) | आफ्नो सम्पत्ति हकवालालाई दिँदा हक छाडी गरिदिने लिखतलाई बकसपत्र भनिन्छ । हकवाला अर्थात् नातेदारलाई दान भनी लिखत लेख्ने चलन रहेको हुँदैन । |
| **बगर**<br>(Sandy land) | खोलाले छाडेको बलौटे जमिन वा नदीनालाका किनारको जग्गालाई बगर भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **बजार** (Market) | सामान खरिद बिक्री गर्ने वा हुने व्यापारिक ठाउँ, मेला, जमघट आदिलाई बजार भनिन्छ । |
| **बन्धक** (Pledge) | ऋणीले सापटी लिएर नतिरून्जेललाई साहुकहाँ राखिएको धितो वा धरोटलाई बन्धक भनिन्छ । |
| **बन्धकी** (Mortgage) | कुनै अचल सम्पत्ति धितो राखी इच्छामाफिकको ब्याज दिन कबुल गरी यति भाकाभित्र साँवाब्याजसमेत नबुझाएमा सो धितोबाट असुलउपर गर्नू भनी बन्धक राख्दा लेखिदिने तमसुकलाई बन्धकी वा दृष्टिबन्धकी भनिन्छ । (यसमा धनीका नाममा जग्गाजमिन धितो राखे पनि सो धितो ऋणीले नै चलनचल्ती वा भोगचलन गरेको हुन्छ ।) *(नेपाली बृहत् शब्दकोश, २०६७)* । निम्न किसिमका बन्धकहरू प्रचलनमा रहेको पाइन्छ :<br>✦ **दृष्टिबन्धकी** : अचल सम्पत्ति धितो वा जिम्मामा राखेर ऋण लिई पछि तिर्न नसकेमा सोही सम्पत्ति हकभोग गर्न पाउने गरी लेखिएको कागत वा त्यस्तो लिखतको प्रक्रियालाई दृष्टिबन्धकी भनिन्छ । दृष्टिबन्धक राखिएकोमा भाखा नपुगी दृष्टिबन्धक दिएको असामीको धितो घर जग्गा साहुले चलन गर्न पाउँदैन ।<br>✦ **भोगबन्धकी** : यति समयसम्म ऋण निखन्ने छैन र सो समयसम्म यो सम्पत्ति भोग गर्नू भनी लेखिदिएको तमसुकलाई भोगबन्धकी भनिन्छ ।<br>✦ **लखबन्धकी** : आफूले बन्धकमा लिएर भोग गरेको घरजग्गा आदि फेरि अर्कालाई बन्धक राख्ने काम अर्थात् बन्धकमाथिको पनि बन्धकलाई लखबन्धकी भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **बादी समुदाय** (Marginalized communities) | बादी समुदाय भन्नाले परम्परादेखि नाचगानलगायतका व्यवसाय सञ्चालन गरी सोही व्यवसाय र पहिचानका आधारमा जीविकोपार्जन गरिरहेका आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका उपेक्षित, उत्पीडित र सीमान्तकृत समुदाय सम्झनुपर्छ *(बादी समुदाय उत्थान विकास समिति (गठन) आदेश २०६८)* । |
| **बारी** (Cultivated land without irrigation) | सिंचाइ उपलब्ध हुन नसके पनि सिंचाइ नगरी विभिन्न खेतिपाति गर्नका लागि आवाद गरी खेती गरिँदै आएको जमिनलाई बारी भनिन्छ । बारीसँग निम्न भूमि तथा जमिनहरू पनि सम्बन्धित रहेका छन् ।<br>✦ **घरबारी** : घरबारी भन्नाले मानिस बसोबास गर्ने घर र सो घरले चर्चेको जग्गालाई जनाउँछ र सो शब्दले घरसँग जोडिएको वा फरक रहेको गोठ, भकारी, इनार, पोखरी, ग्यारेज, तबेला, फलफूलको बगैंचा, तरकारी बारी, बाँस घारी, खरबारी, खेलकुद वा मनोरन्जन गर्ने ठाउँ र सोसरहको अरू कुनै काममा लगाइएको जग्गालाई समेत जनाउँछ *(भूमिसम्बन्धी ऐन २०२१)* ।<br>✦ **खरबारी खन्यान** (pasture land) : खर उम्रेको वा खर हुने जग्गा वा खरबारीलाई खन्यान भनिन्छ ।<br>✦ **खेतबारी** (a kind of land where all types of grains can be grown) : धान, गहुँ तथा दलहन खेतीहरू रोप्ने खेत र मकै आदि रोप्ने पाखोबारी सँगसँगै भएको जग्गालाई खेतबारी भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **बाली** (Harvest, crop, yield) | निम्न ऐन तथा निर्देशिकामा बालीको परिभाषा फरक फरक किसिमले गरिएको छ :<br>✦ ***बीउ बिजन ऐन २०४५ :*** बाली भन्नाले फलफूल, खाद्यान्न, तरकारी, नगदेबाली तथा घाँसबाली जस्ता बालीलाई जनाउँछ ।<br>✦ ***बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका २०७० :*** बाली भन्नाले खेती गरिएका अन्न, तरकारी, फलफूल, नगदे बाली, औद्योगिक बालीलगायतका कृषि उपजलाई जनाउँछ र यस शब्दले मत्स्यपालन, मौरीपालन, रेशम खेती, च्याउ खेतीसमेतलाई जनाउँछ । |
| **बालीनाली** (Crop) | खेतबारीमा लगाइएको वा लगाइने बाली, खेतीपाती, बालीबिरूवा आदिलाई बालीनाली भनिन्छ । |
| **बासिन्दा** (Inhabitant) | कुनै ठाउँको निवासी, बासी, रैथाने आदिलाई बासिन्दा भनिन्छ । |
| **बिर्ता** (Granted land) | बिर्ता जग्गा भन्नाले सरकारी मालपोत जम्मै माफी गरी वा त्यस ठाउँको त्यस्तै किसिमका रैकर जग्गामा लागेको मालपोतभन्दा कम तिर्ने गरी पाएको वा हक भइरहेको सबै किसिमको जग्गालाई जनाउँछ *(बिर्ता उन्मूलन ऐन २०१६)* । राज्यका तर्फबाट व्यक्तिलाई यस्ता जग्गाहरू उपलब्ध गराइन्थ्यो । बिर्ता उन्मूलन ऐन २०१६ लागू भएपश्चात् यो प्रचलन अन्त्य भएको छ (Regmi, 1976) । सोभन्दा पहिला नेपालमा निम्नअनुसारका बिर्ताहरू प्रचलनमा रहेका थिए : |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **बिर्ता** (Granted land) | ✦ **अग्रहार** : कुनै व्यक्तिले स्नातकत्व वा विद्वता पाई फर्केपछि उसलाई जीविकाका लागि सरकार, तत्कालीन राजा वा कुनै संस्थाद्वारा दिइने जमिन, बिर्ता, पूँजी आदि वस्तुलाई अग्रहार भनिन्छ । प्राचीनकालमा राजसंस्थाले ब्राह्मणलाई दानदातव्यका रूपमा दिएको जमिन तथा कुशबिर्तालाई पनि अग्रहार भनिन्छ ।<br>✦ **खुवा बिर्ता** : राणा शासनकालमा विभिन्न पदका रोलवालाहरूको हात खर्चका लागि आम्दानी पाउने गरी पदअनुसार तोकिएको जग्गालाई खुवा बिर्ता भनिन्छ ।<br>✦ **गुठी बिर्ता** : गुठीका लागि दिइएको बिर्तालाई गुठी बिर्ता भनिन्छ ।<br>✦ **छाप बिर्ता** : निश्चित कर तिरी बाँचुञ्जेल कमाई गरेर खानका लागि दिइएको बिर्तालाई छाप बिर्ता भनिन्छ ।<br>✦ **दाइजो बिर्ता** : राजा रजौटाले आफ्ना छोरीबेटीलाई दाइजोका रूपमा दिएको बिर्तालाई दाइजो बिर्ता भनिन्छ ।<br>✦ **पाखा बिर्ता** : बासट्ठीहरणपछि बाँकी रहेको बिर्ता अथवा वि.सं. १९६२ मा सरकारले राष्ट्रियकरण गर्दा छाडिएको जमिनलाई पाखाबिर्ता भनिन्छ ।<br>✦ **पाटी बिर्ता** : पाटीपौवाको संरक्षण र व्यवस्था मिलाउने व्यक्तिले निर्वाहका निम्ति पाएको बिर्ता वा पौवालीको बिर्तालाई पाटी बिर्ता भनिन्छ ।<br>✦ **पोता बिर्ता** : थोरै मात्रामा भूमिकर तिरेर भोगचलन गरिने जग्गा वा थोरै मात्र पोता लागेको काठमाण्डौं उपत्यकामा रहेको बिर्ता जग्गालाई पोता बिर्ता भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **बिर्ता**<br>(Granted land) | ✦ **फिक बिर्ता** : राजाका फिकदार नोकरचाकरलाई दिइएको बिर्ता जग्गालाई फिक बिर्ता भनिन्छ ।<br>✦ **बितलब बिर्ता** : विशेष काम वा सेवा आदि गर्दा तलबबाहेक पाइने बिर्ता, सरकारी तिरोभरोसमेत मिनाहा भएको जग्गालाई बितलब बिर्ता भनिन्छ ।<br>✦ **बेख बिर्ता** : पूर्व शताब्दीहरूमा धेरै इलाकामा प्रचलित भए पनि भूमि सुधार आरम्भ हुने समयमा भने पूर्वी नेपालका माझ किरौँत तथा पल्लो किरौँतमा मात्र प्रचलित राई-लिम्बूहरूलाई लालमोहर गरेर दिइएको कहिल्यै राजीनामा हुन नसक्ने अथवा जसका नाममा सो जग्गा लेखिएको छ उसैका सन्तान-दरसन्तानले भोगचलन गर्नुपर्ने जग्गा र मालपोत तिर्न नपर्ने बिर्ता, बेख र बिर्ताको समूहलाई बेख बिर्ता भन्ने गरिन्छ ।<br>✦ **माफी बिर्ता** : तिरो तिर्न नपर्ने बिर्ता जग्गालाई माफी बिर्ता भनिन्छ । हाल यस्ता जग्गा रैकरमा परिणत भएका छन् ।<br>✦ **सट्टा बिर्ता** : वि.सं. १९६२ मा सरकारलाई पायक पर्ने जग्गा हरण भई त्यसको सट्टामा दिइएको बिर्ता जग्गालाई सट्टा बिर्ता भनिन्छ ।<br>✦ **सुन बिर्ता** : राजा/महाराजाले सुन र कुश साक्षी राखेर दिइएको बिर्ता, किनिएको बिर्ता जग्गालाई सुन बिर्ता भनिन्छ ।<br>✦ **सेवा बिर्ता** : शासकवर्गलाई विशेष सेवा गरेवापत प्रदान गरिने बिर्तालाई सेवा बिर्ता भनिन्थ्यो । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **बिर्ता** (Granted land) | ✦ **सोह्रानी** : राणाकालका थरी मुखियाहरूलाई तिरो उठाएर सरकारलाई बुझाएबापत भोगचलन गर्न दिइएको जिम्मेदारीसहितको बिर्तालाई सोह्रानी भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७, पृष्ठ १३०५)* ।<br>✦ **तिरूवा माफी बिर्ता** : तिरो तिर्न नपर्ने बिर्ता तथा पूरा बिर्तालाई तिरूवा माफी बिर्ता भनिन्छ ।<br>✦ **तिरूवा बिर्ता** : केही पोत वा मालपोत तिर्नुपर्ने गरी पाएको बिर्तालाई तिरूवा बिर्ता भनिन्छ । |
| **बिर्तावाल** (Owner of granted land) | बिर्तावाल भन्नाले जसका नाममा बिर्ता जग्गा दर्ता छ वा जसका नाममा बिर्ता जग्गा प्रदान गरेको लिखत छ वा जसले बिर्ता जग्गा भनी भोग गरेको छ त्यस्ता व्यक्ति वा त्यस्ता व्यक्तिका बिर्ता जग्गा भोग गर्ने हकदारलाई र भोग वा दृष्टिबन्धकी लिई वा अरू कुनै व्यहोराले लिई भोग गरेमा त्यस प्रकार भोग गरूञ्जेल निज वा त्यस्तो जग्गा भोग गर्ने निजका हकवालालाई समेत जनाउँछ *(बिर्ता उन्मूलन ऐन २०१६)* । नेपालमा २०१६ सालपश्चात् बिर्तावालको अस्तित्व रहेको छैन । |
| **बेनिस्सा** (Land without records) | जग्गा आवाद गरी भोगचलन गरिँदै आएको भए पनि सरकारी अभिलेख नभएको र दर्ता नभएको जग्गालाई बेनिस्सा जग्गा भनिन्छ । |

# भ

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **भवन**<br>(Building) | भवन भन्नाले आवासीय, औद्योगिक, व्यापारिक, कार्यालय, सभागृह, अस्पताल, शीत भण्डार, गोदाम घर वा अन्य कुनै प्रयोगका लागि बनेको कुनै भौतिक संरचनालाई जनाउँछ र सो शब्दले त्यस्तो संरचनाको कुनै भागलाई समेत जनाउँछ *(भवन ऐन २०५५)* । |
| **भवन निर्माण**<br>(Construction of building) | भवन निर्माण भन्नाले नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसँग सम्बन्धित अन्य कार्यलाई जनाउँछ *(भवन ऐन २०५५)* । |
| **भूकम्प प्रभावित क्षेत्र**<br>(Earthquake affected zone) | भुकम्प प्रभावित क्षेत्र भन्नाले भूकम्पका कारण व्यापकरूपमा मानवीय वा भौतिक क्षति भई विशेष प्रकृतिको योजना वा कार्यक्रमबाट विस्थापितहरूको पुनर्वास र भौतिक तथा सामाजिक संरचनाहरूको पुनर्निर्माण गर्नुपर्ने भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै क्षेत्रलाई जनाउँछ *(भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन २०७२)* । |
| **भू-उपयोग**<br>(Land use) | भू-उपयोग भन्नाले भूमिको पर्यावरणीय, भौगोलिक, भौगर्भिक र सामाजिक-आर्थिक अवस्थालाई मध्यनजर गरी बुद्धिमत्तापूर्णरूपमा महत्तम उपयोगअनुसार विभिन्न क्षेत्रमा विभिन्न प्रकारले जग्गाको विभाजन गरी प्रयोगमा ल्याउने प्रयोजनलाई सम्झनु पर्छ *(भूमिसम्बन्धी ऐन २०२१)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **भूमि**<br>(Land, field) | भू, जग्गा, माटो, पृथ्वी, स्थल, पृथ्वीको स्थल भाग, भूमि, जमिन, भुइँ धरती, ठाउँ, स्थान, खेती गर्न लायक जमिन, खेतिपाती गरिने जग्गा आदिलाई भूमि भनिन्छ ।<br>अन्तर्राष्ट्रिय कानुनहरूमा भूमि अधिकारलाई आदिवासी अधिकारसँग जोडेर परिभाषित गरिएको छ । भूमि अधिकारको अवधारणालाई बेलायती कानुनी प्रणालीको सबैभन्दा पुरानो कानुनी सिद्धान्त मानिन्छ । यी सबै दस्तावेजहरूका अनुसार भूमि अधिकार भन्नाले आदिवासी तथा रैथाने किसानको भूमिमा आधारित आर्थिक क्रियाकलाप, पहिचान, आत्मनिर्णय, सांस्कृतिक सम्बन्ध आदिलाई समेत भूमि अधिकारअन्तर्गत लिइन्छ, जुन कार्यहरू भूमि र प्राकृतिक स्रोतमा आधारित मौलिक हकहरू पनि हुन् । भूमि अधिकार व्यक्तिगत र सामूहिक गरी दुवैरूपमा उपभोग गर्न सकिने प्रचलन र प्रावधानहरू रहेका हुन्छन् । |
| **भूमि अतिक्रमण**<br>(Land grabbing) | ठूलो परिमाणमा जमिन हडपेर स्थानीय बासिन्दाहरूलाई विस्थापित गरी उनीहरूको भूमि र प्राकृतिक स्रोतमाथिको अधिकार हनन गर्ने प्रक्रियालाई भूमि अतिक्रमण भनिन्छ । भूमि अतिक्रमण एउटा चुनौतीपूर्ण विषय भएकोले यसको समाधानका लागि विश्वव्यापीरूपमा विभिन्न मापदण्डहरू तर्जुमा गरिएका छन् । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **भूमि अधिकारको स्रोत** (Continuum of land rights) | भूमि अधिकार प्राप्त हुने क्रममा सुरूमा अनौपचारिक किसमले अधिकार पाइरहेकोमा पछि सोही अधिकार औपचारिक र स्वतन्त्र अधिकारमा परिवर्तन हुन सक्छ र यस क्रममा भूमिमाथिको स्वामित्वको किसिमअनुसार अधिकारको स्वरूपमा पनि विभिन्न किसिमले परिवर्तन हुँदै आएको हुन्छ । त्यसैले भूमिमाथिको अधिकारको स्वरूप सो अधिकारको स्रोत के थियो भन्ने कुरामा निर्भर गर्दछ । भूमि अधिकारको स्रोतअनुसार अधिकार, दायित्व र सम्पत्ति सुरक्षाको स्वरूपमा पनि भिन्नता हुन्छ । एउटै क्षेत्रमा रहेका विभिन्न जग्गाहरूमा पनि अधिकारको स्रोतअनुसार विभिन्न किसिमले भूमिको उपयोग भइरहेको हुन्छ र भूमि उपयोगको स्वरूप परिवर्तन भइरहेको हुन्छ । जस्तै : कुनै जग्गा कसैले ऐलानी पर्तिको रूपमा उपभोग गरिहेको अवस्थामा सो जग्गालाई एक किसिमले उपयोग गर्छ भने सोही जग्गा रैकरमा परिणत भइसकेपछि अर्कै किसिमले उपयोग गर्नसक्छ (UN-Habitat and GLTN, 2015) । |
| **भूमि आयोग** (Land commission) | भूमि सुधार, वैज्ञानिक भूमि सुधार, क्रान्तिकारी भूमि सुधार, भूमिको पुनर्वितरण वा भूमिसम्बन्धी अनुसन्धान तथा छानबिन वा अन्य कुनै महत्त्वपूर्ण कार्य गर्ने प्रयोजनका लागि राज्यले गठन गर्ने भूमिसम्बन्धी कुनै पनि वैधानिक आयोगलाई भूमिसम्बन्धी आयोग भनिन्छ । |
| **भूमि एकीकरण** (Land consolidation) | स-साना टुक्रामा छरिएको जमिनलाई ठूलो चक्ला वा ठूलो कित्तामा परिणत गर्ने कामलाई भूमि एकीकरण वा जग्गा एकीकरण भनिन्छ । यस्तो कार्य किसानहरू स्वेच्छाले आफै पनि गर्न सक्छन् र सरकारले जग्गा एकीकरण परियोजना सञ्चालन गरेर पनि गर्न सक्दछ । जग्गा एकीकरण गर्नुको मुख्य उद्देश्य कृषि उत्पादन बढाउनु वा भूमिको पुनर्वितरण गर्नु पनि हो (FAO, 2003) । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **भूमि प्रशासन** (Land administration) | भूमिको स्वामित्व, वर्गीकरण, मूल्यांकन, अवस्थिति आदि विभिन्न विषयमा अभिलेख राखी भूमिको प्रशासनिक काम गर्ने प्रक्रिया र संरचनालाई भूमि प्रशासन भनिन्छ । भूमि प्रशासनको मुख्य कार्य भूमिसम्बन्धी विवरणलाई व्यस्थित गरी उपलब्ध गराउनु हो, जसले भूमि अधिकार र भूमिको बिक्री वितरणलाई व्यवस्थित गर्न सघाउ पुऱ्याउँछ । |
| **भूमि बैंक** (Land bank) | भूमि बैंकका विभिन्न अवधारणा र अभ्यासहरू रहेका छन् । भूमि बैंकको साधारण अर्थ भूमिको विकासका लागि लगानी गर्न स्थापना भएको बैंक भन्ने जनाउँछ । यस अवधारणाका अन्य अभ्यासहरू पनि भएका छन् । जस्तै : भूमिलाई भविष्यमा बिक्री गर्नका लागि भूमि एकीकृत गर्ने प्रक्रियालाई पनि भूमि बैंक भनिन्छ । यसैगरी हदबन्दीभन्दा बढी भएको जमिन राज्यले खरिद वा हासिल गरी भूमिको पुनर्वितरण गर्नका लागि राज्यले स्थापना गरेको बैंकलाई पनि भूमि बैंक भनिन्छ । |
| **भूमिमा आदिवासी पूर्णाधिकार** (Indigenous tenure systems) | कुनै क्षेत्रमा रहेका खास आदिवासीहरूको संस्कृति र स्थानीय पर्यावरणका बीचको अन्तरसम्बन्धका कारण विकास हुँदै आएको प्रणालीका आधारमा कुनै निश्चित भूमिमाथि सृजित आदिवासीको अधिकारलाई भूमिमा आदिवासीको पूर्णाधिकार भनिन्छ । यस्तो अधिकारको व्यवस्थापन सो भूमिमाथि आदिवासीहरूले गर्दै आएको उपभोग र आध्यात्मिक सम्बन्धका आधारमा व्यवस्थित गरिएको हुन्छ (IIED, 2000) । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **भूमिमा आधारित लगानी** (Land-based financing) | भूमिसम्बन्धी सेवा प्रवाह बढाउन, भूमिको उत्पादकत्व बढाउन र यसका लागि आवश्यक पर्ने पूर्वाधारको विकास गर्ने लक्ष्यका लागि लगाइएको लगानीलाई भूमिमा आधारित लगानी भनिन्छ । भूमि अधिकारको उल्लंघन हुने गरी गरिएको लगानी र भूमि क्षयीकरण गरी आर्जन गरेको आर्थिक स्रोतको लगानीलाई भूमिमा आधारित लगानीको रूपमा गणना गर्नु हुँदैन भन्ने मान्यता रहेको छ (UN-Habitat and GLTN, 2015) । |
| **भूमिमा स्वतन्त्र अधिकार** (Free hold) | राज्यलाई मालपोत तिर्नेबाहेक अरू कुनै दायित्व नभई भूमिको पूर्ण उपयोग गर्न पाउने अधिकारलाई भूमिमा स्वतन्त्र अधिकार भनिन्छ । यसलाई अर्को शब्दमा निजी स्वामित्व तथा भूमिमाथिको पूर्ण निजी अधिकार पनि भनिन्छ (IIED, 2000) । |
| **भूमि तथ्यांक** (Land record) | भूमिको स्वामित्व, सिमाना, नक्सा, किसिम, मूल्यांकन, उपयोग, प्रतिबन्ध, शर्त आदि लगायतका विषयमा तयार गरी राखिने आवधिक विवरणलाई भूमि तथ्यांक भनिन्छ । |
| **भूमि द्वन्द्व** (Land conflict) | विद्यमान कानुनी संरचनाको उपयोग गरी अदालती प्रक्रियाका माध्यमबाट वा मध्यस्थता आदि जस्ता विवाद समाधानका वैकल्पिक उपायका माध्यमबाट समेत समाधान हुन नसक्ने गरी भूमिको विषयमा फैलिएका जटिल प्रकृतिका द्वन्द्वलाई भूमि द्वन्द्व भनिन्छ, जुन द्वन्द्वमा ठूलो क्षेत्रमा फैलिएको धेरै जमिनका विषयमा धेरै समूहहरू संलग्न रहेका हुन्छन् र यस्ता द्वन्द्वहरूलाई समाधान गर्न कानुनी उपायभन्दा राजनीतिक पहलका माध्यमबाट समाधान गर्न सकिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **भूमि बन्धक** (Land mortgage) | ब्याङ्क तथा वित्तीय संस्थाबाट जमिन धितो राखेर ऋण लिने कामलाई भूमि बन्धक भनिन्छ । भूमि बन्धक ऋण प्राप्त गर्ने एउटा विधि हो । |
| **भूमि बिक्री** (Alienation of land) | प्रचलित कानुनबमोजिम व्यक्तिगत स्वामित्वमा रहेको भूमि अरू कसैलाई बिक्री गर्नुलाई भूमि बिक्री भनिन्छ । भूमि बिक्री गर्न पाउने अधिकारलाई भूस्वामित्व अधिकारको सबैभन्दा महत्त्वपूर्ण अधिकार मानिन्छ । सामूहिक स्वामित्वमा रहेको भूमि बिक्री गर्ने अधिकार भने सम्बन्धित समुदायमा रहने भएकोले सामुदायिक सम्पत्तिअन्तर्गतको भूमि प्रायः बिक्री वितरण हुने गर्दैन (Black, 1994) । |
| **भूमि व्यापार** (Land market) | जग्गाको बिक्रीकर्ता र खरिदकर्ता बीच सहमति भएपछि स्वामित्व वा अन्य हक हस्तान्तरणका लागि अवलम्बन गरिने प्रक्रियालाई भूमि व्यापार अर्थात् अर्को शब्दमा जग्गा व्यापार भनिन्छ । भूमि तथा जग्गा व्यापार अन्तर्गत जग्गाको खरिद बिक्रीका अतिरिक्त बन्धकी, कबुलियतनामा, जग्गा दान, बकसपत्र, जग्गा सट्टापट्टालगायत जग्गाको अन्य कारोबार पनि पर्दछ (FAO, 2003) । |
| **भूमि व्यवस्थापन** (Land management) | भूमि व्यवस्थापन भूमिको विकास र उपयोगका लागि अवलम्बन गरिने एउटा व्यवस्थापन पद्धति हो, जसमा कम्तीमा पनि निम्न कार्यहरू भएको हुनुपर्छ भन्ने मान्यता रहेको हुन्छ (FAO, 2003) :<br>✦ बढ्दो जनसंख्यालाई थेग्ने गरी भूमि र भूमि स्रोतको प्रभावकारी उपयोगिता बढाउने र भूमिको प्राकृतिक वातावरण क्षयीकरण हुनबाट जोगाउने, |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **भूमि व्यवस्थापन** (Land management) | ✦ भूमिसँग अन्तरसम्बन्धित रहेका घर निर्माण र खानेपानी तथा ढल निकासलगायतका भौतिक पूर्वाधार बनाउनका लागि आवश्यक उत्प्रेरणा दिने,<br>✦ भूमिबाट प्राप्त हुने सबैखाले आर्थिक लाभमा प्रभावकारी पहुँचको व्यवस्था गरी समन्यायिक वितरण गर्ने,<br>✦ भूमिसँग सम्बन्धित कर तथा बजार प्रणालीको सुधार गरी सरकारी सेवामा प्रभावकारिता ल्याउने । |
| **भूमि वितरण** (Land allocation/ distribution) | भूमि सुधार कार्यक्रमअन्तर्गत राज्यको भूमि वा राज्यले हदबन्दीभन्दा बढी भई अधिग्रहण गरी वा अन्य विभिन्न माध्यमबाट प्राप्त गरेको भूमि पुनर्वितरण गर्ने प्रयोजनका लागि भूमिको वितरण गर्नुलाई भूमि वितरण भनिन्छ । भूमि वितरण भूमि सुधार तथा भूमिको पुनर्वितरण कार्यक्रमको एउटा अभिन्न अंग हो, जस अन्तर्गत खासगरी भूमिहिन किसानलाई कानुनबमोजिम भूमि वितरण गरिन्छ । त्यस्तै आदिवासी जनजातिको प्रथाजनित प्रणाली अन्तर्गत आदिवासीहरूलाई भूमि उपलब्ध गराउने कार्यलाई पनि भूमि वितरण भनिन्छ (USAID, 2013) । |
| **भूमिको पुनर्वितरण** (Land redistribution) | भूमिको पुनर्वितरण भन्नाले राज्यले कुनै निश्चित नीति तथा कानुन र कार्यक्रमअनुसार जमिनको हदबन्दी कायम गरी सो हदबन्दीभन्दा बढी भएको जमिन कानुनबमोजिम प्राप्त वा अधिग्रहण गरी भूमिहीन वा कम भूमि हुने किसानलाई वितरण गर्ने कार्यलाई जनाउँछ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **भूमि वर्गीकरण** (Land Classification/ zoning) | भूमिको महत्तम (Optimum) उपयोगलाई मध्यनजर गर्दै जमिनको उपयोगअनुसार भूमिलाई विभिन्न वर्गमा विभाजन गर्ने कार्यलाई भूमिको वर्गीकरण भनिन्छ *(भूमिसम्बन्धी ऐन २०२१)* । नेपाल सरकारले भूमिसम्बन्धी ऐन २०२१ बमोजिम भूमिलाई कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, निर्माण सामग्री (ढुंगा, गिट्टी, बालुवा) उत्खनन क्षेत्र, सांस्कृतिक र पुरातात्विक महत्त्वको क्षेत्र, नदीनाला र तालतलैया क्षेत्र, वन क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र र तोकिएबमोजिमको अन्य क्षेत्रमा वर्गीकरण गरिएको छ । एउटा प्रयोजनका लागि वर्गीकरण गरिएको भूमि अर्को प्रयोजनका लागि प्रयोग गर्न सरकारको विभिन्न तहबाट निर्णय हुनुपर्ने व्यवस्था गरिएको हुन्छ । |
| **भूमि विखण्डन** (Plotting, land fragmentation) | जमिनलाई खेतबारी वा घडेरीका रूपमा स-साना खण्डमा छुट्ट्याउने वा टुक्र्याउने कामलाई भूमि विखण्डन भनिन्छ । भूमि विखण्डनलाई जग्गा खण्डीकरण पनि भनिन्छ । भूमि विखण्डनले भूमिको आर्थिक महत्त्व र उत्पादकत्व घटाउँछ । अंशबण्डा र सहरीकरणका लागि घडेरी निर्माण नै भूमि विखण्डनको मुख्य कारण मानिन्छ (USAID, 2013) । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **भूमिहीन** (Landless) | आफ्नो नाउँमा राज्यभर जग्गाजमिन नभएको व्यक्ति वा सुकुम्बासीलाई भूमिहीन भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । त्यस्तै भूमिहीन भन्नाले आफ्नो वा आफ्नो परिवार वा अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल राज्यभित्र कुनै ठाउँमा घरजग्ग नभएको, घरजग्गा जोड्न सक्ने साधनस्रोत नभएको, आफ्नो वा आफ्नो परिवारको कुनै व्यापार व्यवसाय नभएको र कृषि पेशामा श्रम गरी जीविकोपार्जन गर्ने नेपाली नागरिक वा निजप्रति आश्रित परिवारलाई जनाउँछ *(सुकुम्बासी समस्या समाधान आयोग गठन आदेश २०७१)* । |
| **भूमिहीन किसान** (Landless Peasants) | कृषि कार्य गर्ने, आफ्नो आम्दानीको मुख्य स्रोत कृषि भएको, कृषिबाहेक अन्य भरपर्दो जीविकाको विकल्प नभएको, खेती गर्ने जमिन नभएको वा ५ कट्ठाभन्दा कम कृषि जमिन भएको परिवारलाई भूमिहीन किसान भनिन्छ । |
| **भूमिमा पहुँच** (Access to land) | भौतिकरूपमा निर्धारित सिमानामा रहेको भूमिमा प्रवेश गरी सोको उपयोग गर्न पाउने प्रथाजनित वा कानुनी अधिकारलाई भूमिमा पहुँच भनिन्छ । भागबण्डा, अंशबण्डा वा खरिद बिक्री जस्ता कानुनीरूपमा निर्धारित प्रक्रिया वा कुनै परिवार तथा समुदायको सदस्यका हैसियतले भूमिमा पहुँचको हक प्राप्त गर्न सकिन्छ । सम्बन्धित समुदायको सदस्यको स्वरूप, सम्पत्तिको उपयोग, यस्तो उपयोग गर्ने समय तथा भूमिको अवस्थितिका आधारमा भूमिमा पहुँचको अधिकारको अवस्था निर्धारण हुने गर्दछ (IIED, 2000) । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **भूमि पुनर्स्थापना** (Land reclamation) | प्रयोगविहीन, प्रदूषित वा क्षयीकरण भएको भूमिलाई उच्च मूल्य कायम हुने गरी उपयोग हुने अवस्थामा फर्काउने कामलाई भूमि पुनर्स्थापना भनिन्छ । जस्तै : प्रकोपका कारण क्षयीकरण भएको भूमिलाई वनमा परिणत गरेर, हैसियत सुधार हुन नसक्ने भूमिमा ढल निकास तथा फोहर पानी प्रशोधन गर्ने प्रणालीको निर्माण गरेर र माटोको उपचार गरेर पनि भूमि पुनर्स्थापना गर्न सकिन्छ (USAID, 2013) । |
| **भूमिमा पूर्णाधिकार** (Land tenure) | राज्यको कानुन वा प्रथाजनित कानुनका आधारमा व्यक्ति वा समुदायको भूमिसँगको अन्तरसम्बन्ध जनाउनका लागि यो शब्दको प्रयोग हुन्छ । भूमिमा सर्वाधिकार भन्ने शब्दले खास समुदाय वा क्षेत्रमा रहेको भूमिमा सम्बन्धित समुदाय वा व्यक्तिको सम्पत्ति अधिकार हुने गरी भूमिको हस्तान्तरण, वितरण, व्यवस्थापन र उपयोग गर्ने कार्यसमेतलाई जनाउँछ । यसअन्तर्गत सम्पत्ति अधिकारका सबै तत्वहरू समावेश भएको मानिन्छ र यस्तो सम्पत्ति अधिकारलाई राज्यको कानुन वा प्रथाजनित कानुनले संरक्षण गरिरहेको हुन्छ । |
| **भूमिमाथिको कानुनी अधिकार** (Statutory land rights) | कुनै प्रथा वा स्थानीय रितिरिवाजका आधारमा नभई राज्यको विद्यमान लिखित कानुनका आधारमा जग्गाको स्वामित्व प्राप्त गर्नुलाई भूमिमाथिको कानुनी अधिकार भनिन्छ । जस्तै : अंशवण्डा, जग्गा खरिदबिक्री, मोही हक आदिका आधारमा जग्गाको स्वामित्व पाउने कार्यहरू यसअन्तर्गत पर्दछन् । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **भूमिसम्बन्धी ऐन** (Land act) | मोही र जग्गाधनीका अधिकार र सर्तहरू उल्लेख गरी दुवैतर्फको सम्बन्ध मिलाउने र जमिनसम्बन्धी अधिकारको बाँडफाँड गर्ने कानुनलाई भूमिसम्बन्धी ऐन भनिन्छ । |
| **भूमि सुधार** (Land reform) | भूमि सुधार भन्नाले जग्गाजमिनको न्यायपूर्ण वितरण, व्यवस्था, संरक्षण आदिसम्बन्धी सुधार कार्यलाई जनाउँछ । यसअन्तर्गत भूमिपतिहरूले अधिकतम कतिसम्म जमिन राख्न पाउने र मोहीहरूले अधिकतम कतिसम्म जमिन राख्न पाउने तथा मोहीहरूले कतिसम्म जमिनको अधिकार पाउने भन्ने कानुनी व्यवस्था गरिएको हुन्छ । भूमि सुधारअन्तर्गत जमिनको उपभोगमा उचित हद तोकी सुधार ल्याउने हिसाबले कार्यक्रम तयार गरिने तथा जग्गाधनी र मोहीका बीचमा रहेका असमानतालाई हटाउने प्रयत्न गरिएको हुन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । भूमि सुधारमा भूमिको पुनर्वितरणका माध्यमबाट भूमिमा आश्रित विपन्न र भूमिहीनलाई न्यायोचितरूपमा भूमि उपलब्ध गराउने कुरालाई महत्त्व दिइएको हुन्छ । भूमि सुधारका विभिन्न स्वरूपहरू रहेका हुन्छन् :<br>✦ **क्रान्तिकारी भुमि सुधार :** उच्चस्तरीय भूमि सुधार आयोग २०६८ को प्रतिवेदनअनुसार क्रान्तिकारी भूमि सुधार भन्नाले भूमिको क्षेत्रमा सुधारभन्दा परिवर्तनमा विश्वास गर्ने र जमिनको अधिकतम हदबन्दीको अवधारणालाई हटाई सबै जमिन राष्ट्रियकरण गरी वास्तविक जोताहा किसान र भूमिहीन तथा सुकुम्बासीलाई कृषि कार्यका लागि जमिन हस्तान्तरण गर्ने मान्यता राखिन्छ । यसको अन्तर्वस्तु भनेको सामन्ती भूस्वामित्वको अन्त्य गरी सामाजिक न्याय, उत्पादकत्व वृद्धि, कृषिको व्यावसायीकरण, राष्ट्रिय पूँजीको निर्माण र कृषिमा औद्योगीकीकरण गर्न सकिन्छ भन्ने हो *(उच्चस्तरीय भूमि सुधार आयोग २०६८)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **भूमि सुधार** (Land reform) | ✦ **वैज्ञानिक भुमि सुधार** : भूमिको समन्यायिक वितरण, व्यवस्थित भू-उपयोग र अपेक्षाकृतरूपमा उत्पादकत्वमा वृद्धि गर्नु वैज्ञानिक भूमि सुधार हो *(वैज्ञानिक भूमि सुधारसम्बन्धी उच्चस्तरीय आयोग २०६६ को प्रतिवेदन)* ।<br>✦ **सुधारमुखी भूमि सुधार** : यस किसिमको भूमि सुधार अवधारणामा भूमिको असमान वितरणलाई केही हदसम्म कम गर्ने प्रयास गरिन्छ र भूमिको उपयोगलाई महत्त्व दिइन्छ ।<br>✦ **पूनर्वितरणमुखी भूमि सुधार** : यस किसिमको भूमि सुधारमा जमिनको हदबन्दी कायम गरी हदबन्दीभन्दा बढी भएको जमिन राज्यले प्राप्त गरी भूमिहीन किसानलाई वितरण गरी भूमिमाथिको असमान पहुँचलाई घटाउने काम गनिन्छ ।<br>✦ **रूपान्तरणमुखी भूमि सुधार** : यस किसिमको अवधारणामा सबै भूमिलाई राज्यको मातहतमा ल्याई भूमिलाई राज्यको अर्थनीति अनुसार उपयोग गर्ने र खेती गर्ने किसानलाई भूमि उपलब्ध गराई भूमिको अधिकतम उपयोग गरिन्छ । |
| **भूमि सुशासन** (Land governance) | भूमि र भूमिमा उपलब्ध प्राकृतिक स्रोतको पहुँच, उपयोग, वितरण, नियन्त्रण, स्वामित्व, व्यवस्थापन, हस्तान्तरण एवं विक्री वितरणका सम्बन्धमा बनाइएको औपचारिक वा अनौपचारिक संस्थागत संरचना, प्रक्रिया, नीति र कानुनको समग्र प्रारूपलाई भूमि सुशासन भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **भूमि सुशासनसम्बन्धी स्वेच्छिक मार्गदर्शन** (VGGT) | संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनको पहलमा सन् २०१२ मा *राष्ट्रिय खाद्य सुरक्षाका सन्दर्भमा वन क्षेत्र, मत्स्यपालन र भूमिको पूर्णाधिकारका लागि जवाफदेही सुशासनसम्बन्धी स्वेच्छिक मार्गदर्शन* *(Voluntary Guidelines on the Responsible Governance of Tenure of Land, Fisheries and Forests in the Context of National Food Security - VGGT)* तर्जुमा गरिएको थियो । यस मार्गदर्शनलाई छोटकरीमा स्वेच्छिक मार्गदर्शन (VGGT) भन्ने गरिन्छ । यसमा भूमिमा जवाफदेही सुशासनका लागि मानव सम्मान, भेदभाव निषेध, समन्याय र न्याय, लैङ्गिक समता, एकीकृत र दीगो अवधारणा, परामर्श र सहभागिता, कानुनको शासन, पारदर्शिता, जवाफदेहिता र निरन्तर सुधार जस्ता १० वटा सिद्धान्तहरूलाई महत्त्व दिइएको छ, जुन सिद्धान्तहरू भूमि सुशासनको सन्दर्भमा पनि पालना हुनुपर्दछ । नेपालले पनि यस मार्गदर्शनप्रति सहमति जनाएको छ । |
| **भूमि सूचना प्रणाली** (Land information systems) | भूमिको विषयमा योजना तर्जुमा तथा विकास गर्न, सोको कार्यान्वयन गर्न र भूमिसम्बन्धी विषयमा नीतिगत, कानुनी र आर्थिक तथा पर्यावरणीय विषयमा निर्णयमा पुग्नका लागि सहयोग पुग्ने गरी तथ्यांकहरू राख्न निर्माण गरिएको संयन्त्रलाई भूमि सूचना प्रणाली भनिन्छ (FAO, 2003) । |
| **भू तथा जलाधार संरक्षण** (Watershed conservation) | भू तथा जलाधार संरक्षण भन्नाले बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपबाट कुनै क्षेत्रलाई नष्ट हुनबाट रोक्ने वा बचाउने तथा पानीको आयतन र बहावलाई सामान्य स्थितिमा राख्ने वा पानीको बहावलाई धमिलो हुन नदिई स्वच्छ बनाई राख्ने कार्यलाई जनाउँछ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **भू-सूचना प्रणाली** (Geographical information systems - GIS) | भू-उपयोगसम्बन्धी स्थानीय तथ्यांक संकलन, भण्डारण, पुन:प्राप्ति, विश्लेषण, स्थानान्तरण र प्रचारप्रसार गर्नका लागि विकास गरिएको एउटा समग्र कम्प्युटर प्रणालीलाई भू-सूचना प्रणाली भनिन्छ, जसको सहायताले भूमिसम्बन्धी तथ्य तथ्यांकलाई व्यवस्थित गरिन्छ (FAO, 2003) । |
| **भूस्वामित्व** (Land ownership) | जग्गाजमिनको मालिक हुने हक वा अधिकारलाई भूस्वामित्व भनिन्छ । यसअन्तर्गत जग्गाको स्वामित्ववालाका सबै अधिकार समावेश भएका हुन्छन् । बिक्री, कबुलियतनामा, सट्टापट्टा, बन्धकी, बकसपत्र, दान आदिका माध्यमबाट जग्गामा रहेको आफ्नो भू-स्वामित्वलाई उपयोग गर्न सकिन्छ (FAO, 2003) । |
| **भेदभाव विरूद्धको हक** (Right against discrimination) | कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन भनी गरिएको मौलिक हकलाई भेदभाव विरूद्धको हक भनिन्छ । यो हक सार्वजनिक जग्गाको उपयोगको सन्दर्भमा पनि आकर्षित हुन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **भोगचलन** (Usufruct) | राज्य वा कुनै व्यक्तिको भूमि, स्रोत वा सम्पत्तिलाई कुनै हानि नोक्सानी नगरी निश्चित अवधिसम्म वा चीरकालपर्यन्त भोग गर्न पाउनुलाई भोगचलन भनिन्छ । यस्तो अधिकारअन्तर्गत जग्गा तथा स्रोतको स्वामित्ववालालाई भएसरहका अधिकार प्राप्त हुने भएकोले भोगचलनका क्रममा त्यस्तो सम्पत्तिको उपयोग गर्ने, त्यसबाट आम्दानी लिने, त्यस्तो सम्पत्तिलाई भाडामा दिने र भाडा उठाई लिन पाउने लगायतका अधिकार प्राप्त हुन्छन् । भोगचलनको अधिकारअन्तर्गत भूमि तथा सम्पत्तिको हानि नोक्सानी नगरी स्वामित्ववालाले प्रयोग गर्दै आएका सबै अधिकार उपयोग गर्न पाइन्छ (USAID, 2013) । |
| **भोगाधिकार** (Right of possession) | कुनै घर जग्गालगायतका चल अचल सम्पत्तिको भोग गर्ने हकलाई भोगाधिकार भनिन्छ । |

# म

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **मनोरञ्जन क्षेत्र** (Fun park, entertainment zone) | मनोरञ्जन क्षेत्र भन्नाले सिनेमा हल, डिस्को, नाट्यशाला, वनभोज स्थल, फन पार्क, सहरी हरित क्षेत्र, खुला क्षेत्र, पार्क, उद्यान, चिडियाखाना, खेलमैदान, रंगशाला, कवर्ड हल, टुँडिखेल, चौर, चौतारो जस्ता स्थानलाई जनाउँछ । यो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा मनोरञ्जन क्षेत्र भनी सरकारले घोषणा गरी तोकेको क्षेत्रलाई समेत जनाउँछ *(भू-उपयोग नीति २०७२)* । |
| **मध्यवर्ती क्षेत्र** (Buffer zone) | मध्यवर्ती क्षेत्र भन्नाले स्थानीय बासिन्दाहरूलाई नियमितरूपले वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नका लागि राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरीको तोकिएको क्षेत्रलाई जनाउँछ *(राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९)* । |
| **मध्यस्थकर्ता** (Mediator, arbitrator) | दुई पक्षबिचमा रही कुनै विवादको निर्णय गर्ने वा झगडा आदि मिलाउने व्यक्तिलाई मध्यस्थकर्ता भनिन्छ । |
| **महसुल** (Fee, duty, tax, tariff, charge) | सरकार वा सरकारी संस्थाले कुनै कामको उद्देश्य राखेर उठाइने दस्तुर वा रकम, भन्सार, कर, भाडा, शुल्कलाई महसुल भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **मालपोत**<br>(Land tax) | मालपोतको परिभाषा निम्न कानुनहरूमा भिन्न भिन्न किसिमले गरिएको छ :<br>✦ ***भूमिसम्बन्धी ऐन २०२१ :*** मालपोत भन्नाले जग्गावालाले प्रचलित नेपाल कानुनबमोजिम नेपाल सरकारलाई तिर्नुपर्ने मालपोत र सो सरहको अरू कुनै तिरोलाई समेत जनाउँछ ।<br>✦ ***मालपोत ऐन २०३४ :*** मालपोत भन्नाले जग्गावालाले प्रचलित नेपाल कानुनबमोजिम नेपाल सरकारलाई तिर्नुपर्ने मालपोत तथा सोसरहको अरू कुनै तिरोलाई सम्झनुपर्छ र सो शब्दले मालपोत ऐनबमोजिमको म्यादभित्र मालपोत नतिरेबापत लाग्ने शुल्कलाई समेत जनाउँछ । |
| **मानव अधिकार**<br>(Human rights) | मानिसको उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा मानिसहरूबीच भेदभाव नगरी मानिस भएको नाताले स्वतः उपभोग गर्न पाउने सर्वव्यापी अधिकारलाई मानव अधिकार भनिन्छ । |
| **मिजार**<br>(A revenue agent) | गाउँको तालुकदार भन्दा तल्लो दर्जाको तिरो उठाउने व्यक्तिलाई मिजार/मिझार भनिन्थ्यो । |
| **मिझा**<br>(A revenue agent) | किपटियासँग तहसिल गर्ने व्यक्तिलाई मिझा भन्ने गरिन्थ्यो । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **मिलापत्र** (Bond of reconciliation) | दुवैथरी झगडियाले मुद्दा मामिला नगर्ने र मिलाप गर्ने भनी अड्डामा गरिने लिखतलाई मिलापत्र भनिन्छ । |
| **मुआब्जा** (Compensation) | जग्गा प्राप्ति तथा जग्गा अधिग्रहणसम्बन्धी कानुनबमोजिम सरकारले जग्गा वा सम्पत्ति प्राप्त गरेबापत सो जग्गा वा सम्पत्तिमा हक पुग्ने व्यक्तिलाई दिइने क्षतिपूर्तिलाई मुआब्जा भनिन्छ । यस्तो क्षतिपूर्ति वा मुआब्जा सो सम्पत्तिको मूल्यांकन गरी नगद वा जग्गाको सट्टा जग्गा सट्टाभर्ना नै हुन सक्दछ *(जग्गा प्राप्ति ऐन २०३४)* । |
| **मुखिया** (Chief of village) | गाउँको तालुकदार वा ठालुलाई मुखिया भनिन्छ । |
| **मुक्त कमैया** (Freed bonded Labour) | मुक्त कमैया भन्नाले कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को दफा ३ बमोजिम मुक्त भएको कमैया श्रमिक सम्झनुपर्छ *(कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८)* । नेपालमा २०५७ साल श्रावण २ गते कमैयाहरूलाई मुक्त घोषणा गरिएको थियो । |
| **मुलतबी** (Postponed, suspended, pending) | दोहोरो मुद्दा मामिला पर्न गएमा सम्बन्धित अर्को मुद्दा टुङ्गो लागिसकेपछि मात्र छिनोफानो गर्ने गरी कानुनी ढङ्गले कुनै एउटा तहको मुद्दालाई स्थगित गर्नुलाई मुल्तबी वा मुलतबी भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **मुलुकी ऐन** (Civil code) | मुलुकको समग्र कानुनी व्यवस्था बनाइराख्नका लागि बनाइएको ऐनलाई मुलुकी ऐन भनिन्छ । यस्तो ऐन पछिल्लो पटक २०२० सालमा बनाई समयसमयमा संशोधन गरिँदै आएको छ । |
| **मेलापात** (Farming, husbandry) | धेरै जना भएर खेतबारीमा गरिने कामकाजलाई मेलापात गर्ने भनिन्छ । |
| **मेलो** (Work to be done by a labourer in a day) | खेतीपातीको काम, सामूहिक खेतीपातीको काम गर्दा अरूसरहको लहर, एक कामदारले दिनभरमा गर्नसक्ने कामलाई एक मेलो भन्ने गरिन्छ । |
| **मेलमिलाप** (Mediation, reconciliation) | मेलमिलाप भन्नाले पक्षहरूले मेलमिलापकर्ताको सहयोगमा विवाद वा मुद्दाको निरूपण गर्न अपनाइने प्रक्रियालाई जनाउँछ *(मेलमिलापसम्बन्धी ऐन २०६८)* । |
| **मोठ/मोठ श्रेस्ता** (Record, evidence) | जग्गैपिच्छेको कित्ता छुट्टिने गरेर तयार पारिएको लगत दर्ता-किताब अर्थात् नापनक्सा भएका जग्गैपिच्छेको कित्ता छुट्टिने गरी तयार पारिएको लगत दर्ता किताबलाई मोठ भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **मोही** (Tenant) | जग्गा नाप जाँच ऐन २०१९ अनुसार मोही भन्नाले अरू जग्गावालाको जग्गा कुनै शर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने व्यक्तिलाई जनाउँछ । भूमिसम्बन्धी ऐन, २०२१ अनुसार मोही भन्नाले जग्गावालाको जग्गा कुनै शर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने किसानलाई जनाउँछ । मोही किसानले शर्तबमोजिम जग्गावालालाई कुत बुझाउने गरिन्छ । कतिपय स्थानमा मोहीले पनि खेती गर्न दिएको अर्को मोही (मोहीको मोही) रहेको हुन्छ, जसलाई पाखुरे मोही भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । कति वर्षसम्म अरूको जमिन अधियाँ, बटैया, कुतलगायतका सर्तमा कमाउने किसानलाई मोही मान्ने भन्ने बारेमा स्पष्टता रहेको छैन । |
| **मोहिया** (Tenant) | खेतीकिसानीको रूपमा मोहीको काम गर्नेलाई मोहिया भनिन्छ । |
| **मोहियानी हक** (Tenancy rights) | अरूको जमिन कमाउने, स्याहार्ने र संरक्षण गरी सर्तअनुसार जग्गाधनीलाई कुत बुझाएबापत जोताहा किसानले पाउने हक नै मोहीयानी हक हो । जग्गा कमाएबापत कानुन अनुसार मोहीले पाउने आंशिक अधिकारलाई मोहियानी हक भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **मोही निस्कासन** (Termination of tenant) | दैवी प्रकोप परी बाली नास भएमा वा उब्जा हुन नसकेको अवस्थामा मोही निस्कासन गर्न पाइँदैन । सो बाहेक मोहीले जानी बुझी जग्गाको मोल वा उब्जा घट्ने गरी कुनै काम गरेको वा मनासिब रेखदेख नपुऱ्याएको कारणले जग्गाको मोल वा उब्जा घटेमा वा आफ्नो काबुभन्दा बाहिरको परिस्थितिमा बाहेक १ वर्षसम्म खेती नगरेमा वा खेतीमा हेलचक्र्याइँ गरेमा मात्र जग्गावालाले मोही निस्कासनका लागि निवेदन दिन पाउँछ *(भूमिसम्बन्धी ऐन २०२१, दफा २९)* । |
| **मौजा** (Union of village or land) | जिल्ला वा इलाकाको कुनै एक निश्चित ठाउँ, मौजे, कुनै एक गाउँ वा निश्चित जमिनलाई मौजा भनिन्छ । |
| **मौलिक हक** (Fundamental rights) | देशको संविधानद्वारा संरक्षण गरिएका नागरिकका हकलाई मौलिक हक भनिन्छ, जसको राज्यद्वारा उल्लंघन वा अतिक्रमण भएमा अदालतद्वारा उच्च संरक्षण गरिने कुराको संविधानमा नै सुनिश्चितता गरिएको हुन्छ । भूमिमाथिको हकलाई पनि संविधानले मौलिक हकको रूपमा मान्यता प्रदान गरेको हुन्छ । |

# र

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **रकम जग्गा** (Conditional land) | सरकारबाट यो काम गरिखानु भन्ने थिति (शर्त) को सनद गरी दिएको जग्गालाई रकम जग्गा भनिन्थ्यो र यस्तो जग्गा प्रायः सरकारी कर्मचारीलाई दिने गरिन्थ्यो । |
| **रजबन्धक** (Mortgaged by a king) | मल्लकालदेखि प्रचलित राज्यले जनतालाई जमिन बन्धक दिने कार्यलाई रजबन्धक भनिन्थ्यो । |
| **रजिष्ट्रेसन** (Registration) | अचल सम्पत्तिको खरिद बिक्री र हक छुटाएको कुरा सरकारी कार्यालयद्वारा प्रमाणित लिखतको अभावमा समाजमा जालसाजी बढ्न गएकाले त्यस्तो लिखत प्रमाणित गराई सरकारी कार्यालयमा अभिलेख राख्ने व्यवस्था गरिएको हुन्छ, जसलाई रजिष्ट्रेसन भनिन्छ । नेपालमा वि.सं. १९७९ देखि अचल सम्पत्ति खरिद बिक्री गर्दा रजिष्ट्रेसन गर्नुपर्ने कानुनी व्यवस्था गरिएको हो । |
| **राजस्व** (Royalty) | प्रचलित कानुनबमोजिम नेपाल सरकार वा सार्वजनिक संस्थानलाई तिर्नु वा बुझाउनुपर्ने कुनै पनि प्रकारको कर, महसुल, दस्तुर, शुल्क, रोयल्टी, जरिवाना तथा यस्तै प्रकारको अन्य रकम र त्यस्तो रकममा लाग्ने ब्याज वा जरिवानालाई राजस्व भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **राजीनामा**<br>(Deeds) | आफ्नो स्वामित्वमा रहेको जमिन तथा अन्य अचल सम्पत्तिको स्वामित्व अरू कसैलाई हस्तान्तरण गर्नका लागि लिखितरूपमा तयार गरिने कागजातलाई राजीनामा भनिन्छ । राजीनामाका आधारमा भएको जग्गाको कारोबारलाई जग्गासम्बन्धी सरकारी कार्यालय जस्तै मालपोत कार्यालयले व्यवस्थित अभिलेखको रूपमा राखेको हुन्छ, जसका आधारमा जग्गाको स्वामित्व निर्धारण गरिन्छ । यो एउटा कानुनी प्रक्रिया भएकोले राजीनामा तयारी र दर्ताका विषयमा धेरै समय अगाडिदेखि विभिन्न कार्यविधिहरूको विकास गरिएको छ । |
| **राज्यको नीति**<br>(State policy) | संविधानबमोजिम भूमिलगायतका विभिन्न विषयमा राज्यको तर्फबाट गरिने प्रतिवद्धता जनाइएका कार्यहरूलाई राज्यको नीति भनिन्छ । राज्यका नीतिहरू कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिँदैन । तर त्यस्ता नीतिहरूको प्रभावकारी कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरी सरकारले नियमित प्रतिवेदन बनाई संसदसमक्ष पेश गर्नुपर्ने हुन्छ, जसका आधारमा जनप्रतिनिधिहरूले राज्यको नीतिहरूको प्रभावकारी कार्यान्वयनका लागि सरकारलाई सुझाव दिन सक्दछन् । |
| **राष्ट्र**<br>(Nation) | बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो *(नेपालको संविधान, धारा ३)* |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **राष्ट्रिय सम्पदा** (National heritage) | राष्ट्रिय सम्पदा भन्नाले नेपाल राज्यभित्रका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिका लागि महत्त्वपूर्ण मानिने वातावरणसँग सम्बन्धित कुनै पनि वस्तु, स्थल, वनस्पति तथा जीवजन्तुलाई जनाउँछ *(वातावरण संरक्षण ऐन २०५३)* । |
| **राष्ट्रिय वन** (National forest) | राष्ट्रिय वन भन्नाले निजी वनबाहेक नेपाल राज्यभित्रको वन सिमाना लगाइएको वा नलगाइएको सबै वनलाई जनाउँछ र सो शब्दले वनले घेरिएको वा वनको छेउछाउमा रहेको पर्ति वा ऐलानी जग्गा तथा वनभित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगरसमेतलाई जनाउँछ *(वन ऐन २०४९)* । |
| **राष्ट्रिय निकुञ्ज** (National park) | राष्ट्रिय निकुञ्ज भन्नाले प्राकृतिक वातावरणका साथै वन्यजन्तु, वनस्पति र भू-दृश्यको संरक्षण, व्यवस्थापन र उपयोगका लागि छुट्याइएको क्षेत्रलाई जनाउँछ *(राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९)* । |
| **रूक्का** (Order, rule, command) | राणाशासनभन्दा पहिले राजाको र राणाशासन सुरू भएपछि राणा प्रधानमन्त्रीको हुकुमको तोक लेखिएको सानो पत्र तथा हुकुमी आज्ञालाई रूक्का भनिन्थ्यो । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **रूख अधिकार** (Tree rights) | कुनै पनि व्यक्तिले आफ्नो जमिनमा रूख लगाउन पाउने, जमिनमा भएको रूख वा वृक्षारोपण गरिएको रूख हुर्काउने, त्यसबाट फलफूल तथा उत्पादन खान पाउने, त्यस्तो रूख कटान गरी उपयोग तथा बिक्री वितरण गर्न पाउने अधिकारलाई रूख अधिकार भनिन्छ । रूख भूमिमा नै हुर्कने भए पनि भूमि अधिकार र रूख अधिकारका बीचमा कानुनी र व्यावहारिक भिन्नताहरू पनि रहेका हुन्छन् (FAO, 2003) । |
| **रैकर** (Demesne) | जग्गावालाले सरकारलाई मालपोतको रूपमा तिरो तिरी आफ्नो स्वामित्वमा राखेको जग्गालाई रैकर जग्गा भनिन्छ । |
| **रैतानी** (Tenancy) | किसानी कामलाई रैतानी भनिन्छ । |
| **रोक्का पुर्जी** (Prevention) | कुनै भइरहेको कामकारबाही कानुनविपरीत भएमा वा त्यसबाट हानि नोक्सानी हुने भएमा त्यसको चलन वा उपभोग रोक्नका लागि सम्बन्धित सरकारी अड्डाबाट लेखिने रोकावट पुर्जीलाई रोक्का पुर्जी भनिन्छ । |
| **रोहबर** (In presence, acquaintance) | सामुन्ने वा समक्षमा भएको कार्यलाई रोहवर भनिन्छ । |

# ल

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **लगत** (Records) | सरकारी निकायमा रहेको जग्गा जमिनको अभिलेखलाई लगत भनिन्छ । |
| **लगतफाँट अड्डा** (Land record office) | जमिनको लगत सुरक्षित राख्ने कार्यालयलाई लगतफाँट अड्डा भनिन्छ । |
| **लालमोहर** (Royal seal) | राजाको शासनमा रातो रङबाट लगाइने गरेको राजाको छापलाई लालमोहर भनिन्थ्यो । |
| **लिखत** (Official document) | लिखत शब्दले अक्षर, अंक तथा चिह्नहरूद्वारा कुनै विषयलाई लेखपढ गर्ने कामको निमित्त प्रयोग हुनसक्ने वा प्रयोगमा ल्याउने मनसाय गरिएको उक्त साधनहरूमध्ये एक वा एकभन्दा बढी साधनहरूद्वारा कुनै वस्तुमा लेखिएको, प्रकट गरिएको तथा वर्णन गरिएको विषयलाई जनाउँछ *(नेपाल कानुन व्याख्यासम्बन्धी ऐन २०१०)* । जग्गा जमिनको बिक्री वा कारोबार गर्दा लेखिएको रितपूर्वकको कागज (तमसुक, राजीनामा, बकसपत्र आदि) लाई पनि लिखत भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |

# व

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **वन तथा संरक्षित क्षेत्र** (Forest and protected areas) | वन तथा संरक्षित क्षेत्र भन्नाले पूर्ण वा आंशिकरूपमा रूख तथा वनस्पतिले ढाकेको सरकारी, सामुदायिक, कबुलियतीलगायत वन्यजन्तु आरक्ष, राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष, संरक्षित क्षेत्र, नदी उकास र सोमा रहेका वन बुट्यान, झाडी, फाँट, रूख नभए पनि सरकारले वन क्षेत्र भनी तोकेको स्थान, सिमसार क्षेत्रलगायत सबै प्रकारका वन क्षेत्रलाई जनाउँछ । यो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा वन क्षेत्र वा हरित क्षेत्र बिस्तारका लागि सरकारले घोषणा गरी तोकेको वा प्रस्ताव गरेको क्षेत्रलाई समेत जनाउँछ *(भू-उपयोग नीति, २०७२-मस्यौदा)* । |
| **वन पैदावार** (Forest products) | वन पैदावार भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावारलाई जनाउँछ (वन ऐन २०४९) :<br>(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, वा<br>(२) रूख, पात, फल, फूल, मौवा, चिराइतो, कुटकी र सबै प्रकारका जंगली जडीबुटी, वनस्पति तथा तिनका विभिन्न भाग वा अंग, वा<br>(३) चट्टान, माटो, ढुंगा, गिट्टी, बालुवा, वा<br>(४) पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **वन्यजन्तु** (Wildlife) | वन्यजन्तु भन्नाले घरपालुवाबाहेक जुनसुकै जातिको स्तनधारी जन्तु (म्यामल्स), पंछी (एभ्स), घस्रिने जन्तु (रेप्टायल्स), माछा (पसीज), भ्यागुता प्रजाति (एम्फिबियन्स) र कीरा फट्यांग्रा (इन्सेक्ट्स्) लाई जनाउँछ र सो शब्दले फुल पार्ने जन्तुको फुल समेतलाई जनाउँछ *(राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९)* । |
| **वंशज** (Descent) | नागरिकता प्रदान गर्ने प्रयोजनका लागि यो शब्दको प्रयोग गरिन्छ । कुनै पनि नागरिकलाई संविधान प्रारम्भ हुँदाका बखत देशमा स्थायी बसोवास गरी संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति वा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा देशको नागरिक रहेछ भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्दछ । |
| **वसियतनामा** (Bequest) | आफ्नो मृत्युउप्रान्त आफ्ना अधिकारमा रहेको चल-अचल सम्पत्ति यस प्रकारले उपयोग गरियोस् भनी मृत्युभन्दा पहिला नै लेखिदिने कागजपत्र तथा वसियतका सर्त लेखिएको शेषपछिको बकसपत्रको लिखतलाई वसियतनामा भनिन्छ *(नेपाली बृहत् शब्दकोश, २०६७)* । |
| **वातावरण** (Environment) | वातावरण भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरू, आर्थिक तथा मानवीय क्रियाकलापहरू र यिनका अवयवहरू तथा ती अवयवहरूको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्धलाई जनाउँछ *(वातावरण संरक्षण ऐन २०५३)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **वादी** (Law suitor, plaintiff, applicant) | दोषारोपण-पत्र वा फिरादपत्र प्रस्तुत गर्ने व्यक्ति, उजुरवाला, नालिस दिने मान्छे, फिरादपत्र, नालिस आदि दिने व्यक्तिलाई वादी भनिन्छ । |
| **विकासको अधिकार** (Right to development) | विकासको अधिकार स्वतः एउटा अपरिहार्य मानव अधिकार हो, जसअनुसार प्रत्येक व्यक्ति र सबै मानिसहरूलाई आर्थिक, समाजिक, सांस्कृतिक र राजनीतिक विकासको उपयोग गर्ने, त्यसमा सहभागी हुने र योगदान गर्ने अधिकार अन्तरनिहिति रहेको हुन्छ, जसका माध्यमबाट सबै मानव अधिकार र मौलिक हकहरूको पूर्णरूपमा उपभोग गरेको कुरा महसुस हुन्छ । |
| **विशेष आर्थिक क्षेत्र** (Special Economic Zone – SEZ) | औद्योगिक क्रियाकलापलाई सघनरूपमा सञ्चालन गर्न र निर्यात प्रवर्द्धन क्षेत्र वा निर्यात प्रशोधन क्षेत्रको रूपमा सञ्चालन गर्न स्थापना गरिएको क्षेत्रलाई विशेष आर्थिक क्षेत्र भनिन्छ । यस्तो क्षेत्र स्थापना गर्नका लागि ठूलो क्षेत्रमा फैलिएको जमिन आवश्यक पर्ने भएकोले विशेष आर्थिक क्षेत्र र कृषि भूमिमा जीवन निर्भर रहेका किसानहरूबीच समय-समयमा भूमि विवादहरू सिर्जना हुने गर्दछन् । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **वैकल्पिक विवाद समाधान** (Alternative dispute resolution) | भूमिलगायत विभिन्न विषयका विवादहरूलाई औपचारिक किसिमको अदालती प्रक्रियाभन्दा बाहिर रहेर मध्यस्थता वा मेलमिलाप विधिका माध्यमबाट विवाद समाधान गर्ने प्रक्रियालाई वैकल्पिक विवाद समाधान भनिन्छ । यस्तो प्रक्रियाबाट विवाद समाधान गर्दा विवादित पक्षहरूले विश्वास गरेका स्वतन्त्र तेस्रो पक्षबाट विवाद समाधानको प्रक्रिया अवलम्बन गरी विवाद समाधान गर्ने गरिन्छ (FAO, 2003)। |
| **व्यावसायिक क्षेत्र** (Industrial area/zone) | व्यावसायिक क्षेत्र भन्नाले पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदाम, सिनेमा घर वा स्वास्थ्य, संचार वा वस्तुको खरिद विक्री हुने स्थान वा कुनै साहित्यिक, वैज्ञानिक वा प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, हाट बजार लाग्ने स्थान वा अन्य कुनै व्यावसायिक प्रयोजनका लागि निर्माण गरिएका घरले चर्चेका जग्गा तथा सो प्रयोजनका लागि छुट्ट्याइएका जग्गासमेतलाई जनाउँछ । यो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार तथा नयाँ सहर निर्माण गर्ने गरी सरकारले घोषणा गरी तोकेको क्षेत्रलाई समेत जनाउँछ *(भू-उपयोग नीति २०७२)*। |

# श

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **शहरी क्षेत्र** (Urban area) | नगरको सीमाभित्र पर्ने क्षेत्र तथा नगर क्षेत्रलाई शहरी क्षेत्र भनिन्छ । |
| **शेषपछिको बकसपत्र** (Deed of posthumous legacy) | बाँचुन्जेल पालनपोषण र मरेपछि काजक्रिया, पिण्डपानी आदि गरी शेष बाँकी रहेको खानू भन्ने सर्तसहित सम्पत्तिको विवरण उल्लेख गरी लेखिदिएको लिखतलाई शेषपछिको बकसपत्र भनिन्छ । शेषपछिको बकसपत्रको लिखत बकसपत्रदाताको मृत्युपछि स्वतः क्रियाशील हुने हुँदा बकसपत्रदाताको अंश हकको सम्पत्ति बकसपत्र पाउनेमा सर्छ । शेषपछिको बकसपत्रको लिखत दाताले चाहेमा आफ्नो जीवनकालभरि जहिलेसुकै पनि बदर गराउन पाउँछ । |
| **श्रमिक** (Labour) | शरीरिक श्रम गरेर जीविकोपार्जन गर्ने व्यक्तिलाई श्रमिक भन्ने गरिन्छ । कानुनतः श्रमिक भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदुरलाई जनाउँछ (नेपालको संविधान, धारा ३४) । |
| **श्रीसम्पत्ति** (Entire property) | कसैको आफ्नो अधिकारभित्र रहेको सिरिखुरी सम्पत्ति, जायजेथा, सर्वस्व, लट्टीपट्टीलगायतको सबै सम्पत्तिलाई श्रीसम्पत्ति भनिन्छ । |

# स

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **सकारनामा** (A bond of acceptance) | कुनै कुरा सकार गरेर लेखिदिएको कागत वा लेखोट, मन्जुरनामा, कबुलियत, प्रतिज्ञापत्र आदिलाई सकारनामा भनिन्छ । |
| **संयुक्त मोही** (Joint tenant) | संयुक्तरूपमा कुत तिर्ने सर्त वा कबुलमा अर्काको जग्गा कमाउने व्यक्ति वा मोहियालाई संयुक्त मोही भनिन्छ । |
| **संयुक्त आवास भवन** (Joint apartment/ complex) | कुनै जग्गामा दुई वा दुईभन्दा बढी आवास इकाइ राखी बनाइएको दुई वा दुईभन्दा बढी तला भएको भवनलाई संयुक्त आवास भवन भनिन्छ । कुनै जग्गामा ब्लक, पोकेट वा अन्य त्यस्तै नामबाट नामकरण गरी निर्माण गरिएको त्यस्तै किसिमका दुई वा दुईभन्दा बढी भवन र सो भवनले चर्चेको जग्गा, कम्पाउण्ड, कम्प्लेक्सलाई पनि संयुक्त आवास भवन भनिन्छ । कानुनीरूपमा संयुक्त आवास भवन भन्नाले कुनै जग्गामा दुई वा दुईभन्दा बढी आवास इकाई राखी बनाइएको दुई वा दुईभन्दा बढी तला भएको भवनलाई जनाउँछ र यो शब्दले सोही जग्गामा ब्लक, पकेट वा अन्य त्यस्तै नामबाट नामकरण गरी निर्माण गरिएको त्यस्तै किसिमका दुई वा दुईभन्दा बढी भवनहरू र सो भवनहरूले चर्चेको जग्गा, कम्पाउण्ड, कम्प्लेक्ससमेतलाई जनाउँछ *(संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन २०५४)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **सगोल** (Common, joint) | भिन्न नभएको, भागबन्डा नभएको, धेरै जनाको हक लाग्ने, गोश्वारा, साझा आदिलाई सगोल भनिन्छ । |
| **संक्रमणकालीन क्षेत्र** (Transitional zone) | कुनै भौगोलिक क्षेत्रमा रहेको एउटा प्राकृतिक क्षेत्र र अर्को प्राकृतिक क्षेत्रबीचको क्षेत्रलाई संक्रमणकालीन क्षेत्र भनिन्छ । जस्तै : भावर क्षेत्र चुरे क्षेत्र र तराई-मधेश क्षेत्रका बीचमा संक्रमणकालीन क्षेत्रको रूपमा रहेको छ । |
| **समतामूलक वितरण** (Equitable Distribution) | समतामूलक वितरण भन्नाले संघका हरेक सरकारहरूबीच आम्दानी, सम्पत्ति र स्रोत-साधनको निष्पक्ष वा न्यायोचित बाँडफाँडलाई बुझाउँछ । यस अवधारणाले स्रोत-साधनको बाँडफाँडको समानतावादी विचारलाई मनन गर्दछ (IIDEA, 2014) । समतामूलक वितरणलाई समन्यायिक वितरण पनि भनिन्छ । |
| **समानताको हक** (Right to equality) | कानुनको दृष्टिमा सबै नागरिक समान हुने, कानुनको समान संरक्षणबाट कसैलाई वञ्चित नगरिने, सामान्य कानुनको प्रयोगमा कुनै पनि आधारमा भेदभाव नगरिने र राज्यले नागरिकहरूबीच कुनै पनि आधारमा भेदभाव नगर्ने कुराको सुनिश्चितता हुनुलाई समानताको हक भनिन्छ । यद्यपि, राज्यले सकारात्मक विभेदसम्बन्धी कानुनी व्यवस्थाका माध्यमबाट नागरिकहरूका बीचमा रहेको असमानतालाई कम गर्नका लागि विभिन्न व्यवस्था गर्न सक्दछ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **सम्पत्ति** (Property) | सम्पत्ति शब्दको अर्थ, मर्म तथा परिभाषा प्रसङ्गअनुसार भिन्न भिन्न हुने भएकोले विभिन्न कानुनहरूमा र व्यावहारिक रूपमा यस शब्दको निम्न किसिमले परिभाषा गरिएको छ :<br>✦ ***नेपालको संविधान :*** सम्पत्ति भन्नाले चल अचललगायत सबै प्रकारको सम्पत्तिलाई जनाउँछ र सो शब्दले बौद्धिक सम्पत्तिसमेतलाई जनाउँछ (धारा २५) ।<br>✦ ***सम्पत्ति कर ऐन २०४७ :*** सम्पत्ति भन्नाले नगदी वा जिन्सीको रूपमा रहेका र स्वामित्व हस्तान्तरण गर्न सकिने सबै किसिमका चल अचल सम्पत्तिलाई जनाउँछ र सो शब्दले करदाताको बैंक एकाउण्ट र लगानीलाई समेत जनाउँछ ।<br>✦ ***सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्) निवारण ऐन २०६४ :*** सम्पत्ति भन्नाले भौतिक, अभौतिक, चल, अचल, मूर्त, अमूर्त सम्पत्ति वा कुनै मूल्य भएको वस्तु वा उपकरणलाई जनाउँछ र सो शब्दले सो उपर हक, हित, दाबी वा अधिकार स्थापित गर्ने कुनै कागजात, निस्सा प्रमाणपुर्जा वा अन्य कुनै उपकरणलाई समेत जनाउँछ । |
| **सम्पत्ति अधिकार** (Property rights) | व्यक्ति, समुदाय वा सरकारको कुनै निश्चित चल वा अचल सम्पत्ति (जस्तै : जग्गा, घर आदि) माथिको अधिकारलाई सम्पत्ति अधिकार भनिन्छ । सम्पत्तिलाई प्रायः निजी, सामुदायिक, सार्वजनिक तथा सरकारी गरी विभिन्नरूपमा विभाजन गर्ने विधिहरू रहेका हुन्छन् । भूमि अधिकार र सम्पत्ति अधिकार एकआपसमा अन्तरसम्बन्धित र अन्योन्याश्रित हुन्छन् (USAID, 2013) । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **सम्पत्ति अधिकारको निर्धारण** (Adjudication of property rights) | व्यक्तिको भूमिमाथिको दाबी र विद्यमान अधिकारका आधारमा अन्तिम आधिकारिकता निर्धारण गर्ने प्रक्रियाका माध्यमबाट आधिकारिकता निर्धारण गरिन्छ । यस्तो प्रक्रिया सम्पत्तिको पहिलो दर्ताका क्रममा वा पहिलो दर्तापश्चात् हुने विवाद तथा शंकास्पद अवस्थामा अवलम्बन गरिन्छ । सम्पत्ति अधिकार निर्धारणको प्रक्रिया भूमिको पुनर्वितरणका क्रममा पनि अवलम्बन गर्न सकिन्छ । सम्पत्ति अधिकारको निर्धारणको क्रममा अहिले विद्यमान अधिकार के छ, त्यस्तो सम्पत्ति कसको नियन्त्रणमा रहेको छ, त्यस्तो सम्पत्तिमा कस्ता प्रतिबन्धहरू लगाइएका छन् वा के कस्ता शर्तहरू रहेका छन् भन्ने कुराहरू पनि प्रकट गरिएको हुनुपर्छ (FAO, 2003) । सम्पत्ति अधिकारको निर्धारण गर्दा महिला अधिकार र सामाजिकरूपमा विचार गर्नुपर्ने अन्य पक्षहरूलाई पनि मध्यनजर गर्दै सामाजिकरूपमा स्वीकार्य किसिमले गर्नुपर्छ (UN-Habitat and GLTN, 2015) । |
| **संयुक्त लालपुर्जा** (Joint land registration certificate) | एकासगोलमा रहेका दम्पतिका नाममा जग्गा दर्ता गरी श्रीमान् र श्रीमती दुवै जनाको संयुक्त नाममा बनाइएको जग्गाधनी प्रमाणपुर्जालाई संयुक्त लालपुर्जा भनिन्छ । संयुक्त लालपुर्जा प्रवर्द्धन गर्ने सरकारको नीति भएकोले यसका लागि सरकारले विशेष छुट तथा सहुलियत दिने व्यवस्था गरेको हुन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **सरकारी जग्गा** (Government land) | सरकारी जग्गा भन्नाले सडक, बाटो, रेल्वे तथा सरकारी घर, भवन वा कार्यालय रहेको जग्गा सम्झनुपर्छ र सो शब्दले नेपाल सरकारको अधीनमा रहेको वन, बुट्यान, जंगल, नदी, खोलानाला, नदी उकास, ताल, पोखरी तथा सोको डिल, नहर, कुलो, ऐलानी, पर्ति वा अन्य जग्गा, भीर, पहरा, डगर, बगर र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सरकारी जग्गा भनी तोकिदिएको जग्गासमेतलाई जनाउँछ *(जग्गा नापजाँच ऐन २०१९ र मालपोत ऐन २०३४)* । |
| **संरक्षित वन** (Protected forest) | संरक्षित वन भन्नाले विशेष वातावरणीय, वैज्ञानिक वा सांस्कृतिक महत्त्वको ठानी नेपाल सरकारले वन ऐनबमोजिम संरक्षित वनको रूपमा घोषित गरेको राष्ट्रिय वनलाई जनाउँछ *(वन ऐन २०४९)* । |
| **संरक्षण क्षेत्र** (Conservation areas) | संरक्षण क्षेत्र भन्नाले प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक स्रोतको सन्तुलित उपयोगका लागि एकीकृत योजनाअनुसार व्यवस्थापन गरिने क्षेत्रलाई जनाउँछ *(राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९)* । |
| **संरक्षित क्षेत्र** (Protected areas) | संरक्षित क्षेत्र भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रलाई जनाउँछ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **सहरी योजना** (Town planning) | जमिनको व्यवस्थित उपयोग गरी सहर स्थापना गर्न तर्जुमा गरिएको योजनालाई सहरी योजना भनिन्छ । सहरी योजना बनाउँदा भूमिलाई त्यसको महत्त्व र उपयोगिताअनुसार विभिन्न खण्डहरूमा विभाजन गरी भूमिको व्यवस्थित किसिमले उपयोग गर्ने गरी योजना बनाइएको हुन्छ । सहरी योजना तर्जुमा गर्दा व्यक्तिको निजी जग्गा माथिको स्वामित्वलाई सकेसम्म कम प्रभाव पारिएको हुनुपर्छ भन्ने अवधारणा रहेको हुन्छ (FAO, 2003) । |
| **सर्वाधिकार** (Bundle of rights) | भूमिमा पहुँच र सोको उपयोगसँग सम्बन्धित सबै अधिकारको उपयोग गर्न पाउनुलाई सर्वाधिकार भनिन्छ, जसअन्तर्गत भूमि बिक्री गर्ने, भूमिलाई कुनै पनि किसिममले बन्धकी दिने, बकसपत्र दिने, जमिनमा खेतिपाती गरी सोको उपयोग गर्ने, रूख बिरूवाको सदुपयोग गर्ने, घर लगायतका भौतिक पूर्वाधार निर्माण गर्ने, भूमिको व्यवस्थापन गर्नेलगायतका अधिकारहरू पर्दछन् । भूमिको सर्वाधिकारमध्ये केही अधिकार आफैँ उपयोग गरी कतिपय अधिकार अरूलाई उपयोग गर्न दिन पनि सकिन्छ । जस्तै : जमिनलाई आफ्नो स्वामित्वमा राखेर सोको उपयोगका लागि कबुलियत गरेर दिन सकिन्छ । जमिनमाथिको यस्तो सर्वाधिकारको उपयोग व्यक्ति, समुदाय वा अन्य कुनै निकायले प्रचलित कानुनबमोजिम गर्न सकिन्छ । यस्तो सर्वाधिकार निरपेक्ष अधिकारको रूपमा भने रहँदैन (USAID, 2013) । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **सर्वेक्षण** (Survey) | पृथ्वीको सतहमाथि, सतह वा सतहमुनिको सबै बिन्दुको आपसको सापेक्षिक स्थान पत्ता लगाउने वा पृथ्वीको जुनसुकै भागको आकृति निश्चित गरी नक्सामा खिच्ने कामका साथै जमिनमा भएको वस्तुको सर्वेक्षण गरी नक्सा खिच्ने कार्यलाई सर्वेक्षण भनिन्छ । |
| **संवैधानिक निकाय** (Constitutional body) | संवैधानिक निकाय भन्नाले संविधानबमोजिम गठन गरिएका अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगलाई जनाउँछ (नेपालको संविधान, धारा ३०६) । |
| **सहकारी संस्था** (Cooperative) | सहकारी संस्था भन्नाले सहकारी ऐन २०४८ अन्तर्गत सम्बन्धित सरकारी निकायमा दर्ता भएको सहकारी संस्थालाई जनाउँछ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **सहभागिताको अधिकार** (Right to participation) | सन् १९९२ मा सम्पन्न पृथ्वी शिखर सम्मेलनमा घोषित एजेण्डा २१ को सिद्धान्त १० मा सहभागिता अधिकारलाई विशेष महत्त्वसहित समावेश गरिएको छ, जसअनुसार सबै सम्बन्धित तहमा सबै सरोकारवाला नागरिकहरूको सहभागितामा वातावरणीय सवालहरूलाई एकदमै कुशलतापूर्वक सम्हालिएको छ भन्ने कुराको सुनिश्चितता हुनुपर्छ । निर्णय गर्ने सबै प्रक्रियाहरूमा सहभागी हुने अवसरहरू, समुदायस्तरमा हुने क्रियाकलापहरू र घातक पदार्थहरूको बारेमा जानकारी प्रवाह गर्ने लगायत सरकारी अधिकारीहरूको नियन्त्रणमा रहेका वातावरणीय स्रोतहरूको बारेमा राष्ट्रिय तहमा सबै नागरिकहरूलाई उपयुक्त किसिमको सूचनामा पहुँच र हक सुनिश्चित गरिएको हुनैपर्छ । सूचना तथा जानकारीहरू वृहत्रूपमा उपलब्ध हुने वातावरणको सिर्जना गर्दै सहभागिता र जनचेतनाका लागि राज्यले सहजीकरण र उत्प्रेरणा प्रदान गर्नुपर्छ । सहभागिताको अधिकारका सन्दर्भमा उपयुक्त किसिमको क्षतिपूर्ति एवं कानुनी उपचारका साथै न्यायिक र प्रशासनिक कार्यविधिहरूमा पनि पहुँच उपलब्ध गराउनुपर्दछ । |
| **साँध** (Boundary) | जग्गा नापीका माध्यमबाट वा कुनै भौतिक वस्तुहरूको माध्यमबाट जग्गाको सिमाना निर्धारणका लागि बनाइएको संरचनालाई साँध भनिन्छ । जग्गाको स्वामित्व निर्धारण, विवाद समाधान, मूल्य निर्धारण आदिका लागि साँधको महत्त्व रहेको हुन्छ । |
| **साना किसान** (Small farmers) | कृषि कार्यबाट निर्वाहमुखी जीविका चलाइरहेका र राज्यद्वारा निर्धारण गरिएको भन्दा कम कृषियोग्य भूमि भएका परिवारलाई साना किसान भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **सामन्त** (Feudal) | प्रमुख शासकको आड लिएर सर्वसाधारण जनतालाई शोषण गर्ने व्यक्तिलाई सामन्त भनिन्छ । |
| **सामन्तवाद** (Feudal system) | सामन्त, जमिनदार, बिर्तावाल आदिलाई खेती, मोही आदिमाथि पूरापूर अधिकार दिइने सिद्धान्त वा शासनपद्धति तथा सामन्तहरूको सत्ता मान्ने शासन व्यवस्था वा सामन्ततन्त्रलाई सामन्तवाद भनिन्छ । यस्तो प्रणाली शोषणमा आधारित हुन्छ । |
| **सामन्ती भूस्वामित्व** (Feudal land ownership) | ऐतिहासिकरूपमा सामन्तवादी शासनपद्धतिअनुसार सबै जग्गा राजा वा शासकको स्वामित्वमा रहेको मानिन्थ्यो । यस्तो जग्गा खेतीपाती गर्न वा कुत उठाउन भाइ भारदारलाई दिने गरिन्थ्यो । भाइ भारदारहरूले अरू जिमिदार र जिम्मावालहरूलाई दिने गर्दथे र उनीहरूले मोही र किसानहरूलाई दिने गर्दथे । यसरी राजारानी वा शासकबाहेक अरू सबैले अर्कैको जग्गा कमाएको मानिन्थ्यो । यस्तो पद्धतिलाई सामन्ती भूस्वामित्व भनिन्थ्यो । समयक्रममा कानुनले तोकेभन्दा बढी जमिन राख्ने, जमिनमा आफै श्रम वा लगानी नगर्ने, श्रमको उचित मूल्य नदिई श्रमिक, मोही वा किसानहरूलाई अनौपचारिक तवरले काम गराउने र शोषण गर्ने पद्धतिलाई पनि सामन्ती भूस्वामित्व भनिन्छ । |
| **सामन्त जमिनदार** (Feudal landlord) | विभिन्न प्रपञ्च गरी कानुनले तोकेभन्दा बढी जमिन राखेका, जमिनमा आफैँ श्रम वा लगानी नगर्ने, श्रमको उचित मूल्य नदिई अनौपचारिक तवरले काम गराउने, नियमितरूपमा पारिश्रमिक नदिने, काम गर्नेलाई कुनै न कुनै रूपमा शारीरिक र मानसिक शोषण गर्ने परिवारलाई सामन्त जमिनदार भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **सामाजिक न्याय** (Social justice) | समाजमा आर्थिक स्रोत, अवसर र सेवा सुविधाहरूको न्यायोचित वितरण हुनुलाई सामाजिक न्याय भनिन्छ । त्यसैले सामाजिक न्यायलाई अर्को अर्थमा वितरणात्मक न्याय पनि भनिन्छ । |
| **सामुदायिक सम्पत्ति** (Common property) | कुनै निश्चित समुदाय वा व्यक्तिहरूले सामूहिकरूपमा उपयोग गर्ने गरी सामूहिक स्वामित्वअन्तर्गत रहेको सम्पत्तिलाई समुदायिक सम्पत्ति भनिन्छ । यस्तो सामूहिक सम्पत्तिमा स्वामित्व नभएका व्यक्ति वा समुदायले सो सम्पत्तिको उपयोग गर्न पाउँदैनन् (FAO, 2003) । |
| **सामूहिक स्वामित्व** (Communal ownership) | परम्परागतरूपमा बसोवास गर्दै आएका आदिवासीहरूले वन, कृषि, सिंचाइ, चरिचरन क्षेत्र र साँस्कृतिक महत्त्व रहेका कुनै भूमिहरूको सामूहिकरूपमा उपयोग गर्ने गरी स्थापित गरेको प्रणालीलाई सामूहिक स्वामित्व भनिन्छ । यस्तो सामूहिक स्वामित्वमा रहेको भूमिलाई निजी भूमिको रूपमा परिणत गर्नबाट सम्बन्धित आदिवासी समुदायले नै रोक लगाएको हुन्छ (FAO, 2003) । |
| **सामुदायिक भूमि अधिकार** (Community land rights) | सामुदायिक भूमि अधिकार भन्नाले यस्तो अवस्थालाई जनाउँछ, जहाँ निश्चित क्षेत्रमा रहेको भूमिको व्यवस्थापन र सञ्चालनका लागि सम्बन्धित समुदायका सदस्यहरूले सामुहिक अधिकार र जवाफदेहिता बहन गर्ने गरी नियमहरूको निर्धारण गरेका हुन्छन् । सामुदायिक भूमिमा सम्बन्धित समुदायका परिवारको के कस्तो र कति अधिकार रहने, सदस्यले आफ्नो परिवारको हैसियतले भूमिमा पाएको अधिकार कसरी हस्तान्तरण गर्ने, भूमि उपयोगको विषयमा आइपर्ने विवाद कसरी समाधान गर्ने आदि विषयमा सम्बन्धित समुदायले सरकारी कानुनी व्यवस्था विपरीत नहुने गरी आफ्नै नियमहरू बनाएका हुन्छन् । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **सामुदायिक वन** (Community Forest) | सामुदायिक वन भन्नाले सामूहिक हितका लागि वनको विकास, संरक्षण र उपयोग गर्न वन ऐनबमोजिम उपभोक्ता समूहलाई सुम्पिएको राष्ट्रिय वनलाई जनाउँछ *(वन ऐन २०४९)* । |
| **सार्वजनिक हित** (Public interest) | सर्वसाधारण जनताको कल्याण र सम्पन्नतासँग सम्बन्धित कार्यबाट हुने हितलाई सार्वजनिक हित भनिन्छ । |
| **सार्वजनिक जग्गा** (Public land) | सार्वजनिक जग्गा भन्नाले कुनै व्यक्तिले मात्र नभई सार्वजनिकरूपमा प्रयोग गर्न पाउने परापूर्वदेखि प्रचलनमा रहेको बाटो, कुवा, पानी पँधेरो, पानीघाट, इनार, पोखरी तथा सोको डील, गाईवस्तु निकाल्ने निकास, गौचर, मसानघाट, चिहान, पाटी, पौवा, देवल, धार्मिक उपासना गर्ने स्थल, स्मारक, मठ, मन्दिर, चोक, डबली, ढल, चौतारो, हाट मेला लाग्ने ठाउँ, सार्वजनिक मनोरञ्जन गर्ने तथा खेलकुद गर्ने ठाउँ र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक जग्गा भनी तोकिदिएको जग्गा समेतलाई जनाउँछ *(जग्गा नापजाँच ऐन २०१९ र मालपोत ऐन २०३४)* । |
| **सार्वजनिक स्थान** (Public place) | सार्वजनिक स्थान भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, प्राचीन स्मारक, पाटी-पौवा, धारा, इनार, कुवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक यातायातका साधन, मसानघाट, उद्यान-बगैंचा, कुनै पनि किसिमको धार्मिक स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका स्थान सम्झनुपर्छ र सो शब्दले सार्वजनिकरूपमा वस्तु वा सेवा बिक्री वितरण गर्ने अन्य कुनै पनि स्थानसमेतलाई जनाउँछ *(जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **सांस्कृतिक भू-भाग/ भू-क्षेत्र** (Cultural Territory) | सांस्कृतिक भू-भाग/भू-क्षेत्र शब्दले कुनै जातीय समूहको गहिरो ऐतिहासिक र सांस्कृतिक सम्बन्ध जोडिएको भू-भाग जनाउँछ र सो भू-भागमा सो जातीय समूहको विशेष अधिकार रहेको हुन्छ । यसले मौलिक संस्कृति बोकेका गैर-भौगोलिक समुदायहरूलाई पनि जनाउँछ (IIDEA, 2014) । |
| **सिंचाइ** (Irrigation) | कृषिजन्य उपयोगका लागि विभिन्न किसिमका संरचनाबाट जग्गा जमिनमा पानी पुऱ्याउने प्रक्रियालाई सिंचाइ भनिन्छ *(सिंचाइ नियमावली २०५६)* । |
| **सिमसार** (Wetlands) | सिमसार भन्नाले एक गतिशील, विविधतायुक्त र उर्वर पारिस्थितिक प्रणाली (ecosystem) को रूपमा भूमिगत जलस्रोत वा वर्षातका कारण पानीको परिमाण रहेको प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (Swamp), छिपछिपे पानी भइरहने जमिन, दलदले जमिन (Marsh), नदी, खोला, नाला र यिनबाट प्रभावित जमिन (Riverine floodplains), नदीको पानी बग्ने छेउको भागबाट सामान्यतया बढीमा २०० मिटरसम्मको जमिन, ताल तलाउ/तलैया (Lakes), हिमताल, पोखरी (Ponds), दह, नहर, कुलो, सबै किसिमका जलाशय, जलचर तथा मत्स्यपालन गरेका स्थान, जलभण्डार क्षेत्र (Water storage areas) र वर्षमा ६० दिनसम्म पानी जम्ने जैविक महत्त्व रहेको जमिनलाई समेत जनाउँछ *(राष्ट्रिय सिमसार नीति २०६९)* । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **सीमान्तकृत** (Marginalized) | सीमान्तकृत भन्नाले राजनीतिक, आर्थिक र सामाजिकरूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानुनबमोजिमको मानव विकासको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदायलाई जनाउँछ र यो शब्दले अति सीमान्तकृत र लोपोन्मुख समुदायसमेतलाई जनाउँछ *(नेपालको संविधान, धारा ३०६)* । |
| **सुकुम्बासी** (Landless) | सुकुम्बासी भन्नाले आफ्नो वा आफ्नो परिवार वा अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल राज्यभित्र कुनै ठाउँमा घर वा जग्गा नभएको र घरजग्गा जोड्न सक्ने साधन स्रोत नभएको, आफ्नो वा आफ्नो परिवारको कुनै व्यापार/व्यवसाय नभएको वा प्राकृतिक प्रकोपबाट घरजग्गाविहीन हुन पुगेको नेपाली नागरिक वा निजप्रति आश्रित परिवारलाई जनाउँछ *(सुकुम्बासी समस्या समाधान आयोग गठन आदेश २०७१)* । |
| **सुक्खा जर्ता** (Concession given at draught and loss of crops) | बालीनाली वा खेतीमा सुक्खा लाग्दा दिइने सहुलियतलाई सुक्खा जर्ता भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **स्वच्छ वातावरणको हक** (Right regarding clean environment) | प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने गरी सुनिश्चित गरिएको हकलाई स्वच्छ वातावरणको हक भनिन्छ, जसअन्तर्गत वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हकसमेत समावेश गरिएको हुन्छ । |
| **स्थानीय तह** (Local level) | स्थानीय तह भन्नाले संविधानबमोजिम स्थापना हुने गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई जनाउँछ *(नेपालको संविधान, धारा ३०६)* । |
| **स्थानीय निकाय** (Local bodies) | स्थानीय निकाय भन्नाले प्रचलित कानुनबमोजिम गठन भएको गाउँ विकास समिति वा नगरपालिका सम्झनुपर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिकासमेतलाई जनाउँछ *(नगर विकास ऐन, २०४५)* । |
| **स्वतन्त्रतापूर्वकको पूर्वसूचित सहमति** (Free prior informed consent) | कुनै पनि भूमि सम्बन्धित व्यक्ति वा समुदायबाट अधिग्रहण गर्नुपूर्व त्यस्तो भूमिको अधिकारवाला तथा स्वामित्ववालासँग सो भूमि अधिग्रहण गर्नुको कारण, त्यसबाट जग्गावाला वा स्थानीय समुदायलाई हुने फाइदा, बेफाइदा, क्षतिपूर्ति आदि विषयमा स्वतन्त्र तथा निष्पक्षरूपमा पहिला नै जानकारी गराई स्वतन्त्र किसिमले सहमति लिने प्रक्रियालाई स्वतन्त्रतापूर्वकको पूर्वसूचित सहमति भनिन्छ । जग्गा अधिग्रहणको प्रक्रियामा यो अवधारणा विश्वव्यापीरूपमा नै प्रचलनमा रहेको छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **स्वामित्व** (Ownership) | हक, अधिकार, जेथा वा कुनै वस्तुको स्वामी वा अधिपति हुनाको भाव वा अवस्था, मालिक्याइँ आदिलाई जनाउन यस शब्दको प्रयोग गरिन्छ । कानुनी अर्थमा स्वामित्व भन्नाले भूमिमाथिको एक किसिमको स्वतन्त्र अधिकार हो । |

# ह

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **हकवाला** (Beneficiary) | दाजुभाइमा कानुनअनुसार अंश खान पाउने सबैभन्दा नजिकको व्यक्तिलाई हकवाला भनिन्छ । |
| **हकदावी** (Claim) | आफ्नो प्रभुत्व भएको सम्पत्तिमा अरूको हस्तक्षेप हुनुहुन्न भनी अदालतमा वा अर्धन्यायिक निकायमा गरिने वकालतलाई हकदावी भनिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
| --- | --- |
| **हदबन्दी**<br>(Land ceiling) | हदबन्दी वैज्ञानिक भूमि सुधारको एउटा आधारभूत मान्यता हो, जसअनुसार राज्यको कानुनले तोकेको हदभन्दा बढी जमिन राख्न पाइँदैन । त्यसैले हदबन्दी भन्नाले कुनै पनि व्यक्ति वा परिवारले राख्न पाउने जमिनको सीमालाई जनाउँछ *(वैज्ञानिक भूमि सुधारसम्बन्धी उच्चस्तरीय आयोग, २०६६ को प्रतिवेदन)* । |
| **हदम्याद**<br>(Deadline) | कुनै पनि विषयमा कानुनी उपचार खोज्नका लागि नालिस उजुर गर्न पाउने अन्तिम म्यादलाई कानुनी भाषामा हदम्याद भनिन्छ । हदम्यादलाई अर्को शब्दमा ऐनको म्याद पनि भनिन्छ । सार्वजनिक सम्पत्ति र सार्वजनिक सरोकारको विषयबाहेक अरू विषयमा कानुनी उपचार खोज्न चाहने पक्षले सोको हदम्यादभित्र नै कानुनी उपचार खोज्नुपर्ने हुन्छ । |
| **हली**<br>(Plougher) | वार्षिक नगद वा जिन्सीमा खेती कमाइ गर्नका लागि जमिन मालिकको जग्गामा हलो जोत्ने पुरुष मानिसलाई हली भन्ने गरिन्छ । |
| **हलिया**<br>(Bonded labourer work as a plougher) | जग्गावालासँग आफ्नो घरायसी कामका लागि ऋण लिई ऋणको ब्याजबापत जग्गावालाको हलो जोत्ने व्यक्तिलाई हलिया भन्ने गरिन्छ । |

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **हरूवाचरूवा** (A kind of bonded Labour) | साहुबाट ऋण लिएवापत सित्तैमा हलो जोत्ने र गाईवस्तु चराउने गोठालोका रूपमा काम गर्दै आएका व्यक्ति र परिवारलाई हरूवाचरूवा भनिन्छ । |

# क्ष

| शब्दावली | शब्दावलीको परिभाषा |
|---|---|
| **क्षतिपूर्ति/मुआब्जा** (Compensation) | जग्गा प्राप्ति तथा जग्गा अधिग्रहणसम्बन्धी कानुनबमोजिम सरकारले जग्गा वा सम्पत्ति प्राप्त गरेबापत सो जग्गा वा सम्पत्तिमा हक पुग्ने व्यक्तिलाई दिइने क्षतिपूर्तिलाई मुआब्जा भनिन्छ । यस्तो क्षतिपूर्ति वा मुआब्जा सो सम्पत्तिको मूल्यांकन गरी नगद वा जग्गाको सट्टा जग्गा सट्टाभर्ना नै हुन सक्दछ *(जग्गा प्राप्ति ऐन २०३४)* । |

# सन्दर्भ सामग्री


- Black, Henry Campbell. 1994. Black's Law Dictionary, 6th ed. St. Paul: West Publishing Co.
- FAO. 2003. Gérard Ciparisse (ed.).Multilingual Thesaurus on Land Tenure, English version, Rome: FAO.
- IIDEA. 2014. English Nepali Glossary of Federalism Terms, Kathmandu: International Institute for Democracy and Electoral Assistance, Support to Participatory Constitution Building in Nepal (SPCBN)/UNDP and the Forum of Federations.
- IIED. 2000. Leonard, Rebeca and Longbottom, Judy (eds.).Land Tenure Lexicon: A Glossary of Terms from English and French-speaking West Africa, London: International Institute for Environment and Development.
- LAG. 1996. Land Administration Guidelines: With Special Reference to Countries in Transition. Geneva: United Nations Economic Commission for Europe.
- Caplan, Lionel. 1970. Land and Social Change in East Nepal, 2nd Edition, Kathmandu: Himal Books.
- Mahesh C. Regmi. 1976. Land Ownership in Nepal, London: University of California Press,
- UN Habitat and GLTN 2015. The Global Land Tool Network – A brief. Nairobi: UN Habitat and Global Land Tool Network (GLTN).
- USAID. 2013. Land Tenure and Property Framework, Pennsylvania: U.S. Agency for International Development
- नेपाली बृहत् शब्दकोश, २०६७, काठमाडौँ: नेपाल प्रज्ञा प्रतिष्ठान ।
- भूमि सुधार तथा व्यवस्था मन्त्रालय, २०७०, भूमि शब्दकोश, काठमाडौँ: भूमि सुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबार ।

Land issues are sensitive, complex, multifaceted and deeply entrenched in the Nepali society and continue to be one of the contentious issues in Nepal. The inequalities regarding access to land was one of the key driving forces of the decade-long armed conflict that started in 1996. After the signing of the Comprehensive Peace Accord in 2006 there have been a number of efforts to address the issues.

The **'Land Terminologies'** has been published to support constructive dialogues on land issues and to help develop a common understanding to iron out the entrenched differences. This book contains the definition of land related terms in Nepali lexicon and laws, along with English equivalent where possible.

This book was prepared incorporating suggestions from the political party representatives, land rights activists, land scholars, representatives of the marginalized communities, and civil society representatives who participated in the series of dialogues. The meaning and the definition of the terminologies in the book do not represent the views of the UNDP.

UNDP 50 YEARS

*Empowered lives. Resilient nations.*

**सामाजिक सद्भाव तथा लोकतान्त्रिक सहभागिता कार्यक्रम, युएनडीपी**
तारा हाउस, सानेपा चोक, ललितपुर
पोष्ट बक्स नं. : १०७, काठमाडौं, नेपाल
फोन नं. : ०१-५५२८०१८, ५५२३२००
इमेल : registry.np@undp.org
वेभसाइट : http://www.np.undp.org